## यो अंकमा

जेठ २०७७



३ लकडाउनपछिको अवस्था र सञ्चारकर्मीको दायित्व
गोविन्द आचार्य



६ नेपाली पत्रकारिता, संकट र सिकाई
विपुल पोखरेल



१८ कोरोनाकालीन पत्रकारिता डरलाग्दो 'डाउन'
रामप्रसाद दाहाल



२५ श्रमजीवी पत्रकारको अधिकारमा कालो बादल
यम विरही



२९ कोरोनाबाट नआत्तिऔं मैले जितेर फर्के
श्याम बन्जारा



३१ अकल्पनीय एउटा अनुभव, जो अरूका लागि पनि काम लाग्नसक्छ
राकेश नेपाली

अन्तर्वार्ता १४



यतिबेला नेपाली सञ्चार क्षेत्र इतिहासकै संकटपूर्ण अवस्थामा छ
रमेश विष्ट



२२ कोरोनासँग जुध्दै नेपाली पत्रकारिता
राजेश मिश्र



२८ जसलाई विपत्तिमा ढोका थुनेर बस्न छुट छैन
कृष्ण गिरी



३५ लकडाउनको तितो अनुभव: सुनिएनन् आवाजहरू
विकास कार्की



३८ मजदुरका नाममा...
विनु सुवेदी

सम्पादकीय : कोरोना काल र पत्रकारिता - २
अनुगमन रिपोर्ट : कोभिड १९ को संक्रमणबाट प्रभावित पत्रकार र सञ्चारमाध्यमको अवस्था - ९
प्रेस स्वतन्त्रता अवस्थाको अनुगमनसम्बन्धी वार्षिक प्रतिवेदन - ३९

सम्पादकीय

# कोरोना काल र पत्रकारिता

कोरोना संकटसँग जुध्दै गर्दा नेपाली पत्रकारिताले कुनै विशेष पूर्वतयारी गर्न पाएन । आकस्मिकरूपमा लकडाउनको सामना गर्नुपर्‍यो । यद्यपि राज्यले समेत पूर्वतयारीको समय पाएन । तर, यो आकस्मिकरूपमा उपस्थित महासंकटका समयमा नेपालको पत्रकारिताले आफूलाई अब्बल देखाउने मौका पायो । विश्व नै कोरोनाका विरूद्ध लड्दै गर्दा नेपाली पत्रकारिता क्षेत्रले त्यो लडाईको एउटा मोर्चा सम्हाल्यो । नागरिकलाई कोरोनासँगको लडाई लड्ने र यो संक्रमणसँग बच्ने तरिकाहरूमा अभ्यस्त बनाउने काम पत्रकारिता क्षेत्रले नै गर्‍यो । त्यतिमा मात्रै सीमित भएन । भ्रष्टाचार, बेथिति र प्रभावकारिताका पक्षमा पनि बलियोसँग आफूलाई प्रस्तुत गर्‍यो । सामाजिक उत्तरदायित्वको सिद्धान्तमा उभिएर नेपाली पत्रकारिताले यो बेला खेलेको भूमिका पत्रकारिता अध्ययनका बिद्यार्थीहरूका लागि भोलिका दिनमा एउटा रोमाञ्चक समयका रूपमा लिनेछन् । यो अध्ययन र अनुभवले पत्रकारितालाई अझ प्रभावकारी, जिम्मेवार र परिपक्व बनाउन उत्प्रेरित गर्ने छ ।

यो पक्ष एकातर्फ छ । तर, अर्कोतर्फ नेपाली पत्रकारिता क्षेत्र र खासगरी यहाँका पत्रकारहरूले यो समयमा ब्यहोरेको अपहेलना र असहजता भने दर्दनाक छ । संकटविरूद्धको लडाईमा महत्वपूर्ण मोर्चा सम्हालेको पत्रकारिता क्षेत्रको भूमिकालाई राज्यले आफ्नो नोटिसमा लिएन । राज्यका कुनै पनि आधिकारिक स्टेटमेण्टमा पत्रकारिता क्षेत्रको योगदानको उल्लेख गरिएन, बरू जिम्मेवारहरूबाट लाञ्छित गर्ने गरियो । पत्रकार महासंघले संकटका समयमा पत्रकार र सञ्चारमाध्यमका लागि राहत प्याकेज ल्याउन गरेको आग्रह समेत बेवास्ता गरियो । नीति तथा कार्यक्रम र बजेट आउने समयमा गरिएको आग्रह दुबै दस्तावेजमा समेटिएन् ।

अर्कोतर्फ सञ्चारसंस्थाहरूले पनि निर्ममतापूर्वक पत्रकारहरूलाई विस्थापित गर्ने वातावरण निर्माण गरेको पाइयो । पत्रकार महासंघले यो संकटका बेलामा कसैलाई निष्कासन नगर्न, जोखिममा काम गर्नेलाई सकेसम्म थप सुविधा उपलब्ध गराउन, स्वास्थ्य सुरक्षाका लागि आवश्यक पर्ने सामग्रीको अभाव हुन नदिन गरिएको आग्रहलाई व्यवहारिकरूपमा कार्यान्वयन गरिएन । बेतलवी विदामा बस्न बाध्य गर्ने, सवारी साधनमा पत्रकारलाई आउजाउमा रोक लगाउने, तलबमा निश्चित प्रतिशत कटौती गरेर दिने, रिपोर्टरलाई स्ट्रिन्जरका रूपमा काम गर्न भन्ने जस्ता प्रवृत्ति यतिबेलामा सञ्चारमाध्यमहरूमा देखिए । यो भनेको पत्रकारहरूलाई निष्काशन गर्नका लागि निर्माण गरेको वातावरण हो भनेर बुझ्न गाह्रो छैन । केही सम्पादकहरूले नै यस्तो अवस्थासँग विद्रोह गर्दै राजीनामा दिए । यसरी राज्य मात्र हैन, सञ्चारसंस्था पनि पत्रकारहरूको योगदानको उचित मूल्यांकन गर्न तयार भएनन् । यो बिडम्बनापूर्ण अवस्था नेपाली पत्रकारहरूले भोग्नुपर्‍यो ।

यसरी संकटसँगको लडाईमा चुनौती व्यहोर्दै पनि पत्रकारिता क्षेत्रले पुर्‍याएको योगदान भने सदा स्मरणीय हुनेछ । यो आकस्मिक लडाईसँगको पौठेजोरीबाट केही सिकाईहरू पनि हासिल भएका छन् । अब बन्ने नीति, रणनीति र अल्पकालीन कार्यक्रममा समेत यो सिकाइलाई प्रतिबिम्बित गर्नसक्ने हो भने पत्रकारिता क्षेत्रलाई थप व्यवस्थित र पत्रकारहरूलाई थप सुरक्षित बनाउन सकिने छ । यो महत्वपूर्ण सिकाइले धेरै विकल्पहरूका बारेमा छलफल गर्दै ती विकल्पहरूलाई अवसरका रूपमा सूचीकृत गर्नसक्ने अवस्थामा हामीलाई उभ्याएको छ ।

पत्रकार महासंघ यी सिकाईहरूका आधारमा अबको पत्रकारितालाई संकटबाट तङ्ग्राउँदै अगाडि बढाउने रणनीति निर्माणलाई प्राथमिकतामा राखेर अगाडि बढ्न संकल्पित छ । यस्तै विशेष समयमा हो राज्यलाई अभिभावकका रूपमा महसुस गर्ने चाहना प्रकट हुने । राज्य पत्रकारिता क्षेत्रलाई व्यवसायिक र प्रतिष्पर्धी बनाउने भूमिकामा कत्तिको प्रखररूपमा सहकार्य गर्न तयार हुन्छ, त्यो भने हेर्न बाँकी छ ।

**नेपाल पत्रकार महासंघद्वारा प्रकाशित त्रैमासिक "पत्रकारिता"**
**सम्पादक : विपुल पोखेल**
**संयोजक : प्रकाश थापा, भाषा : उदय जीएम**
**सम्पादन मण्डल : छेटु शेर्पा, लक्ष्मण कार्की, पवन आचार्य, राजेश चाम्लिङ, कलेन्द्र सेजुवाल, बसन्त गिरी**
कार्यालय : सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन नं.: ०१-४११२७६३, ४११२६७३, फ्याक्स : ०१-४११२७८५
इमेल : fnjnepalcentral@gmail.com, website: fnjnepal.org
आवरण तस्बीर : विकास कार्की/पीजे क्लब
लेआउट : आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, काठमाडौं
प्रिन्टिङ : उपलब्धि प्रकाशन सेवा प्रा. लि., गैरीधारा, काठमाडौं

# लकडाउनपछिको अवस्था र सञ्चारकर्मीको दायित्व



**गोविन्द आचार्य**
gnepali@gmail.com



**पत्रकारहरू आफ्नो समस्याभन्दा समग्र देश र जनताका समस्यालाई प्राथमिकता दिँदै खटिरहेका छन् । तर भोको पेटबाट सधैं यो खटाई सम्भव नहुन सक्छ । अतः सम्बन्धित मिडिया सञ्चालक, सरोकारवाला निकाय र सरकारले समयमै आगामी दिनमा सञ्चार क्षेत्रमा आउन सक्ने चुनौती र समस्याबारे आँकलन गरी त्यसलाई समाधान गर्ने कार्ययोजना तय गरेर अघि बढ्नु नै अहिलेको प्रमुख आवश्यकता हो ।**

यतिबेला विश्वब्यापी महामारीका रूपमा फैलिएको कोरोना (कोभिड- १९) सक्रमणका कारण सिंगो विश्व आक्रान्त छ र यसबाट नेपाल पनि प्रभावित बनेको छ । कोरोना सक्रमण फैलन नदिन नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लागू गरेको बन्दाबन्दी (लकडाउन) ८० दिनपछि २०७७ जेठ २९ देखि केही खुकुलो बनाएको छ । लकडाउन आंशिकरूपमा हटे पनि सार्वजनिक जीवन सहज बनिरहेको छैन र सक्रमणको खतरा पहिलेभन्दा बढेको अवस्था छ । यस स्थितिमा सञ्चार क्षेत्रका सामु केही नयाँ चुनौती र दायित्व थपिएको छ ।

लकडाउनको अवधिमा अग्रपंक्तिमा रहेर सत्यतथ्य सूचना र समाचार सामग्री प्रवाह गरिरहेका सञ्चारकर्मीहरूका सामु अहिलेको अवस्थामा पनि अग्रमोर्चामै रहेर जिम्मेवारी बहन गर्नुपर्ने दायित्व यथावतै छ । लकडाउन केही खुकुलो भएको अवस्थामा मान्छेको आवतजावत बढ्ने, २५ जनासम्म सहभागी भएर विभिन्न गतिविधि हुनसक्ने तथा सार्वजनिक कार्यालय खुल्ला रहने तथा निजी सवारी चलाउन पाउने अवस्थामा ती सबै स्थानमा सञ्चारकर्मीहरूको सहज पहुँच हुनु स्वभाविकै हो । तर ती सबै स्थानमा समाचार संकलनमा जाँदा सञ्चारकर्मीहरूले आफू पूर्णरूपमा सुरक्षित रहनु जरूरी हुन्छ । जोखिमपूर्ण स्थलमा रहेर काम गरिरहँदा सञ्चारकर्मीले सधै आफ्नो स्वास्थ्य सुरक्षालाई सबैभन्दा पहिलो प्राथमिकता दिनु पर्दछ । त्यसपछि आफू सुरक्षित बनेर समाज र हरेक व्यक्तिलाई कसरी सुरक्षित हुने भन्ने सन्देश र सूचना प्रवाह गर्ने दायित्व आमसञ्चारकर्मीको काँधमा छ ।

अहिले हामी सञ्चारकर्मीसहित सिंगो राष्ट्रको पहिलो प्राथमिकताको विषय भनेको कोरोना संक्रमण फैलन नदिनु नै हो । कोरोना संक्रमण जस्ता



महामारीको अवस्थामा सञ्चारकर्मीको मुख्य काम भनेको कोरोना सक्रमण नियन्त्रणका लागि सही सूचना मात्रै प्रवाह गर्ने, जनचेतना जगाउने र अफवाह फैलन नदिने हो । सञ्चारमाध्यमवाट कुनै पनि अफवाहपूर्ण प्रचार वा गलत सूचना प्रवाह भएमा त्यसको प्रभाव कोरोना संक्रमणभन्दा अझ बढी पर्न सक्दछ । कहिलेकाहीँ सञ्चारकर्मीलाई प्राप्त पुष्टि हुन बाँकी समाचार वा सञ्चारकर्मीको नियत सफा हुँदाहुँदै पनि बुझाईमा कमजोरीका कारण अतिरञ्जनापूर्ण प्रचार हुन पुग्दछ । यस्तो अवस्थामा तत्कालै गल्ती सुधार गर्नु, अफवाहपूर्ण प्रचार भएको रहेछ भने त्यसवारे जनतालाई सूचित गराउनु र जनताका जायज आवाजहरू सार्वजनिक गर्नु सञ्चारकर्मी र सञ्चारमाध्यमको दायित्व हो ।

नेपालमा कोरोना संक्रमण देखिएलगत्तै २०७६ चैत्र ८ गते नेपाल पत्रकार महासंघको उपलब्ध केन्द्रीय समिति बैठकले कोरोना सक्रमणसम्वन्धी समाचार सम्प्रेषण गर्दा पत्रकारले ध्यान दिनुपर्ने प्रमुख विषयमा महासंघ सदस्यहरूका लागि विशेष निर्देशन जारी गरेको थियो । ती विषयलाई अहिलेको अवस्थामा पनि महासंघका सबै सदस्यले स्वपालना गर्न अति आवश्यक छ । लकडाउनको अवधिमा केही सञ्चारमाध्यममाथि कुनै समुदाय, धर्म, भाषा वा वर्गका मान्छेहरूमाथि लाञ्छना लगाउनेगरी समाचार प्रवाह गरेको गुनासो आयो । यस्ता विषयमा सञ्चारकर्मीहरू आगामी दिनमा थप सजग हुनु पर्दछ र कसैमाथि आक्षेप र लाञ्छना लगाउने गरी समाचार सामग्री प्रवाह गर्नु हुँदैन । कोरोना संक्रमण देखिएको व्यक्तिलाई आधार बनाएर फलानो ठाउँ, जाति, परिवार तथा पेशाको मान्छेले कोरोना सारेको भनी आरोप लगाउनु गलत हुन्छ । हामीले कसैमाथि आरोप वा लाञ्छना लगाउँदा ती व्यक्ति वा तिनका परिवारलाई थप मानसिक पीडामा पारिरहेका हुन्छौ, साथै हामीले जिम्मेवार र मर्यादित पत्रकारितालाई पनि भुलिरहेका हुन्छौ भन्ने ख्याल गर्नै पर्दछ ।

जहिले पनि सञ्चारकर्मीको पहिलो धर्म भनेको सत्यतथ्यपूर्ण समाचार सामग्री मात्र प्रवाह गर्नु हो । कोरोना संक्रमणको जटिल अवस्थाले सिर्जना गरेको यो संकटमा त झन् सञ्चारकर्मीले एकपटक मात्र होइन पटकपटक जाँच पडताल र पुष्टि गरेर मात्रै समाचार प्रवाह गर्नु पर्दछ । त्यस्तै सक्रमण फैलन नदिन अपनाउनुपर्ने सावधानीका उपायहरूवारे सविस्तार सामग्री प्रवाह गर्नुपर्दछ । अर्को कुरा, यसबेला हामीले प्रवाह गर्ने कोरोनासम्वन्धी समाचार सामग्री सहज अवस्थामा जस्तै आम मानिसले सहजै बुझ्ने गरी सरल र सहज भाषामा प्रवाह गर्न आवश्यक छ । यसैगरी सञ्चारकर्मीले सामाजिक सञ्जालवाट प्रवाह गर्ने सामग्री पनि आधिकारिक स्रोत र विषयविज्ञहरूबाट पुष्टि भएका सामग्री आउनु पर्दछ ।

समाजमा कोही कसैवाट कुनै पनि खालका अफवाह वा गलत सूचना फैलिएको छ र त्यसवाट जनमानसमा त्रास र आतंक सिर्जना भएको छ भने त्यसलाई छिटोभन्दा छिटो कसैले रोक्नसक्छ भने त्यो सञ्चारमाध्यम हुनसक्छ । अतः गलत र अफवाहपूर्ण प्रचारलाई चिर्न सञ्चारकर्मीले पहल गर्नुपर्छ । भय, त्रास र आतंकले होइन तथ्यले मात्र संक्रमण रोक्न सहयोग पुग्छ । त्यसैले कोरोना संक्रमणका बारेमा सत्यतथ्य समाचार मात्र प्रकाशन, प्रसारण गर्ने र गलत सामग्रीको अफवाहलाई खण्डन गर्नेगरी सूचना सम्प्रेषण गर्ने दायित्व पनि हामी सञ्चारकर्मीकै काँधमा छ । यसरी सत्यतथ्य सामग्री मात्र प्रवाह भयो भने हामीप्रतिको जनविश्वास बढ्नुका साथै अन्य व्यक्तिहरूवाट भइरहेका गलत र अफवाहपूर्ण प्रचारको स्वतः खण्डन हुनेछ ।

संक्रमणको यो अवस्थामा सञ्चारमाध्यमहरू भनेका जनताका लागि शिक्षालय जस्तै बन्नु पर्दछ । समाजलाई शिक्षा, चेतना र सही सूचना दिने माध्यम बनेका सञ्चार माध्यमवाट सन्देशमूलक सामग्री प्रवाह गर्न राज्यका सम्वन्धित निकायको समेत सहकार्य जरूरी छ । सञ्चारमाध्यमहरूमा कोरोना भाइरसबारे प्रशस्त चर्चा गर्ने, यसवाट बच्ने उपायहरूवारे छलफल र बहसहरू चलाउने



फोटोः मनिष सेन

तथा संक्रमण फैलिएमा अपनाउनु पर्ने सावधानीबारे चेतनामूलक सामग्री प्रवाह भइरहनु पर्दछ । वैज्ञानिक तथ्य र तथ्याङ्कबिना हल्लाका आधारमा कोरोनाबारे प्रवाह हुने सामग्रीका पछि सञ्चारमाध्यम दौडनु हुँदैन । कोरोना नसर्ने औषधि भन्दै केही व्यक्ति वा संस्थाबाट प्रवाह भइरहेका गलत सूचनाले जनतामा भ्रम सिर्जना गर्नेतर्फ सञ्चार क्षेत्रले यथार्थ बताइदिनु पर्दछ । साथै कोरोना सक्रमणबारे आमजनता र अग्रमोर्चामा खटिएकाको मनोवल तथा संक्रमितको आत्मविश्वास बढाउने खालका सकारात्मक समाचारहरू प्रवाह जरूरी हुन्छ ।

कोरोना संक्रमण र लकडाउनका कारण नेपालको बहुक्षेत्रमा प्रत्यक्षरूपमा गम्भीर असर परिरहेको छ । यसबाट सञ्चार क्षेत्र पनि नराम्रोसँग थला परेको छ । कोरोना संक्रमण र लकडाउनको असरवाट गुज्रिरहेका सञ्चारमाध्यम र पत्रकारहरूले व्यहोर्नुपरेका क्षति र समस्याहरूबारे बिस्तृत अध्ययन नै गरिनु पर्दछ । लकडाउनको अबधिमा पत्रकारको पेशागत र भौतिक सुरक्षा, स्वतन्त्रतापूर्वक समाचार सामग्री संकलन तथा प्रवाह गर्ने वातावरण, सूचनामा सहज पहुँचको अवस्था रहेन । पत्रकारले पाइलैपिच्छे अनेकौं चुनौती र कठिनाईहरू व्यहोर्नु पर्‍यो । अझ सञ्चारगृहबाट पनि पत्रकारहरू नै पीडित बन्नु पर्‍यो । यसबीच धेरैजसो पत्रकारले तलव नपाएको गुनासो गरेका छन् । यसैगरी केही पत्रकारले जागिरबाट निकालिने अवस्था आएको वताएका छन् भने केही पत्रकारले हातमुख जोर्न समस्या भएको वताएका छन् । यस्तो जटिल अवस्थामा सञ्चारकर्मीका समस्या सम्वोधन गर्नेगरी सम्बन्धित मिडियाहाउस, सरकार र सरोकारवाला निकायबाट ठोस पहल हुनसकेको छैन । अतः पत्रकार महासंघका केन्द्र, प्रदेश र शाखाहरूले पत्रकारका यी समस्या समाधानका लागि पहल र दवाव बढाउनु आवश्यक छ ।

यसैगरी यस अवधिमा सबै प्रकारका सञ्चारमाध्यमको विज्ञापनमा ९० प्रतिशतसम्म कटौती हुनु, पत्रपत्रिकाको बिक्रीवितरणमा कठिनाई आउनु र सरकारबाट सञ्चार क्षेत्रका लागि कुनै राहत प्याकेज नआउनुले सञ्चार उद्योग नै धराशायी बन्नसक्ने अवस्था सिर्जना भएको छ । महासंघको पहलपछि फिल्डमा खटिने केही सञ्चारकर्मीहरूको स्वास्थ्य परीक्षण भए पनि पत्रकारले प्रयोग गर्ने सञ्चारसाधनमा सहुलियत, लकडाउनले असर गरेका पत्रकारहरूका लागि आबश्यक सामग्रीको उपलब्धता, अप्ठ्यारामा परेका पत्रकाहरूलाई आर्थिक राहत तथा सञ्चारमाध्यमहरूलाई सहुलियतलगायतका बिषयहरू समेटेर प्याकेजमै सञ्चार क्षेत्रको आत्मबल बढाउने योजना अघि सार्न पत्रकार महासंघले यसअघि नै सरकारलाई ध्यानाकर्षण पत्र बुझाएको छ । यसमा सञ्चार क्षेत्रका समस्या सम्बोधन गरी राज्यले अभिभावकीय भूमिका निर्वाह गरेको अनुभूति दिलाउन सक्नु पर्दछ । यसैगरी सरकारले कोरोना सक्रमण बढन् नदिन सबै सञ्चारमाध्यमबाट जनचेतनामूलक सन्देश र सूचना प्रवाहका लागि सहकार्य गर्नु जरूरी देखिएको छ ।

कोरोना संक्रमण र लकडाउनका कारण नेपाली सञ्चार क्षेत्र पनि ठूलो संकट र समस्याको भुमरीमा छ । सरकारले यस क्षेत्रका समस्या समाधानका लागि समयमै ध्यान नदिने हो भने राजधानी र सदरमुकाममा डेरामा बसेका धेरै पत्रकारहरू विस्थापित हुने र जनताको आवाज बनिरहेका धेरैजसो स्थानीय सञ्चारमाध्यम बन्द हुने अवस्थामा छन् । अहिले त पत्रकारहरू आफ्नो समस्याभन्दा समग्र देश र जनताका समस्यालाई प्राथमिकता दिँदै खटिरहेका छन् । तर भोको पेटबाट सधैं यो खटाई सम्भव नहुन सक्छ । अतः सम्बन्धित मिडिया सञ्चालक, सरोकारवाला निकाय र सरकारले समयमै आगामी दिनमा सञ्चार क्षेत्रमा आउन सक्ने चुनौती र समस्याबारे आँकलन गरी त्यसलाई समाधान गर्ने कार्ययोजना तय गरेर अघि बढ्नु नै अहिलेको प्रमुख आवश्यकता हो ।

*(लेखक नेपाल पत्रकार महासंघका अध्यक्ष हुनुहुन्छ । )*

# नेपाली पत्रकारिता, संकट र सिकाई



**विपुल पोखेल**
bipul805@gmail.com



**संकटको निर्मुलीकरणको अवस्थासम्म अझै धेरै सिकाईहरू हाम्रामाझ आउने छन् । ती सिकाईहरूलाई आगामी दिनका लागि रणनीति बनाउँदा आधार मान्न सक्यौं भने भोलिका दिनमा पत्रकारिता अझै बलियो हुनसक्ने सम्भावनालाई नकार्न सकिदैन ।**

कोभिड १९ को महामारीले सिंगो विश्व नै प्रभावित भएको समयमा पत्रकारिता क्षेत्र पनि अछुतो रहने कुरै भएन । नेपाली पत्रकारितासँगै विश्व पत्रकारिताका लागि पनि यो महामारी एउटा चुनौती भएर उभिएको छ भने यसले केही सिकाईहरू छाडेर अनि केही प्रवृत्तिहरूलाई तलमाथि पारेर मात्र हामीहरूबाट बिदा हुनेछ । यो चुनौतीको बेलैमा सामना गर्न नसक्ने र उपयुक्त रणनीतिका साथ चुनौतीलाई सम्बोधन गर्ने सामर्थ्य नराख्नेहरू पत्रकारिताको परिधिभन्दा बाहिर ढल्किने छन् र नयाँ पुस्ता अनि नयाँ व्यवस्थापनले यो महासंकटको ओरोलो लाग्ने क्रमसँगै पत्रकारिता क्षेत्रमा आफ्नो 'स्पेस' बनाउन आरम्भ गर्नेछन् ।

दुईवटा विश्वयुद्धपछिको सिकाई, तेस्रो मुलुकहरूका पत्रकारिताका विज्ञहरू र क्रियाशील पत्रकारहरूको सम्मेलन अनि त्यो सम्मेलनको निष्कर्ष, संयुक्त राष्ट्रसंघ स्थापनापछिको पत्रकारिता जस्ता विश्व परिघटनाहरूसँगै पत्रकारिताका आयाम र प्रवृत्तिहरूमा फेरबदल भए । तेस्रो मुलकका समाचारहरू पनि शक्तिशाली मुलुकका सञ्चारमाध्यमका लागि सामग्री बन्न थाले । राष्ट्रिय, स्थानीय, क्षेत्रीय, महाद्वीपस्तरीय अन्य कतिपय चुनौती र घटनाक्रमले त्यस पेरिफेरीको पत्रकारिताका आयाम र प्रवृत्तिहरूमा पनि फेरबदल भएका प्रशस्त उदाहरणहरू पाउँछौ । नेपालकै सन्दर्भको कुरा गर्दा २०१७ अघिको पत्रकारिता, पञ्चायतकालीन पत्रकारिता, बहुदलीय शासनकालको पत्रकारिता, निरंकुशकालको पत्रकारिता र गणतन्त्रकालीन पत्रकारिताका पनि कतिपय प्रवृत्तिहरू त फेरिएका छन् नै यसको अभ्यासमा सहज असहज सबै कुराहरू नेपाली पत्रकारिताले भोगेको छ । यी भोगाईहरू नेपाली पत्रकारिताका पूँजीहरू हुन् ।

त्यस्तै विश्वव्यापीरूपमा देखिएको यो संकटसँगै विश्व पत्रकारिताले पनि यो संकटबाट पार पाउँदै गर्दा केही सिकाईहरू ग्रहण गर्ने नै छ । माथि उल्लेख गरिएका पुराना सन्दर्भका आधारमा हामीले यो कुरामा पूर्ण बिश्वास राख्न सक्दछौं । त्यस्तै, पुराना सन्दर्भको अध्ययन र आज संकटका बीचमा हामीले निरन्तरता दिइराखेको पत्रकारिताको अभ्यास दुबैका आधारमा हामीले निर्धक्कका साथ

भन्न सकिने कुरा के हो भने, जस्तोसुकै संकट आउँदा पनि केही पत्रकार बिस्थापन होलान् । केही संस्था डुब्लान् तर पत्रकारिता मर्दो रहेनछ । यो समाजको एउटा अभिन्न अंगका रूपमा जोडिएर निरन्तर अगाडि बढ्दो रहेछ ।

हो, यही विश्वासको जगमा उभिएर नै संकटका समयमा पत्रकारिताका समस्या तथा चुनौतीहरूको पहिचान गरेर अगाडि बढ्ने संकल्प गर्न सकिन्छ । आज हामीले भोगिरहेका समस्याहरूलाई केही बुँदाहरूमा हेरौं,

१) पत्रकारहरूले वैकल्पिक पेशा खोज्न बाध्य भएको देखिन्छ ।

२) सञ्चारकर्मीहरूले खाइपाई आएको तलब सुबिधामा भारी कटौती गरिँदैछ । काम छाड्न बाध्य पार्ने उद्देश्यका साथ कटौती गरिएको भन्न सकिने अबस्था देखिँदै छ ।यस्तो समस्यामा रहेका पत्रकारहरूले मौखिकरूपमा पत्रकार महासंघमा उजुरी गरिरहेको जानकारी पत्रकार महासंघले दिएको छ ।

३) सचारमाध्यमहरू आर्थिकरूपमा समस्यामा जाँदैछन् । उनीहरू बलियो हुनैपर्छ र कामदारहरूको रोजीरोटीलाई ती संस्थाले प्राथमिकतामा राख्नुपर्दछ ।

४) सूचना प्रवाहमा र संकलनमा समस्या देखिएको छ । नागरिकका लागि राज्यप्रदत्त सेवासुविधा विभेदपूर्ण, लापरवाहीपूर्ण र निस्प्रभावी छन् । यो कुराको खबरदारी गर्ने पत्रकारिता क्षेत्र आवश्यक सुरक्षा सामग्री र राज्यबाट उत्प्रेरित हुन नसक्दा कमजोर बन्दै जाने खतरा देखिएको छ ।

५) पत्रकारिता क्षेत्रबाट आग्रह गरिएको र अपेक्षा गरिएको विशेष परिस्थितिमा विशेष सम्बोधन पाउन सकेको छैन । फ्रन्टलाइनरको सूचीमा पत्रकारिता क्षेत्रलाई राज्यले राखेको छैन । उल्टो जिम्मेवार तहबाट लाञ्छित गरिरहेको पाइएको छ ।

उल्लिखित सन्दर्भहरूले नेपालको पत्रकारिता क्षेत्रको अवस्था चिन्ताजनक बन्दै गएको देखाउँछन् । लगानीकर्ताहरूको दावीअनुसार यो क्षेत्रमा ५ बर्ष अगाडि नै १५ अर्ब लगानी भइसकेको छ भने यो क्षेत्रले ५० हजारको आसपासको संख्यामा प्रत्यक्ष परोक्ष रोजगारीको अबसर उपलब्ध गराउन सकेको छ । ५ बर्षयता अनलाइन मिडियामा थुप्रो लगानी भएको छ । रेडियो, टेलिभिजनहरू पनि थपिएका छन् । यो आधारमा लगानी १६ अर्बको हाराहारीमा पुगेको र रोजगारीको अवसरमा पनि बृद्धि भएको अनुमान लगाउन सकिन्छ । त्यसकारण देशको अर्थतन्त्रको एउटा महत्वपूण स्टेक होल्डर मिडिया क्षेत्र पनि हो भन्न सकिन्छ । लगानी परिचालन गरेर र राष्ट्रिय उत्पादनलाईप्रोत्साहित गरेर तथा अर्थसम्बन्धी बहसहरूका माध्यमबाट मिडियाले राष्ट्रिय अर्थतन्त्रमा योगदान दिइरहेका हुन्छ। तसर्थ यो क्षेत्रलाई जोगाउने दायित्व राज्यको पनि हुन्छ ।

पछिल्ला समयमा राज्य मिडियाप्रति अनुदार छ । अभिभावक बन्न सकेको छैन राज्य यो क्षेत्रको । देशको अर्थतन्त्रको एउटा हिस्साका रूपमा स्थापित मिडिया क्षेत्रलेराज्यको कृपा वा बक्सिस खोजेको हैन । अर्थतन्त्रमा योगदान दिने क्षेत्र र लोकतन्त्रलाई जीवन्त बनाउने क्षेत्रलाई बचाउन नीतिगत सम्बोधनको अपेक्षामा मिडिया क्षेत्र रहेको छ । जुन स्वाभाविक नै हो ।

पत्रकारिता क्षेत्रसँग अब नागरिक अपेक्षा बढ्छ । संकटले राज्य कमजोर बन्छ, नागरिकका अपेक्षा उस्तै हुन्छन् । अनि राज्यसँगको गुनासो बढ्छ र मिडिया त्यो गुनासो पोख्ने फोरम हुन्छ ।यस्तो बेला राज्यले आफ्नो आलोचना गर्ने फोरमका रूपमा मात्र मिडियालाई बुझ्रेर थप दमन र असहयोग गर्ने खतरा पनि रहन्छ । यसले लोकतन्त्र नै कमजोर बन्ने छ । यतिबेला पत्रकारको सुरक्षाको सवालमात्रै हैन, सञ्चारमाध्यमको निरन्तरताको सवालमा पनि ठूलो समस्या देखिँदैछ । राज्य निजी मिडिया मरून् र आफ्नो गुणगान गाउने मिडिया मात्र रहुन् भन्ने चाहनामा हुन्छ । यस्तो अवस्थाराज्यका लागि त्यही चाहना पूरा गर्ने एउटा अवसर बन्ने खतरा छ । तसर्थ सबै गम्भीर हुन आवश्यक छ ।

यतिहुँदा हुँदै पनि हामीले गर्व गर्ने कुराहरू पनि छन् । त्यो के भने यतिबेला पनि पत्रकारिता चलिरहेकोछ र हरेक क्षेत्रको सूचना प्रवाह गर्न पत्रकारिता क्षेत्र सक्षम छ भन्ने सन्देश नेपाली पत्रकारिता क्षेत्रले दिएको छ । पत्रकारिता क्षेत्रप्रतिको नागरिक गुनासो कम हुँदै गएको प्रेस काउन्सिलको तथ्यांकले देखाउँछ । अनलाइन मिडियाप्रतिको गुनासो पनि मेटिँदैछ । यो नेपाली पत्रकारिताको विशेष अवस्थाको जिम्मेवारीबोधसहितको प्रस्तुतिका कारण सम्भव भएको हो ।

यो संकटका बेलामा नागरिकको आत्मबल कमजोर हुन नदिन र उनीहरूलाई कोरोना संक्रमणबाट जोगिने उपायहरू सुझाउन नेपाली पत्रकारिताले उल्लेख्य भूमिका खेलेको छ । आजकल सञ्चारमाध्यमका ८० प्रतिशत मुख्य समाचार कोभिड– १९ सँग सम्बन्धित रहेको र तीमध्य झण्डै ९० प्रतिशत यो भाइरसका प्रबृत्तिहरू बुझाउने र त्यस आधारमा सचेत हुन मद्दत पुग्ने खालका पाइएको एउटा तथ्याङ्कले देखाएको छ । (दाङ जिल्लाका मिडियाहरूको २० दिनको सामग्रीहरूको अध्ययन र विश्लेषणका आधारमा यसो भनिएको हो ।) यस्तो बेलामा कोराना बिरूद्धको राज्यको लडाईको एउटा महत्वपूर्ण मोर्चा पत्रकारिताले सम्हाली दिएको कुरामा दुईमत छैन । यस्तो समयमा राज्यले 'इमोशनल्ली' र 'प्राक्टिकल्ली'मिडिया क्षेत्रलाई सम्बोधन गर्नुपर्ने होतर गरेन । मिडियाकर्मीलाई फ्रन्टलाइनर भनिएन । भनिएको भए इमोशनल्ली सम्बोधन हुन्थ्यो । संकटको समयमा सम्बोधन गर्ने कार्यक्रम ल्याइएन । सुरक्षाको कुनै प्रबन्ध गरिएन । स्वास्थ्य परीक्षणको दायरामा पनि उल्लेख्य ढंगले ल्याइएन । पत्रकार महासंघ लगायतका संस्थाले भनेबमोजिम प्याकेजका कार्यक्रम ल्याइएन । यति गरेको भए प्राक्टिकल्ली सम्बोधन हुन्थ्यो । यहाँ राज्यको भूमिका नदेखिँदा पत्रकारिता क्षेत्रलाई अर्को एउटा मर्का पर्न गएको

छ । संकटमा राज्य हाम्रो अभिभावक बन्न सकेन भन्ने गुनासो यो क्षेत्रले गर्न परिरहेको छ ।

संकटले हामीलाई केही सिकाईहरू दिएर जाने निश्चित छ । केही सिकाईहरू हामीले सूचीकृत गर्नसक्ने गरी परिपक्व भइसकेका पनि छन् ।

१) नीति बनाउने बेलामा ठूला लगानी तथा साना लगानीका मिडियाका लागि अलग अलग व्यबस्था आबश्यक रहेछ ।

२) लगानी जतिसुकै भएतापनि मिडिया व्यवस्थापन कमजोर रहेछ, यसलाई उकास्न रणनीति चाहिँदो रहेछ ।

३) सफ्ट लोनजस्ता कल्याणकारी योजनाहरूको खोजी र लागु आवश्यक रहेछ ।

४) पत्रकारहरूका लागि रोजगार बैंकको प्रबन्धगर्न आबश्यक रहेछ । कामबाट बाहिरिए पनि उनीहरूले काम गर्ने ठाउँको सुनिश्चितता आबश्यक रहेछ ।

५) साना लगानीका मिडिया प्रबर्द्धनका लागि स्थानीय सरकारको भूमिकालाई अझ स्पष्टसँग परिभाषित गर्नुपर्ने रहेछ ।

उल्लिखित सिकाईहरू यो संकटले हामीलाई दिएको छ । यसको निर्मुलीकरणको अवस्थासम्म अझै धेरै सिकाईहरू हाम्रामाझ आउने छन् । ती सिकाईहरूलाई आगामी दिनका लागि रणनीति बनाउँदा आधार मान्न सक्यौं भने भोलिका दिनमा पत्रकारिता अझै बलियो हुनसक्ने सम्भावनालाई नकार्न सकिदैन ।

*(लेखक नेपाल पत्रकार महासंघका उपाध्यक्ष हुनुहुन्छ ।)*

## गतिविधि

# १ सय ९१ जना पत्रकारको पिसिआर विधिबाट कोरोना परीक्षण



काठमाडौं । नेपाल पत्रकार महासंघ, केन्द्रीय समितिको आयोजना तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा अग्रमोर्चामा खटिएर काम गरिरहेका १ सय ९१ जना सञ्चारकर्मीको कोरोना भाइरस (कोभिड- १९) परीक्षण गरिएको छ । परीक्षण गरिएका सबै सञ्चारकर्मीको रिपोर्ट नेगेटिभ आएको छ ।

सो क्रममा स्वाब संकलनका लागि खटिनुभएका स्वास्थ्यकर्मीहरुलाई नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टले हालको अवस्थामा जोखिम मोलेर सेवा दिनुभएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा सेवा दिने कर्मचारीप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । उहाँले स्वास्थ्य परीक्षण गरिएका सबै पत्रकारहरु कोरोना संक्रमणको जोखिम मोलेर सूचना संकलनमा अग्रस्थानमा खटिएका पत्रकार रहेको भन्दै परीक्षण गरिएका पत्रकारको नतिजा नेगेटिभ आएको बताउनुभयो ।

त्यस्तै मेडिकल ल्याब एसोसियसन अफ नेपाल (मेलान)का अध्यक्ष राजेन्द्र खड्काले कोरोना भाइरस नेपालमा समेत भित्रिसकेको अवस्थामा प्रयोगशालामा काम गर्ने जनशक्तिका लागि अति नै सम्वेदनशील रहेको भन्दै त्यसतर्फ सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

मेलानका संस्थापक अध्यक्ष कृष्णप्रसाद रिजालले स्वास्थ्य प्रयोगशालामा काम गर्ने जनशक्ति न्यून रहेको भन्दै सरकारले सही तरिकाले परिचालन गर्नुपर्ने बताउनुभयो । उहाँले निजी क्षेत्रका स्वास्थ्यकर्मीहरुलाई समेत सरकारले कोरोना भाइरस संक्रमण रोक्नका लागि परिचालन गर्नुपर्ने धारणा राख्नुभयो ।

# कोभिड- १९ सन्दर्भमा डिजिटल सम्वाद

काठमाडौं । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजना र महासंघको डिजिटल मिडिया समितिको संयोजनमा कोभिड- १९ महामारीका सन्दर्भमा डिजिटल सम्वाद कार्यक्रम आयोजना गर्यो ।

सम्वाद कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले कोरोना महामारीमा पत्रकारहरु अग्रपङ्तिमा काम गर्नुपर्ने भएकाले उच्च जोखिममा रहेको बताउनुभयो । उहाँले अहिलेको विषम परिस्थितिमा पत्रकारले सत्यतथ्यमा आधारित रहेर जिम्मेवार पत्रकारिता गर्नुपर्ने बताउनुभयो । सञ्चार क्षेत्र गम्भीर संघारमा रहेकाले विशेष राहत प्याकेज घोषणा गर्न पनि अध्यक्ष आचार्यले सरकारसँग माग गर्नुभयो ।

प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले सञ्चारकर्मीहरुलाई आचारसंहिता पालनामा गम्भीर हुन आग्रह गर्नुभयो । न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्यालले संकटका बेला पत्रकारहरु पारिश्रमिकबाट वञ्चित भएको बताउदै श्रमजीवी पत्रकार थप समस्यामा परेको बताउनुभयो । डिजिटल सम्वादमा महासंघका पूर्वसभापति डा. सुरेश आचार्य, पूर्वअध्यक्ष शिव गाउँले, महासंघका महासचिव रमेश विष्ट, प्रेस संगठन नेपालका संयोजक महेश्वर दाहाल, नेपाल प्रेस यूनियनका अध्यक्ष बद्री सिग्देल, महासंघका प्रदेश अध्यक्ष एवम् उपाध्यक्षहरु, अनलाइन पत्रकार संघका पूर्व अध्यक्ष प्रवेश सुवेदीलगायतले धारणा राख्नुभएको थियो ।

सम्वाद कार्यक्रममा महासंघका प्रदेश समितिका अध्यक्षहरुले आ-आफ्नो प्रदेशको पत्रकारिता अवस्थाको बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा महासंघका महासचिव विष्टले महासंघले सञ्चारगृहहरुमा गरेको स्थलगत अनुगमन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । महासंघका सचिव प्रकाश थापाले डिजिटल सम्वादमा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । महासंघको डिजिटल मिडिया समितिको संयोजक लेखनाथ न्यौपानेले कार्यक्रमको संयोजन गर्नुभएको थियो ।



अनुगमन रिपोर्ट

# कोभिड १९ को संक्रमणबाट प्रभावित पत्रकार र सञ्चारमाध्यमको अवस्था

प्रकाश थापा



**नेपाल पत्रकार महासंघले कोरोना संक्रमणको अवस्था र त्यसका कारण लागु भएको लकडाउनको सन्दर्भमा पत्रकार तथा सञ्चार प्रतिष्ठानहरूले भोग्नुपरेका समस्याका बारे मा २०७६ चैत ११ गतेदेखि २०७७ जेठ १० गतेसम्म विभिन्न जिल्ला तथा सञ्चार प्रतिष्ठानहरूमा गरेको अनुगमनको प्रतिवेदन सार्वजनिक गरिएको छ ।**

**यो अनुगमन १४ जिल्ला तथा ५१ सञ्चार प्रतिष्ठानहरूमा प्रत्यक्ष भ्रमण तथा टेलिफो न र अनलाइन माध्यमबाट गरिएको थियो । अनुगमनका क्रममा महासंघले जिल्ला तथा सञ्चार संस्थामा कार्यरत श्रमजीवी पत्रकारहरू, महासंघका प्रदेश अध्यक्ष तथा पदाधिकारी, जिल्ला अध्यक्षहरूका साथै मिडिया सञ्चालकहरूसँग पनि सम्पर्क तथा भेटघाट गरी सूचना संकलन गरेको थियो ।**

## अनुगमनको प्रतिवेदन

**भूमिका**

विश्वव्यापीरूपमा फैलिएको कोरोना (कोभिड-१९) बाट उत्पन्न जटिल परिस्थितिको प्रत्यक्ष मारमा श्रमजीवी पत्रकार परेका छन् । नेपालमा समेत कोरोनाको असरका कारण गम्भीर परिस्थिति उत्पन्न भएको सन्दर्भ एकातिर छ भने अर्कातिर यस्तो जटिल अवस्थामा श्रमजीवी पत्रकारले मुलुक र समाजप्रतिको आफ्नो दायित्व निर्वाह गर्न फ्रन्टलाइनमा रहेर काम गर्नुपर्ने जिम्मेवारी छ । असामान्य परिस्थितिमा संक्रमणको जोखिमसमेत छ । यस्तो जोखिमका बीच पनि पत्रकारले आफूमा भएको न्यूनतम स्रोतसाधन तथा सीपको भरपुर उपयोग गरी यथार्थ सूचना संप्रेषणमा अहोरात्र आफ्नो कर्तव्य निर्वाह गरेको अवस्था छ ।

जुनसुकै चुनौतीको सामना गर्दै संकटका बेला अहोरात्र कार्यक्षेत्रमा खटिने पत्रकारको सेवा, सुरक्षा तथा हकहित संरक्षण एवम् श्रम अधिकारको अवस्थामा केन्द्रित भई नेपाल पत्रकार महासंघले १४ जिल्ला तथा ५१ सञ्चार प्रतिष्ठानहरूमा पत्रकार तथा सञ्चारकर्मीको अवस्थाको अनुगमनको कार्य सम्पन्न गरेको छ । अनुगमनको विश्लेषणबाट श्रमजीवी पत्रकारको हकका अलावा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र मानवअधिकारको जगेर्नामा नेपाल पत्रकार महासंघलाई हालको अवस्था आँकलन गरी भावी रणनीति तय गर्न मद्दत पुगेको छ ।

**अनुगमनको उद्देश्य**

- श्रमजीवी पत्रकारको भौतिक र आर्थिक अवस्था, पारिश्रमिक, सेवासुविधा, निर्बाधरूपले काम गर्ने वातावरण भएनभएको, पेशागत सुरक्षा जस्ता बिषयमा तथ्य प्रकाश पार्ने । .
- सञ्चार संस्थाबाट श्रमजीवी पत्रकार ऐन, २०५१ ले तोकेका न्यूनतम मापदण्डको पालना भएनभएको अवस्था दर्शाउने ।
- श्रमजीवी पत्रकारको हालको अवस्था मूल्यांकन गरी निष्कर्ष र सुझाव दिने ।
- श्रमजीवी पत्रकारको सुनिश्चित भविष्यका लागि पत्रकार महासंघलाई वर्तमान अवस्थाको समीक्षा गरी नीतिनियम र भावी कार्यदिशा तय गर्न मद्दत गर्ने ।
- कस्ता प्रकृतिका सञ्चारमाध्यम बढी समस्याग्रस्त छन् भनेर जानकारी हासिल गर्ने र मूल्याङ्कन गर्ने ।

**अनुगमन गरिएका सञ्चारसंस्था र जिल्ला**

यस अनुगमन अन्तर्गत उदयपुर, पर्सा, बारा, मकवानपुर, काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुली, धादिङ, म्याग्दी, बाग्लुङ, पर्वत, कास्की र तनहुँ जिल्लाहरूमा सञ्चालनमा रहेका निजी तथा सरकारी

दैनिक र साप्ताहिक पत्रिका, टेलिभिजन, एफएम तथा अनलाइन सञ्चारमाध्यमहरूमा अनुगमन गरिएको थियो । समय, परिस्थिति, सुविधा र असहजतालाई मध्यनजर गर्दै यो अनुगमन ५१ प्रतिनिधि सञ्चारसंस्था तथा १४ जिल्लामा गरिएको थियो ।

**अनुगमन विधि**

नेपाल पत्रकार महासंघले कोरोना संक्रमण तथा लकडाउनको अवधिमा पत्रकारहरूले भोग्नु परेको समस्या तथा सञ्चारगृहहरूको अवस्थाका बारेमा जानकारी लिन यो अनुगमन सम्पन्न गरेको हो । यो प्रतिवेदन उक्त अनुगमनबाट प्राप्त तथ्यहरूको सारांश मात्र हो । निश्चित विधि तय गरी गरिएको यो प्रतिवेदन विस्तृत अनुसन्धानमा आधारित नभई अनुगमनमा संलग्न पत्रकार तथा मिडिया सञ्चालकहरूले दिनुभएको जानकारीमा आधारित छ ।

यस अनुगमनका क्रममा १४ जिल्ला र २० वटा सञ्चारगृहहरूमा प्रत्यक्ष भ्रमण गरिएको थियो भने अन्यमा कार्यरत श्रमजीवी पत्रकारलाई फोन तथा अनलाइनका माध्यममार्फत जानकारी लिइएको थियो । तथ्यगत सूचना संकलन तथा पुनःपुष्टिका लागि सम्बन्धित प्रदेश, जिल्ला तथा सञ्चारसंस्थामा कार्यरत श्रमजीवी पत्रकारहरू, महासंघका प्रदेश अध्यक्ष तथा पदाधिकारी, जिल्ला अध्यक्षहरूका साथै मिडिया सञ्चालकहरूसँग पनि सम्पर्क तथा भेटघाट गरी सूचना संकलन गरिएको थियो ।

खासगरी लकडाउन अवधिमा पारिश्रमिकको अवस्था, अन्य सुविधा, बिदा, विस्थापनको अवस्था, कोरोना संक्रमणको जोखिम, मिडियाहाउसको वस्तुस्थिति जस्ता बिषयमा केन्द्रित भई प्रश्नहरू सोधिएको थियो । अनुगमनमा संलग्न उत्तरदाताको गोपनीयताको हक सुरक्षित राखिएको छ ।

**अनुगमनको अवधि र सीमा**

यो अनुगमन कोरोना महामारीका सन्दर्भमा सरकारबाट लागू गरिएको लकडाउनको अवधि २०७६ चैत ११ देखि २०७७जेठ १० गतेसम्मको अवस्थामा केन्द्रित छ । जम्माजम्मी दुई महिनाको समयसीमा रहेका कारण श्रमजीवी पत्रकारका सबै समस्याको सम्पूर्ण पक्ष, श्रमजीवी पत्रकार ऐन र नियमावली पूर्ण कार्यान्वयन अवस्था र पत्रकारहरूको समग्र स्थितिलाई समेट्न सम्भव भएको छैन । यो प्रतिवेदन केवल लकडाउनको अवधिमा पत्रकार तथा सञ्चारमाध्यमहरूले भोग्नु परेका समस्या पहिचानमा केन्द्रित छ ।

**जिल्ला तथा सञ्चार प्रतिष्ठानमा गरिएको अनुगमनबाट प्राप्त तथ्य**

गत दुई महिनाको अवधिमा १४ जिल्ला तथा ५१ सञ्चार प्रतिष्ठानहरूमा गरिएको अनुगमनका क्रममा प्राप्त तथ्यहरूका आधारमा कोरोना संक्रमण तथा लकडाउनका बेला श्रमजीवी पत्रकारहरूले विभिन्नखाले समस्या भोग्नुपरेको देखिएको छ । जसमध्ये प्रमुखरूपमा नियमित तलब नपाउने समस्या देखिएको छ । केही सञ्चारमाध्यमहरूले लकडाउनअघिकै समयदेखिको नियमित तलब नदिएको पाइएको छ भने अन्य कतिपयले लकडाउन शुरू भएदेखि दिनुपर्ने तलब नदिएको पाइएको छ । अधिकांश सञ्चार प्रतिष्ठानहरूमा कार्यरत पत्रकारहरूले बैशाखदेखिको तलब नपाएको बताएका छन् । त्यसैगरी धेरैजसो सञ्चार प्रतिष्ठानले पत्रकारहरूलाई तलब घटाएर मात्र दिएको पनि पाइएको छ ।

त्यसैगरी यो अवधिमा केही सञ्चार प्रतिष्ठानहरूले आम्दानी कम रहेको अवस्था देखाई पत्रकारहरूलाई कामबाट हटाउने गरेको पाइयो भने अन्य कतिपयमा बेतलबी बिदा बस्न दबाव दिइएको देखियो । संकटको अवस्थामा नियमित तलब नपाउँदा, तलब कटौती हुँदा र बेतलबी बिदामा पठाउँदा श्रमजीवी पत्रकारहरू जीविकोपार्जनका लागि नै पनि समस्यामा परेको अनुगमनका क्रममा देखिएको छ । यसैगरी कतिपय सञ्चारगृहहरूले पत्रकारहरूको बिमा समेत नगरेको अनुगमनका क्रममा पाइयो ।

काठमाडौं उपत्यका बाहिर जिल्लामा रहेर काम गरिरहेका पत्रकारहरू थप समस्यामा परेका छन् । जिल्लाहरूबाट प्रकाशित हुने अधिकांश पत्रपत्रिका बन्द अवस्थामा छन् भने सीमित पत्रपत्रिकाहरू अनेकौं समस्या झेल्दै प्रकाशित भएको अवस्था छ । अनलाइन सञ्चारमाध्यम, रेडियो र टेलिभिजन चरम आर्थिक संकटबाट गुज्रिरहेका छन् । विशेष गरेर राष्ट्रियस्तरका सञ्चारमाध्यममा कार्यरत पत्रकार, स्थानीय सञ्चारमाध्यममा कार्यरत पत्रकारहरू र सदरमुकाममा भाडामा बस्ने पत्रकारहरू आर्थिक र व्यवसायिक समस्या झेल्न बाध्य छन् ।

कोभिड–१९ को उच्च संक्रमण रहेको प्रदेश नं २, प्रदेश नं ५, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका पत्रकारहरू सर्वाधिक जोखिम मोलेर काम गरिरहेका छन् । अहिलेसम्म दर्जन बढी पत्रकारहरू कोभिड–१९ को संक्रमणमा परेका छन् । उदयपुर, बारा, पर्सा, कपिलवस्तु, बाँके लगायतका जिल्लाका पत्रकारहरूमा संक्रमण भेटिएको छ । तीमध्ये केही उपचारपछि निको भएका छन् भने केही उपचारकै क्रममा रहेका छन् । पत्रकारहरूले पेशागत दायित्व निर्वाह गर्दा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर सुरक्षित ढंगबाट काम गर्नुपर्ने आवश्यकता छ ।

अनुगमन गरिएका जिल्लाहरूमा सञ्चालनमा रहेका सञ्चारमाध्यममा कोरोना भाइरसको महामारीमा सम्प्रेषण भएका सूचना तथा समाचार सामग्रीहरूमा पत्रकार आचारसंहिता पालना गर्नुका साथै जिम्मेवार भूमिका निभाएको देखियो । जिल्लामा कार्यरत स्थानीय तथा काठमाडौबाट सञ्चालन हुने मिडियाका पत्रकारहरूले पनि नियमित तलव नपाएको गुनासो गरेका छन् । यसैगरी केही पत्रकारले जागिरबाट निकालिने अवस्था आएको वताएका छन् भने केही पत्रकारले हातमुख जोर्न समस्या भएको बताएका छन् । कोरोना संकटको अवस्थामा पनि पत्रकारहरू अग्रभागमा रहेर स्वास्थ्य सुरक्षा साधनको प्रयोगबिना नै खटिरहेकाले सञ्चारकर्मीहरूलाई तत्काल स्वास्थ्य सुरक्षा साधन उपलब्ध गराइनु पर्ने अवस्था देखियो । यस्तो जटिल अवस्थामा सञ्चारकर्मीका समस्या सम्बोधन गर्न सम्बन्धित मिडियाहाउस, सरकार र सरोकारवाला निकायले ठोस कदम चाल्नु पर्ने देखिएको छ ।

श्रमजीवीको लामो समयसम्म पारिश्रमिक रोकिएका कारण दैनिक खर्च, औषधि उपचार, कोठाभाडा तिर्न समस्या देखिएको छ । कोरोना जोखिमका बीच रिपोर्टिङमा खटिने पत्रकारको स्वास्थ्य सुरक्षामा समस्या छ । सञ्चार संस्थाहरूले पत्रकारको कोरोना बिमासमेत गरेका छैनन् ।

केही मिडिया हाउसले ज्यालादारी जस्तै कार्यालयमा गएको दिनको मात्र पारिश्रमिक दिएका छन् । जसका कारण पत्रकारको समयको लगानी, श्रम र भविष्य अन्यौलमा परेको छ । एकतर्फीरूपमा तलब कट्टा गरिएको अवस्था छ । तलब कट्टा गरेका कारण न्यून वैतनिक श्रमजीवी चर्को मारमा परेका छन् । चारपाँच महिनासम्म पारिश्रमिक नपाउने पत्रकारको अवस्था थप जर्जर बनेको छ । बन्द भएका मिडियामा कार्यरत पत्रकार आफ्नो भविष्यलाई लिएर मानसिक तनाबमा छन् । यस्तो दुविधा, संशय र अन्यौलको स्थितिमा खुलारूपले सूचना संकलन तथा सम्प्रेषणमै बाधा उत्पन्न भएको छ । उनीहरू पूरै विस्थापनको स्थितिमा छन् ।

कतिपय पत्रकारलाई बोलाएका बखत आउने शर्तमा घर पठाइएको छ । केही मिडिया हाउसमा एकतर्फीरूपले आन्तरिक सरूवा गरिएको छ । यस्ता पत्रकारको कानुनी अवस्था, अनुभव र निरन्तरतामा प्रश्न उठेको छ । भाषा, प्राविधिक, कार्यक्रम उत्पादक, प्रस्तोता, डिजाइनर, क्यामरापर्सन गरी ठूलो संख्यामा जबर्जस्ती बिदामा बस्न लगाइएको छ । उनीहरूको पारिश्रमिक रोकिएको छ ।

सञ्चारमाध्यमहरूको अवस्था विश्लेषण गर्दा मुख्यरूपमा छापा माध्यमहरूले धेरै समस्या भोगिरहेको पाइयो । जिल्लाबाट प्रकाशित हुने अधिकांश दैनिक र साप्ताहिक पत्रपत्रिका बन्द छन् । विशेषगरी स्वरोजगार तथा साना लगानीका मिडियाहरूले लकडाउनको अवस्थामा पत्रपत्रिका प्रकाशन गर्न सकेका छैनन् । काठमाडौंबाट प्रकाशित हुने स्वरोजगार तथा साना लगानीका मिडियाहरू पनि अधिकांश बन्द अवस्थामा छन् भने ठूला लगानीका केही दैनिक पत्रिकाहरू पनि लकडाउनको अवधिदेखि बन्द नै छन् । थौरै पत्रपत्रिका भने लकडाउन शुरू भएपछिको केही समय बन्द गरेर पुनः सञ्चालनमा ल्याइएको छ ।

अधिकांश जिल्लाका रेडियो र टेलिभिजनहरू चलिरहेका छन् तर तिनमा पनि कर्मचारीको संख्या घटाएर वा आलोपालो गरी सञ्चालन गरेको पाइयो । सबैजसो मिडिया सञ्चालकहरूले यस अवधिमा विज्ञापनको संख्यामा कमी आएका कारण सञ्चार प्रतिष्ठानको आम्दानीमा कमी आएको बताएका थिए ।

कोभिड–१९ को महामारीमा पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन्का घटनाहरू घटेका छन् । समाचारको विषयलाई लिएर विभिन्न पक्षद्वारा आक्रमण, धम्की र दुर्व्यवहारका घटनाहरू घटेका छन् । लकडाउनको अवधिमा प्रेस स्वतन्त्रता हनन्का १८ घटनाहरू घटेको महासंघको अनुगमन इकाइमा अभिलेख भएका छन् ।

**निष्कर्ष तथा सुझाव**

कोरोना संक्रमण तथा लकडाउनको अवस्थामा आमनागरिकको मूलधारका सञ्चार माध्यमप्रति विश्वसनीयता बढेको छ । अनलाइन सञ्चारमाध्यमलाई छिटो र सही सूचना प्राप्तिको मुख्य माध्यमका रूपमा लिइएको पाइयो । सञ्चारमाध्यमहरूले पनि छिटो र भरपर्दो सूचना सम्प्रेषण गर्न तदारूकता देखाएका छन् । सञ्चार माध्यमहरूले स्थानीयस्तर र दुर्गम क्षेत्रसम्म पुगेर स्थलगत रिपोर्टिङ गरेका छन् । कोभिड–१९ का सन्दर्भमा तीन तहका सरकार र गैरसरकारी क्षेत्रबाट भएका काम कारवाहीको निगरानी गरेका छन् । स्वास्थ्य सूचना तथा कोभिड–१९ रोकथामका सूचना तथा समाचारहरूलाई प्राथमिकता दिएका छन् । महामारीको उच्च जोखिम, व्यवसायिक असुरक्षा, सीमित सोतसाधन र प्रतिकूल अवस्थाका बीचमा पनि पत्रकारहरूले प्रभावकारी ढंगबाट जनतालाई सुसूचित गर्ने दायित्व निर्वाह गरिरहेका छन् ।

लकडाउनको अवधिमा अधिकांश मिडिया हाउसमा श्रमजीवी पत्रकारको अवस्था जटील देखिएको छ । विशेषगरी ठूला मिडियाहाउसमा कार्यरत पत्रकार नै बढी मात्रामा समस्याग्रस्त बनेका छन् । केहीलाई छाडेर व्यवस्थापन पक्षले नियमित पारिश्रमिक नदिएका कारण दैनिक गुजारा गर्न कठिनाई देखिएको छ ।

सीमित जनशक्तिका कारण बढी समय काम गर्नुपरेको छ । पत्रकारले घरमै बसेर काम गर्नुपरेका कारण डाटा, टेलिफोन सम्पर्क जस्ता अतिरिक्त खर्च भएको अवस्था छ । मिडिया हाउसबाट सेवा, शर्त, सुविधाका लागि श्रमजीवी पत्रकार ऐन, २०५१ ले तोकेका न्यूनतम् मापदण्डसमेत पूरा गरेको देखिँदैन ।

एकातर्फ पत्रकारहरू रोजगारविहीन हुने क्रम बढ्दो छ भने अर्कातर्फ जागिरबाट विस्थापन हुँदासमेत लामो समयको पारिश्रमिक, भत्ता, सुविधा पाएका छैनन् । केही मिडिया हाउसले प्रदान गरेको न्यूनतम तलबसमेत केहीले पाउने, केहीले नपाउने अवस्था छ । यसबाट समान श्रमजीवीका बीच पनि चरम विभेद देखिएको छ । कतिपय लामो समयदेखि कार्यरत पत्रकारलाई जबर्जस्ती बिदामा बस्न लगाएर रोजगारविहीन पारिएको छ । अरूको अधिकार रक्षामा बोल्ने, लेख्ने पत्रकारको आफ्नै अधिकार कुण्ठित हुँदा कसरी दायित्व निर्बाह गर्ने भन्ने प्रश्न उब्जेको छ ।

नेपाल सरकार गृहमन्त्रालयले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम २०७६ चैत ९ गते र तत्पश्चात विभिन्न मितिमा जारी गरेको आदेश बमोजिम सम्पूर्ण सरकारी कार्यालय, निकाय वा उद्योगले बिदा दिएका कर्मचारी वा श्रमिकको हकमा खाइपाई आएको तलब, भत्ता पाउने गरी बिदा दिइएको अवधिलाई सम्बन्धित कार्यालय प्रमुखले सार्वजनिक बिदा कायम गर्ने निर्णयसहित गत बैशाख १५ गते राजपत्रमा सूचना जारी गरेको अवस्थालाई समेत मध्येनजर गर्नु आवश्यक छ ।

विस्थापित भएका पत्रकार फेरि काममा फर्कने वा नफर्कने सुनिश्चित छैन । विस्थापित हुनपरेका पत्रकारका आश्रित परिवारलाईसमेत मानसिक तनावको अवस्था छ । समग्रमा पत्रकारका मानवअधिकारको अवस्था नै नाजुक देखिएको छ । मिडिया हाउसमा यतिबेला पत्रकारका लागि कानुन, नियमावली र मापदण्ड कुनै चिजले काम गरेको

अवस्था देखिएन । अधिकांश मिडिया हाउस तजबिजी र स्वविवेकमा चलेको अवस्था पाइयो । जसका कारण पत्रकारको भविष्यसमेत अकल्पनीय र संकटपूर्ण बन्न पुगेको छ । तुलनात्मकरूपमा हेर्दा अनलाइनहरूको अवस्था केही सुविधायुक्त र सहज देखिन्छ ।

विषम परिस्थितिमा समग्र सञ्चार क्षेत्रलाई गम्भीर असर परेको छ । सरकारले कोभिड १९ महामारी नियन्त्रणमा समेत महत्वपूर्ण योगदान पुर्‍याइरहेका सञ्चार क्षेत्रका लागि संरक्षणको नीति लिई राहत तथा सहुलियतको अविलम्ब घोषणा गर्न आवश्यक देखिएको छ ।

यस्तो अवस्थामा रोजीरोटी खोसिएका पत्रकारको जीविका र पेशागत सुरक्षाका लागि महासंघले तत्काल उपयुक्त विकल्प सोच्नु पर्नेछ । लामो समय पारिश्रमिक नदिने मिडिया हाउसका सञ्चालकलाई खवरदारीका लागि तत्काल महासंघको उच्चस्तरीय टीम बनाई दबाब दिनुपर्ने निष्कर्ष निकालेको छ । बलजफ्ती विस्थापनमा परेका पत्रकार हरूको पुनर्बहालीका लागि दबाव दिँदै सम्वाद गर्ने तथा आवश्यक भएका कानुनी उपचार खोज्नुपर्ने देखिन्छ । कोरोना नियन्त्रण कहिलेसम्म होला भन्ने सुनिश्चित नभएका कारण सञ्चार संस्थालाई कार्यरत पत्रकारको स्वास्थ्य बिमाका तत्काल गराइहाल्न कदम चाल्नु पर्नेछ । श्रम शोषण र असीमित ड्यूटीमा लगाउने मिडियाको विशेष अनुगमन र निगरानी गरी आवश्यक पहल गुर्न जरूरी छ ।

यस्तो संकटको बेला राज्यले तोकेको न्यूनतम पारिश्रमिकसमेत काटेर तलब दिने मिडिया हाउसलाई नोटिसमा लिएर छानविन गर्ने र न्यूनतम पारिश्रमिक भुक्तानीका लागि आवश्यक कदम चाल्नुपर्ने देखिएको छ । पाँच, छ महिनादेखि पारिश्रमिक नदिएका मिडिया हाउसहरूलाई प्राथमिकतामा राखी तत्काल दबाव दिँदै सम्वाद शुरू गर्ने र आवश्यक परे कानूनी उपचार खोज्न महासंघले पहल गर्नुपर्ने देखिन्छ । साथै बढी समय काममा लगाइएका पत्रकारहरूका लागि अतिरिक्त पारिश्रमिक र भत्ताको व्यवस्थाका लागि मिडिया सञ्चालकहरूसँग तत्काल छलफल चलाउनु जरूरी छ ।

साना लगानीका तथा स्वरोजगार मिडिया हाउसका वास्तविक समस्या र कठिनाई बुझेर सोहीअनुरूप वैज्ञानिक र व्यवहारिक समाधानका लागि महासंघले सहजीकरण गर्नु आवश्यक छ । विस्थापित एवम् बेरोजगार भई अति जटील अवस्थामा रहेका वास्तविक श्रमजीवी पत्रकारको पहिचान गरी महासंघले यथासंभव अन्तरिम राहतको व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ । कोरोना महामारीको समस्याका कारण चरम संकटमा परेका मिडिया हाउसको वास्तविकता बुझ्न उच्च तहमा वार्ताका लागि पहल गर्ने र श्रमजीवीको हित हुनेगरी निकासका लागि महासंघले समन्वयकारी भूमिका निर्बाह गर्न उपयुक्त हुन्छ ।

श्रमजीवी पत्रकारको अधिकारको रक्षाका लागि मिडिया सञ्चालकहरूसँग पहल गर्न महासंघ, सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिल र न्यूनतम् पारिश्रमिक निर्धारण समितिमार्फत एकीकृत पहल गर्न उपयुक्त हुने देखिन्छ । लकडाउनको अवधिमा पत्रकारको हकहितमा महासंघद्वारा जारी गरिएका प्रेस विज्ञप्तिको बेवास्ता गर्ने तथा महासंघले गरेको प्रत्यक्ष पत्राचारको जवाफ नदिने सञ्चार संस्थाहरूलाई ठोस दबाव दिन आवश्यक परे कठोर कदम समेत उठाउनु पर्ने हुनसक्छ ।

यस्तो संकटको बेला सञ्चार क्षेत्रले भोग्नु परेका समस्याको सम्बोधन गर्न मिडिया हाउसलाई अति रूग्ण, समस्याग्रस्त, कामचलाउ र सामान्य गरी चार वर्गमा बाँडेर समस्याको समाधान खोजी गर्न उपयुक्त देखिन्छ । जिल्लाहरूमा सबै प्रकारका मिडियामार्फत् आमजनतालाई शिक्षा र चेतना दिने सामग्री प्रवाह गर्ने गरी आवश्यक बजेट विनियोजन गरे साना लगानीका र स्वरोजगार मिडियाहरूलाई सहज हुनसक्छ । विज्ञापन ऐनमा भएको व्यवस्थाअनुरूप मापदण्ड तय गरी समानुपातिक विज्ञापन वितरणको कामलाई यही संकटको बेला शुरू गर्दा सरकारले सञ्चार क्षेत्रलाई उपेक्षा गरेको छैन भन्ने सन्देश जान सक्छ ।

## अनुसूचि १
## अनुगमन गरिएका जिल्ला तथा सञ्चार संस्थाहरू

<u>जिल्ला</u>

| | | | |
|---|---|---|---|
| १. उदयपुर | २. पर्सा | ३. बारा | ४. मकवानपुर |
| ५. काठमाडौं | ६. ललितपुर | ७. भक्तपुर | ८. सिन्धुली |
| ९. धादिङ | १०. म्याग्दी | ११. बाग्लुङ | १२. पर्वत |
| १३. कास्की | १४. तनहुँ | | |

<u>अनुगमन गरिएका सञ्चार प्रतिष्ठानहरू</u>

| | | |
|---|---|---|
| १. ईमेज टेलिभिजन | २. राजधानी दैनिक | ३. रातोपाटी डटकम |
| ४. जनता टेलिभिजन | ५. हिमालय टाइम्स दैनिक | ६. नयाँ पत्रिका दैनिक |
| ७. हिमाल साप्ताहिक | ८. नेपालन्यूज डटकम | ९.नेपाल टेलिभिजन |
| १०. उज्यालो एफएम | ११. कान्तिपुर दैनिक | १२. दी हिमालयन टाइम्स दैनिक |
| १३. नेपाल समाचारपत्र दैनिक | १४. रिपब्लिका अंग्रेजी दैनिक | १५. मिर्मिरे एफएम |
| १६. एबिसी टेलिभिजन | १७. नेपाललाइभ डट कम | १८. माउण्टेन टेलिभिजन |
| १९. बाह्रखरी डटकम | २०.कारोबार दैनिक | २१. थाहाखबर डटकम |
| २२. गोर्खा एफएम | २३. सामुदायिक सूचना नेटवर्क | २४. हमालय टेलिभिजन |
| २५. एभिन्यूज टेलिभिजन | २६. हाम्राकुरा डटकम | २७. गोरखापत्र दैनिक |

२८. अन्नपूर्ण पोष्ट दैनिक
२९. नेपाल साप्ताहिक
३०. नागरिकखवर डटकम
३१.न्यूज२४ टेलिभिजन
३२. देशसञ्चार डटकम
३३. सेतोपाटी डटकम
३४. रेडियो नेपाल
३५. नागरिक दैनिक
३६. अन्नपूर्ण एफएम
३७. यो हो टेलिभजन
३८. रेडयो थाहासञ्चार
३९. काठमाण्डू प्रेस डटकम
४०. कान्तिपुर टेलिभिजन
४१. राष्ट्रिय समाचार समिति
४२. नेपालखबर डटकम
४३. सौर्य दैनिक
४४. मेट्रो एफएम
४५. अनलाइनखबर डटकम
४६. एपी वन टेलिभिजन
४७. रेडियो सगरमाथा
४८. मध्यान्ह दैनिक
४९. रमाइलो टिभी
५०.एक्सन स्पोर्टस टेलिभिजन
५१. प्राइम टेलिभिजन


**अनुसूचि २**
**लकडाउन अवधिमा भएका प्रेस स्वतन्त्रता हनन्का घटनाको विवरण**

| क्र.सं | घटना प्रकृति | घटना संख्या | पीडित संख्या |
|---|---|---|---|
| १ | धम्की | ६ | ६ |
| २ | दुर्व्यवहार | ५ | ५ |
| ३ | समाचार संकलनमा अवरोध | ३ | ८ |
| ४ | आक्रमण | १ | १ |
| ५ | गिरफ्तार | ३ | ४ |
| | **जम्मा** | **१८** | **२४** |

**गतिविधि**

# डिजिटल प्रविधिबाट मनाइयो विश्व प्रेस स्वतन्त्रता दिवस

काठमाडौं । विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा नेपाल पत्रकार महासंघले विशेष डिजिटल सम्वाद कार्यक्रम आयोजना गरेको छ ।




कार्यक्रका प्रमुख अतिथि एंव राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा नेपाल पत्रकार महासंघद्वारा प्रकाशित प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षासम्बन्धी बार्षिक प्रतिवेदन तथा अन्तर्राष्ट्रिय पत्रकार महासंघले प्रकाशन गरेको दक्षिण एशिया प्रेस स्वतन्त्रता प्रतिवेदन सार्वजनिक गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै शर्माले कार्यकारिणीका नजरमा सञ्चारमाध्यमलाई बाधकका रुपमा हेर्ने गरिएको भन्दै चिन्ता व्यक्त गर्नुभयो । ‘पत्रकारको मुख थुन्न सकिएला, आँखामा पट्टि बाँध्न सकिएला तर मस्तिष्कलाई थुन्न सकिदैन’, शर्माले भन्नुभयो । उहाँले पत्रकारको पेशागत सुरक्षामा सुधार हुनुपर्नेमा त्यसो हुननसकेको समेत बताउनुभयो । उहाँले लोकतन्त्रप्रति प्रतिप्रतिबद्ध सरकार प्रेससँग सहिष्णु हुननसकेको बताउनुभयो । उहाँले सञ्चारमाध्यमलाई टेवा दिनुपर्नेमा सरकारको नियत त्यस्तो नदेखिएको भन्दै चिन्ता व्यक्त गर्नुभयो । उहाँले जनताको मौलिक हक जोडिएका मुद्दालाई मिडियामा स्थान दिनुपर्नेमा राजनीतिक मुद्दालाई बढी प्राथमिकता दिएको बताउनुभयो ।

महासंघका अध्यक्ष गोविन्द आचार्यले हाल नेपालको पत्रकारिता क्षेत्रमा नीतिगत असुरक्षा बढ्दै गएको बताउनुभयो । उहाँले लोकतन्त्रपश्चात पनि प्रेस स्वतन्त्रताका लागि लड्नुपर्ने विड्म्बना रहेको बताउनुभयो। उहाँले हाल महामारीका रुपमा फैलिरहेको कोरोना भाइरसका कारण अझ पत्रकारको पेशागत तथा भौतिक सुरक्षामा चुनौती थपिएको पनि बताउनुभयो ।

नेपाल पत्रकार महासंघका पूर्वसभापति तारानाथ दाहालले विश्व प्रेस स्वतन्त्रता दिवस पूर्वज तथा अग्रज पत्रकारको योगदालाई सम्झिने दिनका रुपमा रहेको बताउनुभयो । उहाँले पत्रकारको पेशागत चुनौती र सरकारी ज्यादती बढेको भन्दै त्यसको निराकरणमा महासंघ र सञ्चारकर्मी केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो ।

त्यस्तै महासंघका पूर्वअध्यक्ष शिव गाउँलेले नेपाली पत्रकारिता क्षेत्रमा कानूनी बन्देज र प्रेसप्रतिको असहिष्णु गरी दुईखाले चुनौती थपिएको बताउनुभयो । त्यसका लागि सबै एकजुट भई लड्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखरेलले पत्रकारितामार्फत भएका अभिव्यक्तिलाई सरकारले नस्वीकार्ने प्रवृत्ति बढ्दै गएको बताउनुभयो। उहाँले पत्रकारितामा बहुलबादलाई स्थान दिँदै प्रेसलाई लाञ्छनाबाट मुक्त गर्नुपर्ने बताउनुभयो । महासंघका महासचिव रमेश विष्टले महासंघले सार्वजनिक गरेको प्रतिवेदनले पत्रकारिता क्षेत्रको सुरक्षामा सन्तोषको अवस्था नदेखिएको बताउनुभयो। उहाँले कोरोना भाइरसबाट अति प्रभावित क्षेत्र उदयपुरको भुल्केमा पत्रकारहरु साधारण मास्कको भरमा रिपोर्टिङ गरिरहेको भन्दै पत्रकारको सुरक्षामा विशेष ध्यान दिन सरकारसँग माग गर्नुभयो । कार्यक्रमको सहजता महासंघका सचिव प्रकाश थापाले गर्नुभएको थियो ।

# यतिबेला नेपाली सञ्चार क्षेत्र इतिहासकै संकटपूर्ण अवस्थामा छ




**रमेश विष्ट**
**महासचिव, नेपाल पत्रकार महासंघ**
rameshbista2009@gmail.com



**पत्रकारहरूले समयमा पारिश्रमिक नपाएको समस्या नेपाली पत्रकारिताको दुःखद यथार्थ हो । श्रमजीवी पत्रकारहरूको श्रमको मूल्यका सन्दर्भमा अहिलेसम्म प्रभावकारी आन्दोलन उठ्नसकेको छैन । श्रमशक्तिको व्यापक अवमूल्यन भइरहेको छ । यसमा सरकारी उदासीनता र सञ्चार प्रतिष्ठानहरूको गैर जिम्मेवारी मुख्य समस्या हो ।**

- **कोरोना भाइरस (कोभिड-१९) को महामारीको यो समयमा पत्रकार महासंघले कसरी काम गरिरहेको छ ?**

कोभिड- १९ को महामारी र यसले उत्पन्न गरेको परिस्थिति हाम्रो पत्रकारिताको लागि मात्रै नभएर संसारकै पत्रकारिताको निमित्त निकै चुनौतीपूर्ण र परीक्षाको घडी हो । महासंघका लागि पनि यो सहज अवस्था पक्कै होइन । हामीले सबैभन्दा पहिला पत्रकारहरूलाई आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गर्न अपिल गर्‍यौं । विश्व स्वास्थ्य संगठनले पत्रकारहरूका लागि यस्तो महामारीमा कसरी काम गर्नुपर्छ भनेर जारी गरेको निर्देशिकालाई नेपाली सन्दर्भलाई समेत समेटेर पत्रकारहरू माझ पुर्‍यायौं ।

सञ्चार क्षेत्रमा आइपरेका तमाम समस्याहरूको व्यवस्थापन र सहजीकरणमा लागिरहेका छौं । यी सबै कामहरू गर्नका लागि महासंघका साथीहरू जोखिम मोलेरै भएपनि सक्रिय भएर लागिरहेका छौं । यो महामारीमा पनि हामीले मैदान छाडेका छैनौं । कतिपय सन्दर्भमा प्रविधिको पनि भरपुर प्रयोग गरेर काम गरेका छौं ।

**लकडाउनको समयमा महासंघले के के काम गऱ्यो ?**

लकडाउनको समयमा हामीले प्रेस स्वतन्त्रता कतैबाट पनि कुण्ठित नहोस् भन्ने कुरामा ध्यान दियौं । त्यसपछि पत्रकारहरूको हकअधिकारलाई महासंघले प्राथमिकताका साथ उठायो । प्रेस स्वतन्त्रता र पत्रकारको पेशागत अधिकार महासंघले कहिल्यै सम्झौता गर्न नसक्ने विषय हो । प्रेस स्वतन्त्रताको पहरेदारीसँगै संकटपूर्ण अवस्थामा पत्रकारको अवस्थाका बारेमा अनुगमन तीव्र बनायौं । ५० भन्दा बढी सञ्चार प्रतिष्ठान र १४ जिल्लामा महासंघले स्थलगतरूपमै अनुगमन सम्पन्न गरेर प्रतिवेदन सार्वजनिक गऱ्यो । समस्या देखिएका ठाउँमा सहजीकरण र आवश्यक ठाउँमा दबाब दिएका छौं । लकडाउनको समयमा सञ्चार प्रतिष्ठानको प्रेसपासकै आधारमा पत्रकारहरूलाई रिपोर्टिङ गर्ने वातावरण बनायौं । कोभिड– १९ को महामारीपछि भएको लकडाउनले सञ्चार क्षेत्रमा पारेको समस्या सम्बोधनका लागि सरकारको ध्यानाकर्षण गराउने काम भएको छ । राष्ट्रिय मानव अधिकार आयोग र अन्य पेशागत संघ, संगठनहरूसँगको सहकार्यमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र मानव धिकारका बारेमा निरन्तर छलफल र अनुगमन गर्ने काम हुँदै आएको छ ।

महासंघका जिल्ला शाखा र प्रदेश समितिमार्फत पत्रकार हरूको कोरोना बिमाको अभियान नै सञ्चालन भइरहेको छ । महासंघले पत्रकारहरूका लागि स्वास्थ्य सामग्री उपलब्ध गराएको छ । लकडाउनको समयमा पनि महासंघलाई अधिकतम क्रियाशील राख्ने प्रयास हामीले गरेका छौं ।

**कोरोना भाइरस (कोभिड– १९ को महामारीको यो अवस्थामा सञ्चार क्षेत्रले गरेको काम र यो क्षेत्रमा परेको असरका बारेमा बताइदिनुस् न ?**

सञ्चारकर्मीहरू कोरोनाविरूद्धको लडाइँमा अग्रभागका योद्धा हुन् । सत्यतथ्य समाचारको सम्प्रेषण र नीतिगत कमजोरीविरूद्ध खवरदारीमा सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको छ । कोरोनाबारे सचेतना जगाउन सञ्चारक्षेत्रको महत्वपूर्ण योगदान छ । लकडाउनका कारण घरमै बसेका जनताका लागि सञ्चारमाध्यम साथी बन्न सफल भएका छन् ।

कोभिड– १९ को नकारात्मक असर समाजका सबै क्षेत्रमा परेको छ । स्वभाविकरूपमा सञ्चार क्षेत्र पनि कोभिडको मारमा परेको छ । साना लगानी र जिल्लाबाट प्रकाशित हुने अधिकांश पत्रपत्रिका बन्द भएका छन् । केही समय ठूला दैनिक पत्रिकाहरू समेत बन्द हुन पुगे ।

व्यवसायिक र श्रमजीवी पत्रकारहरू चर्को मारमा परेका छन् । पत्रकारहरूलाई सेवाबाट हटाउने, बेतलवी विदामा बस्न बाध्य पारिने, पारिश्रमिक नपाउने जस्ता समस्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । सञ्चारगृहहरूले आर्थिक अभाव झेलिरहेका छन् । यतिबेला नेपाली सञ्चार क्षेत्र इतिहासकै संकटपूर्ण अवस्थामा छ ।

**महामारीको त्रास एकातिर छ भने यो समयमा पनि तलब नपाएका कतिपय पत्रकारहरूको बिहान, साँझको चुल्हो बल्न नसकेको अवस्था पनि छ । यसलाई कसरी समाधान गर्ने ?**

यो अत्यन्त पीडादायी परिस्थिति हो । यो अवस्थाको अन्त्य गर्न सरकार र सञ्चार प्रतिष्ठानहरू गम्भीर हुनु पर्दछ । यस सम्बन्धमा महासंघको दबाब जारी छ । महासंघका केही शाखाहरूले राहतको प्रयास पनि अघि बढाएका छन् । सहुलियतको व्यवस्था गर्न पटकपटक आग्रह गरिएको छ । सञ्चार प्रतिष्ठानहरूको समस्या सरकारले सम्बोधन गरोस र सञ्चारकर्मीको समस्या सञ्चार प्रतिष्ठानहरूले सम्बोधन गर्नुपर्छ भन्ने मान्यता महासंघको छ ।

**पेशागतरूपमै असुरक्षित पत्रकारहरूको अबको बाटो के होला ?**

अहिले नै पत्रकारिताबाहेक अर्को बाटो सोच्नु पर्ला भन्ने लाग्दैन । तर केही समय पक्कै पनि सहज अवस्था भने छैन । संकटको समयमा राज्य र सञ्चार प्रतिष्ठानहरू दायित्वबाट भाग्न मिल्दैन । सरकारले सञ्चार क्षेत्रप्रति संरक्षणको नीति लिनु पर्दछ । सञ्चार क्षेत्र कमजोर र धराशायी बन्नु भनेको लोकतान्त्रिक शासन व्यवस्था नै कमजोर हुनु हो । आखिर हामीले यो चूनौतीको सामना गर्नैपर्छ ।

**कोभिड– १९ को महामारीका बेला आचारसंहिता पालनामा पत्रकार कति सजग भएको पाउनुभयो ?**

सामान्य अवस्थामा पनि सञ्चारकर्मीहरूले आचारसंहितालाई उच्च सम्मानका साथ पालना गर्नुपर्दछ । यस्ता खालका महामारीमा त झन अतिरिक्त आचारसंहिताको पनि आवश्यकता पर्दछ । महामारीमा आचारसंहिताको पालना सन्तोषजनक ढंगबाट भएको देखिन्छ । महासंघले पनि आचारसंहिताको पालना गर्न सञ्चारकर्मीहरूलाई प्रेरित गरेको छ ।

सञ्चार क्षेत्रको व्यापकतासँगै केही कमजोरीहरू पक्कै छन् । विशेष गरेर युट्युवरहरूबाट भएका कमजोरीका कारण समग्र सञ्चार क्षेत्रले आक्षेप व्यहोर्नु परेको छ । प्रेस काउन्सिलले पनि महाकारीको समयमा आचारसंहिता पालना गराउन थप क्रियाशीलता देखाएको छ । दर्ता नभएका केही अनलाइनहरूलाई बन्द गराइएको छ । यसले पनि एउटा बहस सिर्जना गराएको छ ।

**महिनौ तलब नपाएर बस्नुपर्ने पत्रकारहरूको पहिलेदेखिकै समस्या हो । तर अहिले कोरोना भाइरस (कोभिड– १९) को महामारीको यो समयमा पनि तलब नदिने सञ्चारमाध्यमहरूलाई के भन्नु हुन्छ ? यसको दीर्घकालीन समाधान के हुनसक्छ ?**

पत्रकारहरूले समयमा पारिश्रमिक नपाएको समस्या नेपाली पत्रकारिताको दु:खद यथार्थ हो । श्रमजीवी पत्रकारहरूको श्रमको मूल्यका सन्दर्भमा अहिलेसम्म



फोटोः मनिष सेन

प्रभावकारी आन्दोलन उठ्नसकेको छैन । श्रमशक्तिको व्यापक अवमूल्यन भइरहेको छ । यसमा सरकारी उदासीनता र सञ्चार प्रतिष्ठानहरूको गैरजिम्मेवारी मुख्य समस्या हो । सरकारले निर्माण गरेका कानूनहरू कार्यान्वयन गराउने मुख्य जिम्मेवारी सरकारको हो । सञ्चार प्रतिष्ठानहरूले पनि कानूनको पालना गर्नुपर्दछ । महासंघले यस विषयमा निरन्तर दबाब बढाउँदै लगेको छ । पत्रकारहरू पनि आफ्नो हक अधिकारप्रति सचेत हुनुपर्दछ । उजुरी गर्ने र आफ्नो हक स्थापित गर्ने कुरामा थप सक्रियताको आवश्यकता छ ।

- **सरकारको नीति तथा कार्यक्रम र आ.व. २०७७/०७८ को बजेटमा आम पत्रकारहरूलाई सम्बोधन गरेन नि । यसमा तपाईंको प्रतिक्रिया के छ ?**

सामान्य अवस्थामा पनि सरकारको नीति तथा कार्यक्रम र बजेटमा सञ्चार क्षेत्रको अपेक्षा हुन्छ । अहिले जस्तो महाकारीमा त झनै सम्बोधनको आवश्यकता पर्दछ । तर सरकारले प्रेस जगतलाई निराश बनाएको छ । सरकारले विगतदेखि गर्दै आएको उपेक्षाकै निरन्तरता नीति तथा कार्यक्रम र बजेटमा पनि देखियो । सरकार सञ्चार क्षेत्रको अभिभावकत्व लिनबाट चुकेको छ । महासंघ सरकारको यो वेवास्ता र उदासीनताप्रति संस्थागत रूपमै असन्तुष्टि प्रकट गर्दछ ।

- **सरकारले बनाउँदै गरेका कानूनहरू के भइरहेका छन् ? सिंगो पत्रकारितामैत्री कानूनहरू बनाउन महासंघले कस्तो भूमिका खेलेको छ ?**

कानून निर्माणको सवालमा सरकार एकतर्फी ढंगबाट अघि बढ्न खोजेको छ । सरोकारवाला पक्षसँग कुनै छलफल र परामर्श नगरिकनै संसदमा विधेयकहरू अघि बढाइएको छ । महासंघले यस ढंगका क्रियाकलापको सशक्त विरोध जनाएको छ । हामी कानून निर्माणको सन्दर्भलाई लिएर सडकमै उत्रनु पर्ने परिस्थिति आयो ।

सरकारले प्रस्तुत गरेका विधेयकहरूमा प्रेस स्वतन्त्रताका मूल मर्ममाथि नै प्रहार भएका छन् । संविधानको भावना र स्वतन्त्रताका मूल्यमा नेपाली प्रेसले सम्झौता गर्न सक्दैन । हामीले नेपाली सञ्चार क्षेत्रका तर्फबाट सञ्चार कानुनहरूको नमूना मस्यौदा नै सरकारलाई बुझाएका छौं । मिडिया काउन्सिल विधेयकमा केही सुधार भएका छन् । आमसञ्चार ऐनका बारेमा हामीसँग छलफल गरिएको छैन ।

महासंघ सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीको संसदीय दलसँग भएको सम्झौता पूर्ण पालना होस् भन्ने पक्षमा छ । पछिल्लो समय महासंघ र सरकारबीच सम्वादहीनता तोडिएको छ । सामान्य छलफल प्रारम्भ भएका छन् । कुनै पनि प्रेस स्वतन्त्रता विरोधी कानूनहरू महासंघलाई स्वीकार्य छैन ।

# कोरोनाकालीन पत्रकारिताः डरलाग्दो 'डाउन'



**रामप्रसाद दाहाल**
dahalram@yahoo.com



**सञ्चारगृहहरूले श्रमजीवी पत्रकारहरूलाई अहिलेकै जस्तो रवैया देखाइरहने हो भने लकडाउन खुलेसँगै हरेक सञ्चारगृहमा अकल्पनीय द्वन्द्व उत्पन्न हुने र श्रमजीवी पत्रकारहरूले सामूहिकरूपमा कानुनी उपचार खोज्ने परिस्थिति बन्न सक्छ । त्यो अवस्था आउन नदिन सञ्चारगृहको व्यवस्थापन गम्भीर बन्नै पर्दछ ।**

**परिचय**

२०४६ को राजनीतिक परिवर्तनसँगै व्यवसायिक आकार ग्रहण गर्दै आएको नेपाली प्रेस यति बेला महासंकटबाट गुज्रिरहेको छ । नेपाली प्रेसले यो तहको संकट झेलेको यो पहिलोपटक हो । यसबाट पार पाउन लामै समय लाग्ने आँकलन गर्न सकिन्छ । संकटको मार प्रेस काउन्सिल नेपालको ४४ औं वार्षिक (२०७५/२०७६) प्रतिवेदनमा विभिन्न स्रोतलाई उद्धृत गर्दै २०७६ असारसम्ममा पत्रपत्रिका दर्ता भएका ७७६८, अनुमति प्राप्त १०९४ एफएम रेडियो तथा १७४ टेलिभिजन, सूचीकरण भएका १७५६ अनलाइन सञ्चारमाध्यम र देशभर रहेका १३५०० (महासंघको सदस्यलाई आधार मानिएको) पत्रकारमा परेको छ । योसँगै सञ्चार उद्योगमा कार्यरत ठूलो संख्यामा रहेको जनशक्तिमा पनि यसले प्रभाव पारेको छ ।

सम्बद्ध संस्थाहरूका प्रतिवेदनहरू र प्रेस विज्ञप्तिहरूलगायतका प्रकाशनहरूमा उल्लिखित तथ्यांकहरूको आधारमा कोरोना संक्रमणका बेला अर्थात लकडाउन लागू भएको अढाई महिना अवधिको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति, सूचनाको हक, फेक न्यूज, संचारकर्महरूमा रहेकाको स्वास्थ्यप्रतिको सम्वेदनशीलता, विज्ञापन बजार र श्रमजीवी पत्रकारको स्थिति र सरकारबाट प्रस्तुत नयाँ आर्थिक वर्षको बजेटमा सञ्चार क्षेत्रलाई गरिएको व्यवस्थाको समेत सिंहावलोकन गर्नु यो आलेखको उद्देश्य रहेको छ ।

**प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता**

नेपाली सञ्चार क्षेत्रले अनेक संकटहरू झेल्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दै आएको छ । नेपाल पत्रकार महासंघले जुनसुकैपरिस्थितिमा पनि हाम्रो स्वतन्त्रताको पहरेदारी गरिरहेको छ । यी प्रयासका बाबजुद कोरोना संक्रमणले निम्त्याएको महाव्याधीका कारण चैत ११ गतेदेखि लागू गरिएको लकडाउनको अवधिमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अनेक पक्षबाट धावा बोलियो । त्यसका विरूद्ध महासंघलगायत सरोकारवाला संघसंस्थाका साथै राष्ट्रिय मानवअधिकार आयोगले चिन्ता र चासो देखाए । यो मुद्दा नेपाली भूमिभित्रमात्र बहसमा रहेन, अन्तर्राष्ट्रियकरण हुन पुग्यो । संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्बन्धी उच्चायुक्तबाट एशिया प्यासिफिक क्षेत्रका देशहरूमा अभिव्यक्ति स्वतन्त्रताको अवस्थाबारे ३ मे २०२० अर्थात २१

जेठ २०७७मा जेनेभाबाटै जारी प्रेस नोटमा हाम्रो प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था पनि समाहित थियो । नेपालमा कानुनको सहारामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा गम्भीर आघात पारिएको तथ्य अन्तर्राष्ट्रियकरण गर्न सो प्रेस नोट सहयोगी बन्यो । सो नोटमा सरकार र यसले कोभिड-१९ मा गरेको कामप्रति आलोचनात्मक प्रतिक्रिया जनाएकै आधारमा पूर्वप्रशासक पक्राउ गर्ननेपालमा सरकारी निकायहरूले विद्युतीय कारोबार ऐनको प्रयोग गरेको उल्लेख छ । यस्तै कोभिड-१९ सँग सम्बन्धित समाचार संकलन गरेकै कारण पत्रकार नियन्त्रणमा परेका घट्नाहरू भएको र समाचार संकलनका क्रममा सरकारी निकायबाट अवरोध गरिएको, पत्रकारविरूद्ध धम्की तथा शारिरीक आक्रमण गरिएको बुँदा पनि सो नोटमा समाविष्ट छ ।

उच्चायुक्तको नोटले नेपाल सरकारलाई दबाबमा पारिदियो । फलतः परराष्ट्र मन्त्रालयले सो नोटको खण्डन गर्दै विज्ञप्ति नै जारी गर्नुपर्‍यो । परराष्ट्रले ४ जुन २०२० अर्थात २२ जेठ २०७७ मा जारी विज्ञप्तिमा उच्चायुक्तले कोभिड-१९ को अवधिमा अभिव्यक्ति स्वतन्त्रताबारे जारी गरेको विज्ञप्तिमा नेपालको बारेमा संक्षिप्त संकेत गरेकोप्रति नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै सो विज्ञप्तिमा उल्लिखित सन्दर्भले नेपालको प्रेस स्वतन्त्रताको वास्तविकता र सही तथ्यलाई प्रतिबिम्बित गर्दैन भनिएको छ ।

परराष्ट्रले नेपाल सरकार नेपालको संविधानमा उल्लिखित मौलिक अधिकार र स्वतन्त्रताहरूप्रति पूर्ण प्रतिवद्ध रहेको उल्लेख गर्दै सरकारी काम नेपालको संविधान र कानुनबमोजिम निर्देशित रहेको भनेको छ । नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गरेकाले त्यसमा कुनै प्रकारको संकुचन वा उल्लंघन गरेको पाइएमा त्यसविरूद्ध कानुनी उपचार सुरक्षित रहेको समेत विज्ञप्तिमा भनिएको छ ।

सरकारको तर्फबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति यो तहको प्रतिवद्धता अन्तर्राष्ट्रिय समुदायसमक्ष गरिए पनि त्यो व्यवहारमा भने देखिएन । जसको प्रमाणस्वरूप परराष्ट्रको विज्ञप्तिलाई राष्ट्रिय मानवअधिकार आयोगबाट जेठ २४ गते जारी विज्ञप्तिले काउण्टर दियो । विज्ञप्तिमा 'लकडाउनको अवधिमा अनुगमन तथा समाचार संकलनको क्रममा हिँडेका सञ्चारकर्मीहरूमध्ये २२ जना सञ्चारकर्मीहरू गिरफ्तार, आक्रमण, धम्की र दुर्व्यवहारमा परेको, उनीहरूलाई सरकारी निकायहरूबाट सूचना प्रदान गर्न इन्कार गर्ने गरिएको, कतिपय श्रमजीवी पत्रकारहरूले पारिश्रमिक प्राप्त गर्न नसकेको, पत्रकारिता पेशाबाटै विस्थापित हुनुपर्ने परिस्थिति रहेको र कतिपय सञ्चारमाध्यमहरू बन्द हुने अवस्थामा रहेको जस्ता कारणहरूबाट नेपालको संविधानबमोजिमको विचार र अभिव्यक्ति स्वतन्त्रताको हक, सञ्चारको हक तथा सूचनाको हकबाट वञ्चित हुने देखिन्छ' भनिएबाट कोरोनाकालको हाम्रो प्रेस स्वतन्त्रताको वास्तविक चित्र झल्काउँछ ।

त्यसैले त आयोगले भनेको छ-'पत्रकारहरूलाई आवश्यक सूचना उपलब्ध गराउन, पत्रकारहरूमाथिको आक्रमण धम्की र दुर्व्यवहार रोक्न, श्रमजीवी पत्रकारहरूको पारिश्रमिक सुनिश्चित गरी सूचनाको पहुँचलाई सहज बनाउन, पत्रकारको सुरक्षाको सम्बन्धमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम ल्याई कार्य गर्न तथा नेपालको संविधानको धारा ५२ बमोजिम मौलिक हक तथा मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने राज्यको दायित्व प्रभावकारी रूपमा पूरा गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।'

वास्तवमै यो पक्षमा सरकार गम्भीर बन्नैपर्ने अवस्था छ ।

यसबीचमा प्रायः सबै साप्ताहिक पत्रपत्रिका बन्द भए । छापा, अनलाइन र विद्युतीय सञ्चारमाध्यमहरू प्रेस स्वतन्त्रताको उच्चतम उपभोगमा अब्बल हुन पाएनन् । कतिपय विधिवत् दर्ता भएका अनलाइनहरूलाई यो वा त्यो नाममा दुःख दिने काम भए । कोरोना संक्रमणको लाभ लिँदै बन्द गर्ने गराउने कार्य पनि भए । यस्ता घट्ना प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको फैलावटका निम्ति बाधक देखिए । कोरोनाकाल अन्त्यसँगै यो मुद्दाले आकार लिने सम्भावनालाई नकार्न सकिँदैन ।

**सूचनाको हकको प्रश्नः**

कोरोना संक्रमणका नाममा सञ्चारकर्मीलाई सूचना प्रदान गर्ने र पहुँच दिने कुरामा पनि समस्या देखिएको छ । यो समस्या संघ, प्रदेश र स्थानीय तहसम्म देखिएको छ । संघीय सरकारको मन्त्रिपरिषद् बैठकदेखि प्रवक्ताको पत्रकार सम्मेलनमा समेत सूचना 'सिण्डिकेट' अबलम्बन गरिएको निजी सञ्चारमाध्यमहरूको गुनासो रहेको देखियो । यही सिको तल्लो सरकारसम्मले गरेको पाइन्छ । पत्रकार महासंघ, मानवअधिकार आयोग र राष्ट्रिय सूचना आयोगले यो विषयलाई निकै गम्भीरतापूर्वक लिएका छन् । यो बीचमा सूचना आयोगले सरकारलाई सूचना पारदर्शिताका निम्ति दुईपटक निर्देशन नै गर्नुपर्‍यो । आयोगकै शब्दमा 'सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ उपदफा (१) र उपदफा (२) को खण्ड क, ख र ग बमोजिम क्रमशः सूचनाको हकको सम्मान, संरक्षण गर्नु गराउनुपर्ने, सूचना समयसमयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो कामकारबाही खुला र पारदर्शीरूपमा गर्ने दायित्व सार्वजनिक निकायहरूको हुने व्यवस्था गरेको छ । यस अवस्थामा सार्वजनिक निकायहरूले कोरोना भाइरसको संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार र राहतका लागि गरेका निर्णय, खरिद तथा वितरणसम्बन्धी क्रियाकलापहरूका सूचना स्वतः सार्वजनिक गर्दै जान सकिने हो भने सर्वसाधारण नागरिकलाई सूचना माग गरिरहन पर्ने अवस्था तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई सूचना उपलब्ध गराउन लाग्ने समयबाट छुटकारा पाउन सम्भव हुन्छ भन्ने आयोगको विश्वास रहेको छ ।'

आफ्नो यो विश्वासमा ठेस लागेकैले आयोगले संघीय सरकारका मुख्यसचिव, प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतमार्फत सबै सार्वजनिक निकायहरूलाई १६ बुँदे निर्देशन दियो, ६ जेठ २०७७ को निर्णयबमोजिम । जसको बुँदा नम्बर १२ मा भनिएको छ-'सार्वजनिक निकायमा रहेका सूचना संकलन

गरी सर्वसाधारण नागरिकसम्म पुऱ्याउने आमसञ्चारकर्मीहरू तथा सूचनाका हकका अभियन्ताहरू सार्वजनिक निकायहरूमा गइरहन पर्ने हुँदा निजहरूको स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाउन आवश्यक व्यवस्था गर्ने ।' उसो त सोही दिन आयोगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कोरोनाबाट संक्रमित तथा मृत्यु भएकाको स्थायी र अस्थायी ठेगाना स्पष्ट खुलाउनेबारे प्रेस विज्ञप्तिमार्फत सम्झाउने प्रयास पनि गरेको छ ।

आयोगका यी कदमहरूले पक्कै पनि सूचनाको पहुँच र संकलनमा संकुचन आएको छर्लङ्ग पार्दछ ।यसले हामीलाई सूचना स्रोतसम्म पुग्ने, स्वतन्त्रतापूर्वक सूचना संकलन गर्नेदेखि सत्यतथ्य समाचार संकलन गर्ने काममा वाधा हाल्यो । कोरोनाको सरकारी सूचना अनि केही राजनीतिक उतारचढावका सूचना बाहेक अन्य समाचारमा सीमित गरिदियो । यसले समाचारमा विविधताको पक्ष ओझेलमा पऱ्यो । कोरोनाका नाममा अन्य सूचना लुकाउन सहज भयो । पत्रकार महासंघले संवैधानिक प्रावधान सम्झाउँदै सूचना प्रवाह, पहुँच र संकलनमा छेकवार नगर्नबारम्बार झकझक्याउनुको अर्थ पनि यही हो ।

**नक्कली समाचारको बिगबिगीः** सूचनाको सीमितता र अनेक झमेला एकातिर झेल्नु पऱ्यो । अर्कोतिर कोरोना महाव्याधीसम्बन्धी नक्कली वा बनावटी समाचारले समाजलाई भ्रमित तुल्यायो । महासंघले 'कोरोना भाइरसको संक्रमणबाट बच्नका लागि संयमतापूर्वक सत्यतथ्य र सचेतनामूलक सामग्री प्रकाशन-प्रसारण गर्न आम सञ्चारमाध्यमलाई आग्रह' लकडाउन लागू हुनुअघि नै अर्थात ८ चैत २०७६ मै उपलब्ध केन्द्रीय समिति बैठकमार्फत गऱ्यो । यसलाई पटकपटक दोहोऱ्यायो । तर, विश्वव्यापी महारोग बनेको नक्कली समाचारको खेती रोकिएन । ६ चैत २०७६ देखि २० जेठ २०७७ को अवधिमा साउथ एसिया फ्याक्ट चेकले १० वटा समाचारमध्ये ७ वटा महामारीसँग सम्बन्धित बनावटी समाचार प्रवाह भएको तथ्य संकलन गरेको छ । नेपाल फ्याक्ट चेकले यो अवधिमा त्यसखालका ६० समाचार प्रभावित भएको तथ्य संकलन गरेको छ, जसमा धेरैजसो कोरोनासँग सम्बन्धित छन् । पत्रकार आचारसंहिताको पालना हुने हो भने यो समस्या आउने थिएन । प्रेस काउन्सिल नेपालले आचारसंहितामै टेकेर कोरोना भाइरसको संक्रमण सम्बन्धमा सबै किसिमका सञ्चारमाध्यम र संञ्चारकर्मीको निम्ति निर्देशिका नै जारी गऱ्यो । त्यसले पनि नक्कली र दिग्भ्रमित पार्ने सूचना प्रवाह पूर्णतः रोक्न सकेन । फेक न्यूजले समाजलाई गलत सन्देश दिएर भ्रमित पारेको पाइन्छ । नक्कली समाचारहरू आम सञ्चारमाध्यमभन्दा बढी सामाजिक सञ्जालबाट प्रवाहित भएको हुनसक्छ । यसलाई रोक्न भएका पहलहरू सकारात्मक छन्, तर पर्याप्त भएनन् । यसलाई संसारभरको समस्या हो भनेर टुलुटुलु हेरिरहनु उचित हुँदैन ।

**स्वास्थ्यको सवाल**

कोरोना संक्रमणसँग डराएर सूचना प्रवाह गर्न नसकिने यथार्थता मनन गर्दै सञ्चारकर्मीहरू सजगता अपनाउँदै सूचनाको भरियाको भूमिकामा देखिए । अझै भनौं महाव्याधीमा स्वास्थ्यकर्मी र सुरक्षाकर्मी जस्तै सञ्चारकर्मीहरू पनि अग्रमोर्चामा खटिए । यसरी संक्रमणको बेला कार्यालय जाँदा होस् वा स्थलगत समाचार संकलनमा खटिँदा त्रास रहने नै भयो । फलस्वरूप सञ्चारकर्मीहरूलाई पनि कोरोना संक्रमणले छोडेन । कतिपय सञ्चारकर्मी संक्रमित भएको दुःखद खबर आउन थाले । भलै सबै स्वास्थ्यलाभ गर्न सफल भए ।

लकडाउनबीच ११ बैशाख २०७७ मा बसेको महासंघ केन्द्रीय समितिको उपलब्ध पदाधिकारी तथा सदस्यहरूको बैठकले 'विश्वभरि फैलिएको कोरोना भाइरसको संक्रमणले नेपाललाई समेत प्रभावित पारिरहेको सन्दर्भमा आमसञ्चारकर्मीहरूले उच्च जोखिमका बीच जनतालाई सुसूचित गराइरहेको निष्कर्ष निकाल्दै कोरोनाको संक्रमण देखिएका जिल्लासहित सबै जिल्लाहरूमा अग्रभागमा रहेर काम गरिरहेका सञ्चारकर्मीहरूको ऱ्यापिड टेस्टसहित परीक्षणको व्यवस्था मिलाउन नेपाल सरकारसँग' माग राख्यो । तर सुनुवाई भएन ।

त्यही कारण राष्ट्रिय सूचना आयोगले यस विषयमा बोल्ने परिस्थिति बन्यो । आयोगले २ जेठ २०७७ मा आह्वान गऱ्यो-'कोरोना भाइरसको संक्रमण दिनानुदिन बृद्धि भइरहेको र केही सञ्चारकर्मीहरूमा पनि संक्रमण भएकोतर्फ यस आयोगको ध्यानाकर्षण भएको छ । यस विषम परिस्थितिमा समेत आफ्नो स्वास्थ्यको पर्वाह नगरी अनवरतरूपमा कोरोना भाइरसको रोकथाम, उपचार, राहत वितरण लगायतका सूचना तथा समाचार संकलन गर्दै प्रकाशन तथा प्रसारण गरी सर्वसाधारण नागरिकसमक्ष पुऱ्याई सर्वसाधारण नागरिकलाई सुरक्षित राख्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका आमसञ्चारकर्मीहरूमा संक्रमण भएको जानकारीबाट थप सचेत हुनुपर्ने आवश्यकता देखिएको छ । आमसञ्चारका माध्यमहरूले प्रवाह गर्ने सही सूचनाले मात्र सर्वसाधारण नागरिकमा नेपाल सरकार लगायतका अन्य निकायहरूले कोरोना भाइरसको संक्रमण र रोकथाम, उपचार तथा राहतका लागि गरिरहेका असल कामहरूका वारेमा सही सूचना प्राप्त भई यसको संक्रमणवाट जोगिन सहयोग पुग्न सक्छ । यस महत्वपूर्ण योगदान तथा कार्यको सवैले सराहना र सम्मान गर्नुपर्दछ भन्ने यस आयोगको ठहर रहेको छ । नेपालको संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता र सूचनाको हकको कार्यान्वयनमा लागि क्रियाशील रहने आमसञ्चारकर्मीहरू आफू सुरक्षित रहनु पहिलो प्राथमिकता हुनु पर्दछ । सबै निकायहरूलाई आमसञ्चारकर्मीहरू सुरक्षित रहनेगरी मात्र समाचार तथा सूचना प्रवाह गर्न गराउन आयोग आव्हान गर्दछ । आमसञ्चारकर्मीहरूको सुरक्षामा विशेष ध्यान दिन मिडिया हाउसहरू र नेपाल सरकार लगायत सबै निकायहरूलाई आयोग आव्हान गर्दछ । कोरोना भाइरससम्वन्धी बीमा पनि उपलब्ध भएको सन्दर्भमा आमसञ्चारकर्मीको पनि बीमा हुन आवश्यक छ । संक्रमणबाट जोगिन आवश्यक पर्ने सुरक्षाका सामग्री प्रयोग गरेरमात्र कार्यस्थलमा गई आफू र अरूलाई पनि सुरक्षित राख्न आमसञ्चारकर्मीहरूमा आयोग अनुरोध गर्न चाहन्छ । समाचार तथा सूचना प्रवाह गर्दा

यथाशक्य फोन, इमेल, वेव, भाइवर, वाट्सएप लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग तथा उपलब्धताका लागि आयोग अनुरोध गर्दछ ।

तर सरकारले संक्रमित भए वा संक्रमितको सम्पर्कमा गएका सञ्चारकर्मीहरूको मात्र टेष्ट गर्दा संक्रमण भएको तथ्यहरू आए । यसले सञ्चारकर्मीको परिवारलाई पीडा दियो भने कार्यरत सञ्चारगृहहरूमा आतंक सिर्जना गऱ्यो । महामारीमा सञ्चारकर्मी र सञ्चारगृह सहजतापूर्वक परिचालित हुनेगरी स्वास्थ्य प्रवन्ध गर्न सम्बद्ध सञ्चारगृह र राज्य गम्भीर नबनेको आमसञ्चारकर्मीहरूको टिप्पणीलाई ध्यान दिन जरूरी देखिन्छ ।

**विज्ञापन बजार र श्रमजीवीको सवाल**

कोरोना संक्रमण अझ भनौं लकडाउनसँगै धेरैजसो साप्ताहिक पत्रपत्रिका बन्द भए । त्यसले त्यहाँ कार्यरत श्रमजीवी पत्रकारको रोजीरोटीमा सोझै असर गऱ्यो । प्रेस काउन्सिल नेपालले २०७६ फागुनसम्ममा रेकर्ड गरेको ९६५ पत्रपत्रिका र ३२ च्यानल टीभी, अनलाइन, रेडियोबाट पत्रकारहरूको रोजगारी खोसिने, दबाबपूर्ण बिदामा राख्ने, तलबभत्ता कटौती गर्ने, नियमित पारिश्रमिक नदिने र काममा खटिँदा सुरक्षा सामग्री उपलब्ध नगराइएको डरलाग्दो अवस्था देखिएको छ ।

नेपाल पत्रकार महासंघमा यसखाले उजुरीहरूको ओइरो लागेको छ । लकडाउनकै अवधि अर्थात ११ बैशाख २०७७ मा बसेको महासंघको उपलब्ध केन्द्रीय समिति बैठकले यो विषयलाई गम्भीरतापूर्वक लियो । ' कोरोनाको संक्रमणले उत्पन्न गराएको संकटपूर्ण अवस्थाले श्रमजीवी पत्रकारहरूलाई प्रभावित पारिरहेको समयमा कान्तिपुर मिडिया ग्रुपसम्बद्ध पत्रकारहरूलाई दबाब दिएर बेतलबी बिदा दिने र नेपाल रिपब्लिक मिडिया प्रा.लि., एभिन्युज टेलिभिजन, राजधानी दैनिक तथा अन्नपूर्ण मिडिया ग्रुपसहितका कतिपय सञ्चारगृहले लामो समयदेखि पारिश्रमिक नदिएकोप्रति महासंघको गम्भीर ध्यानाकर्षण' भएको भन्दै बैठकले 'दबाबपूर्ण बेतलबी बिदाको क्रम रोक्न र पारिश्रमिक नदिएका सञ्चार प्रतिष्ठानहरूलाई अबिलम्ब बाँकी पारिश्रमिक भुक्तानी गर्न आग्रह' गऱ्यो ।

त्यसैगरी महासंघले 'श्रमजीवी पत्रकारहरूको हकहित र अधिकारका लागि अनुगमन, समन्वय र कानुनीलगायतका संघर्ष गर्न महासंघले महासचिव रमेश विष्टको नेतृत्वमा एक समिति गठन गर्ने निर्णय' पनि गऱ्यो ।अब यो समितिले श्रमजीवी पत्रकारहरूको पारिश्रमिक उपलब्ध गराउनेदेखि अन्य कडा संघर्षको कार्यक्रम तय गर्नु पर्ने देखिएको छ । सञ्चारगृहहरूले श्रमजीवी पत्रकारहरूलाई अहिलेकै जस्तो रवैया देखाइरहने हो भने लकडाउन खुलेसँगै हरेक सञ्चार गृहमा अकल्पनीय द्वन्द्वउत्पन्न हुने र श्रमजीवी पत्रकार हरूले सामूहिकरूपमा कानुनी उपचार खोज्ने परिस्थिति बन्न सक्छ । त्यो अवस्था आउन नदिन सञ्चारगृहको व्यवस्थापन गम्भीर बन्नै पर्दछ ।

हुन त यो अवधिमा सञ्चारगृहहरूको बजारीकरण निकै खस्किएको छ । विज्ञापन बजार खस्किएको छ । आम्दानी सुकेको छ । कूल वार्षिक १२ अर्बको विज्ञापन लकडाउनसँगै नराम्ररी खुम्चेको छ । तर, केही समयको विषम परिस्थितिका नाममा सानो चित्त बोकेर श्रमजीवीको रोजीरोटी खोस्ने र पारिश्रमिक नियमित नदिने शैली व्यवहारिक होइन ।

यसबीचमा महासंघले मिडिया हाउसहरूमा गरेको अनुगमन प्रतिवेदनमा पनि श्रमजीवी पत्रकारको अवस्था जटिल रहेको, ठूला सञ्चारगृहहरूमा कार्यरत पत्रकार बढी मर्कामा परेको, नियमित पारिश्रमिक नपाएकाहरूको दैनिक गुजारा कठिन बनेको निष्कर्ष निकाल्दै बाँकी पारिश्रमिक भुक्तान गर्न, जबरजस्ती कामबाट नहटाउन, पारिश्रमिक कटौती नगर्न र पत्रकारलाई पेशाबाट विस्थापित नगराउने वातावरण निर्माण गर्न नेपाल सरकार, मिडिया सञ्चालक सरोकारवाला निकायको ध्यानाकर्षणमा जोड दिइएको छ । तर, महासंघ भनिरहने अरूले एक कानले सुनेर अर्को कानले उडाउने काम गरिरहँदा श्रमजीवी पत्रकारको बेहाल हुँदै गएको छ । यो परिस्थिति नरोकिए समाज र यो पेशामा रहेकाहरूबाटै पनि समग्र पत्रकारिताप्रति नकारात्मक धारणा बनाउने जग बन्न सक्छ ।

**नीति तथा कार्यक्रम र बजेट वक्तव्य**

सरकारले आर्थिक वर्ष २०७७/०७८ का लागि नीति तथा कार्यक्रम ल्यायो, बजेट ल्यायो । ती दुबैले महाव्याधीबीच ज्यान जोखिममा राखेर अनि आर्थिक संकटले थिचिएर सूचना भरियाको रूपमा काम गरेका मिडिया हाउस र सञ्चारकर्मीहरूलाई सम्मान गर्न सकेन । स्वास्थ्यकर्मी र सुरक्षाकर्मी जस्तै अग्रमोर्चामा खटिएको प्रेसको भूमिका सम्झिने काम समेत भएन ।

सरकारले बजेटमार्फत विद्युतीय सञ्चारमाध्यमलाई नवीकरण र रोयल्टीमा छुट, अनलाइन सञ्चारमाध्यममा लोकल्याणकारी विज्ञापन प्रवाह, प्रदेशस्तरमा सञ्चारग्रामको स्थापना जस्ता विषय सम्बोधन गऱ्यो । यसले मिडिया सञ्चालकलाई राहत प्रदान गर्न सक्छ, जुन सकारात्मक हुँदाहुँदै श्रमजीवी पत्रकारको मन भने सरकारले राखेन ।

तसर्थ पत्रकार महासंघले सञ्चारकर्मी र सञ्चारमाध्यमका प्रमुख समस्या बजेटले सम्बोधन गर्न नसकेको निष्कर्ष निकाल्दै १९ जेठ २०७७ को उपलब्ध बैठकबाट भनेको छ,'महासंघले यही बैशाख १८ गते सञ्चारमन्त्रालयमा पेश गरेको पत्रकार र सञ्चारमाध्यमका लागि राहत प्याकेज, सञ्चार साधन र विद्युत महशुलमा छुट, समानुपातिक विज्ञापन वितरण, श्रमजीवी पत्रकारको पेशागत र भौतिक सुरक्षा एवं वृत्ति विकाससँग सम्बन्धित विषयहरू नसमेटिएकाले ती विषयहरू तत्काल सम्बोन गर्न महासंघ जोडदार माग गर्दछ ।'

कोभिड–१९ का कारण उत्पन्न परिस्थितिबाट आर्थिकरूपमा संकट व्यहोरिरहेका र श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेका सञ्चारगृहहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन' पनि महासंघले सरकारसँग अनुरोध गरेको छ । यस्तो ऋण श्रमजीवी पत्रकार ऐन कार्यान्वयन, पारिश्रमिक नियमितता, रोजगारी सुरक्षा आदिमा प्रतिवद्ध

मिडियाले पाउँदा महासंघलाई आपत्ति छैन भनिएको बुझ्न सकिन्छ ।

**निष्कर्ष**

यस आलेखमा विश्लेषण गरिएका तथ्य–तथ्यांकहरूका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने कोरोना महामारीबीच नेपाली प्रेसले आफ्नो बलबुताले भ्याएसम्म जनताको सूचनाको हकसम्बन्धी संवैधानिक अधिकारको सम्मान गरिरहेको छ । आर्थिक अभाव, स्वास्थ्य चिन्ता, सूचना पहुँचको संकुचनकाबीच पनि नेपाली प्रेसले आफ्नो दायित्व बिर्सेन । सामाजिक सञ्जाललगायतका माध्यममा फेक न्यूज नरोकिए पनि मूलधारका मिडिया आचारसंहिता पालनामा गम्भीर नै देखिए । भलै यस अवधिमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको हनन्, सूचना संकुचन, स्वास्थ्य सुरक्षा चिन्ता, विज्ञापन बजारमा संकुचन, नियमित पारिश्रमिक र रोजगारीको अनिश्चय नेपाली प्रेस र सञ्चारकर्मीहरूले झेलेको तनाव हुन् । यसले समग्रमा नेपाली प्रेसलाई निकै गहिरो संकट (डाउन) मा पुर्‍याएको छ । केही सञ्चारमाध्यम लक (बन्द) भएका छन् । डाउन भएको सञ्चार क्षेत्रलाई पुर्ववत् स्थितिमा पुर्‍याउन चानचुने मेहनतबाट सम्भव छैन । तर संकट कम भएसँगै लक भएका सञ्चारमाध्यम खोल्न (अनलक) गर्न सकिन्छ । यसले जनताको सूचनाको अधिकारको सम्मान गर्न मद्दत गर्दछ । श्रमजीवी पत्रकारको पारिश्रमिक र रोजगारी सुरक्षामा खासगरी निजी सञ्चारमाध्यमका व्यवस्थापन पक्ष गम्भीर नभए भविष्यमा व्यवस्थापन र सञ्चारकर्मीहरूबीच नयाँ खालको द्वन्द्व आउनेतर्फ ध्यान दिन ढिलो गर्नु हुँदैन । अन्य सबैखाले समस्याको सम्बोधनमा राज्यले अभिभावकीय भूमिका निर्वाह गर्न नसकेको टिप्पणीहरू सुनेर सरकारले आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ । र, अहिलेको संकटबाट बिस्तारै तङ्ग्रिदै नेपाली सञ्चार क्षेत्र र सञ्चारकर्मीले आफ्नो भूमिका देखाउन सक्नु पर्दछ ।

*(लेखक नेपाल पत्रकार महासंघका सचिव हुनुहुन्छ ।)*

**सन्दर्भ सामग्रीः**


*http://www.fnjnepal.org/en/presses*

*http://freedomforum.org.np/*

*https://mof.gov.np/uploads/document/file/%E0%A4%AC%E0%A4%9C%E0%A5%87%E0%A4%9F_%E0%A4%B5%E0%A4%95%E0%A5%8D%E0%A4%A4%E0%A4%B5%E0%A5%8D%E0%A4%AF_%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AD_website.pdf*

*https://mofa.gov.np/category/press-release/*

*https://www.nhrcnepal.org/nhrc_press_release_details-660.html*

*https://nic.gov.np/page/adeshtohealth*

*https://nic.gov.np/page/nepalgov-corona-bigyapti*

*https://nic.gov.np/mydata/161/1589550607.press_corona.pdf*

*https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=25920&LangID=E*

*http://www.presscouncilnepal.org/np/*

*http://www.presscouncilnepal.org/np/wp-content/uploads/2020/04/kkk.pdf*

*http://www.presscouncilnepal.org/np/wp-content/uploads/2019/10/Pratiban-2076_pfd.pdf*

*https://risingnepaldaily.com/opinion/fact-checking-in-time-of-corona-pandemic*

*http://southasiacheck.org/*


## गतिविधि



विश्वविख्यात अध्यात्मीक गुरू श्री श्री रविशंकरद्वारा स्थापित The Art of Living-Nepal का संयोजक तथा पूर्व सभासद् विमलकुमार केडियाले नेपाल पत्रकार महासंघमा मास्क, स्यानिटाइजर लगायतका स्वास्थ्य सामाग्री हस्तान्तरण गर्नुभएको छ । उहाँले उपलब्ध गराउनुभएको सामाग्री समाचार संकलनमा अग्र स्थानमा खटिएका पत्रकारका लागि प्रदान गरिएको छ ।





वरिष्ठ पत्रकार कृष्ण सेन 'इच्छुक'को १८औं स्मृति दिवसको अवसरमा नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा कृष्ण सेनसहित हत्या गरिएका पत्रकारहरुको सम्मानमा महासंघ केन्द्रीय कार्यालयस्थित पत्रकार सहिद स्तम्भमा आयोजना गरिएको मौनधारण तथा श्रद्धाञ्जली कार्यक्रम ।

# कोरोनासँग जुध्दै नेपाली पत्रकारिता



**राजेश मिश्र**
rajesh.reporter@gmail.com



**मिडिया क्षेत्रमा आइपरेका समस्याहरूको समाधानमा सामूहिक प्रयासको आवश्यकता छ ।**

कल्पनाभन्दा बाहिरको संकटमा यतिबेला विश्वजगत परेको छ । कुनै एक देश, कुनै एक क्षेत्र होइन सिंगो विश्वका मानवजातिमाथि नै आइपरेको संकट हो कोभिड- १९ (कोरोना भाइसर) को महामारी । अंग्रेजी नयाँवर्ष सन् २०२० को प्रारम्भ नै यस महामारीविरूद्धको लडाईबाट शुरू भएको छ । अंग्रेजी नयाँ वर्षको साढे तीन महिना पछाडि प्रारम्भ हुने नेपालीहरूको नयाँ वर्ष २०७७ को पहिलो दिन बैशाख १ गते होस वा यस अवधिमा परेका चाडवाडहरू कुनैपनि उत्साहजनक ढंगले मनाइएको छैन । बिहावारी लगायतका सामाजिक संस्कारहरू पनि प्रभावित भएका छन् । यसवर्ष विहे गर्ने सोंचेका कैयौं जोडीका त्यस्ता योजना रोकिएका छन् । थोरै मात्र पारिवारिक जमघटका बीच आकलझुक्कल विवाहका कार्यक्रमहरू भएका छन् । मृत्यु संस्कारमा पनि आफन्तहरू जुट्न पाएका छैनन् ।

कारण हो, कोरोना संक्रमणको फैलावट रोक्न गरिएको 'लकडाउन' । सिंगो नेपाल चैत्र ११ बाट लकडाउनमा छ । अर्थात बजार, पसल, सरकारी, निजी, कार्यालय, उद्योग कलकारखाना, यातायात, विमानस्थल सबै बन्द छन् । कोरोना कहरले आर्थिक गतिविधि ठप्प भएका छन् ।

लकडाउनको तीन महिना पुग्न लाग्दा विपन्न मात्रै होइन मध्यम वर्गलाई समेत आर्थिक संकटले च्याप्दै गएको छ । रोजगारी संकटमा परेको छ । निजी प्रतिष्ठान, उद्योगधन्दाहरूले कामदार कटौती गरेका, तलब दिन छाडेका छन् । सबै आर्थिक गतिविधि ठप्प हुँदा त्यसको प्रभाव सबैतिर पर्न थालेको छ ।

नेपाल बाहिर रोजगारीका सिलसिलामा भारत र खाडी मुलुकहरूमा ५० लाख नेपालीहरू रहेको अनुमान छ । ती मानिसहरू बाहिरपनि नेपालीहरूले ज्यान गुमाएका छन् । उनीहरूमा धेरैजसो नागरिक यो विपतको क्षणमा नेपाल फर्किन चाहेका छन् । देशको आन्तरिक राजस्व र बाह्य आम्दानी घटेका छन् । त्यसले आर्थिक चुनौती पनि उत्तिकै थपिने निश्चित छ । अर्थात कोराना कहरले सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक सबै क्षेत्रलाई नराम्ररी प्रभावित बनाएको छ । पत्रकारिता त्यही समाजभित्रको अंग भएकाले यो क्षेत्रपनि उत्तिकै प्रभावित छ । कोरोनाकालमा पनि अग्रमोर्चामा डटेर काम गर्ने पेसा पत्रकारिता देखिएको छ । कामको हिसाबले अग्रमोर्चामा रहेका पत्रकारको स्वास्थ्य, पेसा र सामाजिक सुरक्षाका विषयहरू भने अत्यन्तै कमजोर छ ।

समाजमा उतपन्न हुने कुनै पनि परिस्थिति चाहे त्यो जस्तोसुकै चुनौतीपूर्ण र जोखिम किन नहोस । त्यसबेलामा अग्रपंक्तिमा सक्रिय हुनुपर्ने केही पेसामध्येको पत्रकारिता हो । प्राकृतिक विपत्ति, मानव सृजित विपत्ति, युद्ध, आन्दोलन, आतंककारी आक्रमण वा अन्य कुनैपनि राजनीतिक/गैरराजनीतिक, सामाजिक लडाइँहरूको बेला बढी सक्रिय हुनुपर्ने अवस्था पत्रकारलाई आइपर्छ । जनतासमक्ष सही सूचना पुर्‍याउने पेसागत कर्तव्य तथा व्यक्तिगत चाहना र पेसाप्रतिको लगावले पत्रकारहरू ज्यान जोखिममा राखेर अग्रमोर्चामा उत्रिन्छन् । अहिलेको परिस्थिति पनि त्यस्तै छ । तर, अरूबेला भन्दा भिन्न यो मानेमा छ कि प्रभावित क्षेत्र निश्चित छैन । सबैतिर एकैखाले डरको अवस्था छ । देशभरका सबै पत्रकारका लागि उत्तिकै र उस्तैखाले समस्या/चुनौती छन् ।

पछिल्ला तीन दशकमा ठूलाठूला राजनीतिक आन्दोलन, १२ वर्षसम्म चलेको आन्तरिक सशस्त्रद्वन्द्व र पाँचवर्ष अगाडि वि.स २०७२ को बैशाख १२ मा आएको महाभूकम्प जस्ता कठिन अवस्थाहरूमा कुशल पत्रकारिता गरेको नेपाली पत्रकारसँग अनुभव छ । तर, स्वास्थ्य क्षेत्रमा ठूलो महामारीको रिपोर्टिङको अनुभव छैन । नेपाली पत्रकारिताले बिल्कुलै नयाँ चुनौतीपूर्ण परिस्थितिको सामना गरिरहेको छ । पहिलेदेखिनै स्वास्थ्य बिटमा काम गर्ने पत्रकार कम छन् । अहिलेको अवस्थामा हरेक बिटका पत्रकारहरूलाई स्वास्थ्यसँग सम्बन्धित समाचार लेख्नु परिरहेको छ । कारण हो, पत्रिका, अनलाइन, टिभी र रेडियोका सबैजसो समाचार कोरोना केन्द्रित छन् । लकडाउनका कारण शहरमा कामधन्दा बन्द भएपछि हजारौं मजदूरहरू पैदलै आआफ्नो घर फिर्ने क्रम लामो चल्यो । त्यस्तै सीमापारि भारतबाट आउनेको चाप पनि त्यस्तै छ । सीमा क्षेत्रका स्कूल तथा सार्वजनिकस्थलमा बनाइएका क्वारेन्टाइनहरू व्यवस्थित छैनन् । पत्रकारहरू ती पैदलयात्रु र क्वारेन्टाइनका अवस्थाको समाचार लेख्न पुग्नुपरेको छ । सामान्य मास्कका भरमा पत्रकारहरू कुदिरहेका छन् ।शुरूका दिनमा मास्कको पनि सहज उपलब्धता हुन सकेन । पत्रकारका लागि पहिलो जोखिमनै स्वास्थ्य बन्न पुगेको छ । यो आर्टिकल तयार पर्दासम्म १४ जना पत्रकार कोरोनाबाट संक्रमित भएको तथ्यांक छ ।

मिडिया हाउसहरूले घरबाट काम गर्ने वातावरण मिलाएपनि 'फिल्ड रिपोर्टिङ' बिना समस्याहरूको उजागर सम्भव छैन । पत्रकारहरू जोखिम मोलेर फिल्डमा उत्रेका छन् । फोटो र भिडियो खिच्ने पत्रकारहरूको जिम्मेवारी फिल्डमा नपुगी पूरा हुनै सक्दैन । 'फिल्ड रिपोर्टिङ'कै परिणाम हो, आम मानिसले भोगेको पीडा, सरकारी अव्यवस्थाका विषयवस्तुहरू बाहिर आएका छन् । बाहिर रिपोर्टिङका क्रममा आफू कुनैपनि बेला संक्रमित हुनसक्ने असुरक्षाका बीचपनि जनतालाई सही सूचना दिने आफ्नो धर्म नेपाली पत्रकारहरूले छाडेका छैनन् । पत्रकारहरूले ठाउँ छाडेका दिन 'फेक न्यूज' ले स्थान लिने निश्चित थियो । मूलधारका मिडियाहरूको सक्रियताले ती 'फेक न्यूज' निरूत्साहित भएका छन् । भनिन्छ, संकटको बेलामा नै कसैको परीक्षा हुन्छ । अहिलेको संकटमा गरिएको जिम्मेवारीपूर्ण पत्रकारिताले नै नेपाली पत्रकारिताको भविष्य निर्धारण गर्नेछ ।

महासंघले पत्रकारको स्वास्थ्य सुरक्षाको ख्याल गर्दै केन्द्र, प्रदेश र जिल्ला शाखाहरूमार्फत मास्क, सेनिटाइजर, ग्लोब्स लगायतका सामग्रीहरू यस अवधिमा वितरण गरेको छ । यस कार्यमा हरेक शाखाको सक्रियता देखिएको छ । त्यस्तै, पत्रकारहरूको कोरोना परीक्षण, कोरोना विमा लगायतका काम पनि महासंघका शाखामार्फत भएका छन् । पत्रकार महासंघले यस अवधिमा पत्रकाहरूलाई सुरक्षित रहेर पत्रकारिता गर्न निर्देशिका नै जारी गरेको छ । विश्वस्वास्थ्य संगठनले पत्रकारका लागि बनाएको मापदण्डमा केही थप गरी त्यसलाई सबै पत्रकारमाझ पुर्‍याउने प्रयत्न गरिएको छ । 'आफू सुरक्षित रहेर मात्रै पत्रकारिता गरौं, नागरिकलाई सही सूचना दिऔं' नाराका साथ मापदण्ड जारी गरिएको छ ।

अर्कोतिर, मिडिया प्रतिष्ठानहरूले पत्रकारमाथि गरिरहेको गैरजिम्मेवार व्यवहारले पत्रकारहरूलाई पेशागत असुरक्षाको सामना गर्नु परिरहेको छ । काममा लगाउने तर तलब नदिने, अकस्मात मिडिया बन्द गरिदिएर त्यहाँ कार्यरत पत्रकार र कामदारलाई विचल्ली पार्ने, जागिर छाड्न दवाब दिने, बेतलवी विदामा बस्न लगाउने जस्ता विषय बाहिर आएको छ । पत्रकारलाई आवश्यक न्यूनतम तलबपनि समयमा नदिने नेपाली मिडिया क्षेत्रको पुरानो रोग हो । तर, यतिबेला आर्थिक मन्दीलाई देखाउँदै मिडियाहरूले त्यसलाई बढावा दिएको देखिन्छ । आर्थिक गतिविधि ठप्प हुँदा विज्ञापन बजार प्रभावित छ । मिडियाहरूले विज्ञापन पाइरहेका छैनन् । मिडियाको आम्दानी गुमेको कुरा सत्य हो ।

विज्ञापनको बजार ओरोलो लागेको भन्दै मिडियाहरूले लामो समय यही अवस्थामा चलाउन नसकिने भन्दै आएको छ । पत्रकार महासंघले सरकारलाई मिडिया क्षेत्रलाई सम्बोधन गरेर राहतको कार्यक्रम ल्याउन भन्दै आएको छ । निजी क्षेत्र पूर्णरूपमा ठप्प रहेका बेला सरकारले दिनसक्ने राहतले मिडियालाई सहयोग पुग्नसक्छ । तर, सरकारको सधैंभरि विपक्षमा रहने मिडियाका लागि सरकार त्यति सहजै सकारात्मक भइहाल्दैन ।

दुई महिना अगाडि र अहिलेको परिस्थितिमा मिडियाका लागि आकाश जमिनको अन्तर जस्तो भएको छ । पानाका पाना विज्ञापन छाप्ने प्रिन्ट संस्करणहरू विज्ञापनविहीन छन् । समाचार र आर्टिकलले पेज भरिएका छन् । पेज कटौती गरिएका छन् । टिभी, रेडियो र अनलाइनको हालतपनि कमजोर छ । त्यसको असर पत्रकारलाई परेको छ । विज्ञापन नभएपछि त्यो स्थान र समय भर्नका लागि पत्रकारले काम धेरै गर्नुपर्ने भएको छ । तर, पारिश्रमिकको समस्या छ ।

लकडाउनको प्रारम्भदेखि नै मिडियाको व्यवस्थापन



फोटोः मनिष सेन

पक्षले पत्रकार/कर्मचारीमाथि देखाएको अमानवीय खालको व्यवहारको महासंघले निन्दा र प्रतिरोध गर्दै आएको छ । लकडाउनलाई बहाना बनाएर कुनैपनि पत्रकारको जागिर असुरक्षित नबनाउन महासंघले निरन्तर खबरदारी गर्दै आएको विषय हो ।

मिडिया क्षेत्रमा आइपरेका समस्याहरूको समाधानमा सामूहिक प्रयासको आवश्यकता छ । महासंघ र सरोकारवाला अन्य संघसंस्था, मिडिया उद्यमीहरूबीच निरन्तर छलफल र परामर्शको आवश्यकता छ । तर, सामूहिक प्रयासको अभावका हुँदा मिडियालाई कमजोर बनाउने तत्वहरू हावी हुन खोज्दैछन् । यस्तै अवस्था लामो समय रहे सरकारले लगानी गरेका मिडियाहरू बाहेकका निजी क्षेत्रका मिडियाहरू बन्द हुँदै जानेछन् । जसले स्वतन्त्र ढंगले सूचना पाउने आममानिसको हक र अधिकारनै कुण्ठित हुन पुग्छ ।

महिनौको लकडाउनले बजार व्यवसाय धराशायी भएका छन् । विज्ञापन बजार सुकेका छन् । सबैभन्दा बढी चुनौती प्रिन्ट संस्करणमाथि आइपरेको छ । प्रिन्टमाथिको चुनौती केहीवर्ष यतादेखि नै आएको हो । अनलाइन र डिजिटल प्लेट फर्मको विस्तार त्यसको कारण हो । तर, अहिले त्यो थपिएको छ । कागजले पनि कोरोना सर्छभन्ने मान्यताले कतिपयले पत्रिका छुनपनि चाहँदैनन् । मिडियाहरू कमजोर भए वा बन्द हुँदै गए त्यसको पहिलो शिकार पत्रकार हुनेछन् । मिडिया मालिकले अन्य पेसा तथा व्यसाय थाल्न सक्छन् । त्यहाँ काम गर्ने विभिन्न डिपार्टमेन्टका मानिसहरूले त्यस्तै मिल्दोजुल्दो फिल्डमा केही काम पाउनसक्छन् । तर, पत्रकारहरूका लागि मिडिया बाहेक अन्यत्र कामको सम्भावना छैन । तिनले पेसा बदलिनुपर्ने अवस्था आउने छ । पत्रकारिता पेसा अँगालेर वर्षौंदेखि यसैमा लागेका एकजना पत्रकारका लागि त्योभन्दा कठिन समय अर्को हुने छैन ।

यतिबेला मिडियाको पहिलो काम समाजको आत्मविश्वास बढाउनु हो । कोरोनाबाट समाजबाट मुक्ति दिलाउन मिडियाले कमजोर बन्दै गएको सामाजिक गतिविधि र अर्थतन्त्रलाई उकास्ने खालका गतिविधिहरू बाहिर ल्याउन आवश्यक छ । सरकारका कमीकमजोरीलाई औंला उठाउने मिडियाको धर्म नै भयो । तर, यतिबेला सरकारले गरेका प्रयासहरूको सराहना र निर्णयका लागि उपयुक्त सुझावहरू निरन्तर दिइरहनुपर्छ । सरकार, निजी क्षेत्र र सिंगो समाजको आत्मविश्वास बलियो बनाउन मिडियाको भूमिका आवश्यक छ । त्यसले समाजलाई क्रमशः पुरानो लयमा फर्काउन मद्दत पुर्‍याउने छ । कोरोना छिटै अन्त्य भइहाल्ने जस्तो पनि देखिँदैन । अब यस रोगसँग लड्दै समाजलाई जीवन्त बनाउनुको विकल्प छैन । विश्व स्वास्थ्यसंगठनले 'सामाजिक दूरी' भन्दै आएको छ । तर,त्यो भनेको समाजसँगको दूरी होइन, व्यक्ति व्यक्तिबीचको शारीरिक दूरी भन्न खोजिएको हो । त्यहीअनुसारको जीवनशैली बनाएर कोरोनालाई पनि अन्य रोगजस्तै जीवनको अंग बनाएर अगाडि बढ्नुको विकल्प छैन । पत्रकारिता पेशामा संलग्न लगानीकर्ता, पत्रकार, कामदार, पेशागत संघ/संस्था सबैले कोरोना र त्यसले पारेका विभिन्न प्रभावहरूसँग जुध्दै पत्रकारितालाई थप सवल बनाउन सामूहिक प्रयत्न जारी राख्नपर्छ ।

*(लेखक नेपाल पत्रकार महासंघका कोषाध्यक्ष हुनुहुन्छ ।)*

# श्रमजीवी पत्रकारको अधिकारमा कालो बादल



**यम विरही**
ybirahi@gmail.com



**यही अबस्था निरन्तर रहेमा पत्रकार बेरोजगार भई ठूलो संख्या बिस्थापन हुने लक्षण देखिँदैछ । बेरोजगारीका कारण पत्रकार मानसिक तनाव, चिन्ता र बैचैनीमा छन् ।**

विश्वव्यापीरूपमा फैलिएको कोरोना (कोभिड-(१९) को महामारी उत्कर्षमा छ । यस्तो जटिल परिस्थितिको असर कुनै एक क्षेत्र वा सीमाभित्र सीमित छैन । चौतर्फी रूपमा भय र संत्रास छ । कोरोनाको बहुध्रुवीय मारमा पहिलो पङ्तिमा रहेर काम गर्ने श्रमजीवी पत्रकार छन् यतिबेला । नेपालमासमेत कोरोनाको असरका कारण गम्भीर परिस्थिति उत्पन्न हुँदैछ । यस्तो जटिल अबस्थामा श्रमजीवी पत्रकारले मुलुक र समाजप्रतिको आफ्नो दायित्व निर्बाह गर्न अग्रमोर्चामा उभिएर काम गर्नुपर्ने बाध्यता पत्रकारसामुछ ।

चौतर्फी असहज परिस्थितिमा पत्रकारलाई संक्रमणको जोखिमसमेत छ । यस्तो जोखिमका बीच पनि पत्रकारले आफूमा भएको न्यूनतम स्रोत, साधन तथा सीपको भरपुर उपयोग गरी यथार्थ सूचना संप्रेषणमा अहोरात्र आफ्नो कर्तव्य निर्बाह गरिनै रहेका छन् । अनेक अफ्ठ्यारा र चुनौतीको सामना गर्दै संकटका बेला अहोरात्र कार्यक्षेत्रमा खटिने पत्रकारको झन यति नै बेला सेवा, सुरक्षा, व्यवसायिकता, न्यूनतम अधिकार पनि खोसिएको अबस्था छ । श्रमजीवी पत्रकारको अवस्था नै दयनीय बन्दै गएको स्थितिमा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र मानवअधिकारको रक्षा जस्ता सवालमा कसरी डटेर काम गर्न सकिएला ? अनेकौं प्रश्नहरू स्वाभाविक उब्जेका छन् ।

मिडिया हाउस व्यवस्थापनको रवैयाका कारण श्रमजीवी पत्रकारको जीवनस्तर र आर्थिक अवस्था नाजुक बन्दै गएको छ । अनिश्चित भविष्यको कालो बादल मडारिएको स्थिति छ । बेरोजगारीका कारण पत्रकार मानसिक तनाव, चिन्ता र बैचैनीमा छन् । यो जटिल परिस्थितिमा महिनौंसम्म पारिश्रमिक नदिएर जबर्जस्ती निकालामा पर्ने श्रमजीवीका मलिन अनुहारले बिषादको दुर्दान्त तस्वीर झल्काउँछ ।

वास्तवमा श्रमजीवी पत्रकारको भौतिक र आर्थिक अबस्थाका कारण निर्बाधरूपले काम गर्ने वातावरण छैन । खासमा पेशागत सुरक्षाको बिषय यतिबेला गम्भीर बनेको छ । मिडिया हाउसबाट श्रमजीवी पत्रकार ऐन, २०५१ र नियमावलीले तोकेका न्यूनतम मापदण्डकोसमेत पालना भएको छैन । जसका कारण श्रमजीवी पत्रकारको अवस्था

जटिल मोडमा पुगेको छ । श्रमजीवी पत्रकारको सुनिश्चित भविष्यका लागि पत्रकार महासंघलाई वर्तमान अवस्थाको समीक्षा गरी तत्काल ठोस रणनीति तय गर्नुपर्ने अबस्था छ । जुन कार्यका लागि ढिला भइसकेको छ । यसो त लकडाउनका कारण ठूला, साना सबै सञ्चारमाध्यमसमस्याग्रस्त नभएका होइनन् ।

तर ठूला मिडिया हाउसले नै लकडाउनको एकाध महिनामै खुट्टा कमाएको अबस्थामा श्रमजीवी पत्रकारहरूले संकटको बेला के गर्ने, कहाँ जाने, कसरी जीविकोपार्जन गर्ने भन्ने न्यूनतम् समस्यामै तनावको सामना गरिरहनुपरेको अबस्था छ । लकडाउन अवधिमा तीन/चार महिनाकै पारिश्रमिक नपाएको स्थितिमा अन्य सुविधा त परको कुरा भयो । एकातिर धेरै मिडियामा कोरोना महामारीका सन्दर्भमा सरकारले लागू गरेको लकडाउन (२०७६ चैत ११ गते) भन्दा अघिदेखि नै श्रमजीवीले पारिश्रमिक नपाएको अबस्था छ । पाए पनि २५ देखि ५० प्रतिशतसम्म काटेर तलब पाएका छन् ।

यही अबस्था निरन्तर रहेमा पत्रकार बेरोजगार भई ठूलो संख्या बिस्थापन हुने लक्षण देखिँदैछ ।

श्रमजीवी पत्रकारको विगतको अबस्थाभन्दा लकडाउनको अवधिमा झन् अन्धकारमा रूमल्लिएको छ । पछिल्लो दृश्यले एकाधलाई छाडेर अधिकांश मिडिया हाउसमा श्रमजीवी पत्रकारको अवस्था दर्दनाक देखाउँछ । झन् ठूला भनिएका मिडिया हाउसमा कार्यरत पत्रकार नै बढीसमस्याग्रस्त बनेको विडम्बनापूर्ण स्थिति छ । श्रम र पसिनाकै मूल्य नपाएकाकारण पत्रकारहरू प्रताडित छन् ।

यो अवस्थामा एकातिर सीमित जनशक्तिका कारण श्रमजीवीले बढी समय काम गर्नुपरेको छ । घरमै बसेर काम गर्नुपरेका कारण डाटा, टेलिफोन सम्पर्क जस्ता अतिरिक्त खर्च भइरहेको छ । लामो समयसम्म पारिश्रमिकरोकिएका कारण दैनिक खर्च, औषधि उपचार, कोठाभाडा तिर्न समस्या छ । कोरोना जोखिमका बीच रिपोर्टिङमा खटिने पत्रकारको स्वास्थ्य सुरक्षाको समस्या त छँदैछ । सञ्चार संस्थाले पत्रकारको कोरोना बिमासमेत गरेका छैनन् । ठूला भनिने कतिपय सञ्चारसंस्थामै जबर्जस्ती बेतलवी विदामा राखिएको छ ।

केहीले दिगन्तीका हिसाबले दैनिक ज्यालादारी जस्तै पारिश्रमिक दिएका छन् । यस्ले पत्रकारको समयको लगानी, श्रम र भविष्य अन्यौलपूर्ण बनाएको छ । तलबमा एकतर्फी, तजविजी र मनपरी ढंगले कट्टा गर्दा न्यून वैतनिक श्रमजिवी झन् चर्को मार खेप्नुपरेको छ । चारपाँच महिनासम्म पारिश्रमिक नपाउने पत्रकारको अबस्था त अरू जर्जर छ । बन्द भएका मिडियामा कार्यरत पत्रकार आफ्नो भविष्यलाई लिएर मानसिक तनाबछ । यस्तो दुविधा, संशय र अन्यौलको स्थितिमा खुला रूपले कसरी सूचनाको खेती गर्न सकिएला ?अरूको अधिकार रक्षामा बोल्ने, लेख्ने पत्रकारको आफ्नै अधिकार कुण्ठित हुँदा कसरी दायित्व निर्बाह गर्ने ? अनेकौं प्रश्न उब्जेका छन् ।

जागिरबाट विस्थापन हुँदासमेत लामो समयको पारिश्रमिक, भत्ता, सुविधा नपाउने अर्को पिडा छ । केही मिडिया हाउसले प्रदान गरेको न्यूनतम् तलबसमेत केहीले पाउने, केहीले नपाउने अबस्था छ । यस्ले  समान हैषियतका श्रमजिवीका विच पनि चरम विभेद देखाउँछ । कतिपय लामो समयदेखि कार्यरत पत्रकारलाई जबर्जस्ती विदामा बस्न लगाइएको छ । जसका कारण उनीहरू विस्थापनको संघारमा उभिएका छन् । रोजगारविहीन पारिएको छ । पत्रकारलाई बोलाएका वखत आउने शर्तमासमेत घर पठाइएको छ ।

केही मिडिया हाउसमा पत्रकार एकतर्फी आन्तरिक सरूवाको मारमा परेका छन् । पत्रकारको कानुनी अवस्था, अनुभव र निरन्तरतामा प्रश्न उठेको छ । भाषा, प्राविधिक, कार्यक्रम उत्पादक, प्रस्तोता, डिजाइनर, क्यामरापर्सन गरी ठूलो संख्यामा जबर्जस्ती बिदामा बस्न लगाइएको छ । उनीहरूको पारिश्रमिक पनि रोकिएको छ ।

विस्थापित भएका पत्रकार फेरि काममा फर्कने नफर्कने सुनिश्चित पनि छैन । विस्थापित हुनुपरेका पत्रकारका आश्रित परिवारलाईसमेत मानसिक तनावको अवस्था झेल्नु परेको छ । समग्रमा पत्रकारका मानवअधिकारको अवस्था नै नाजुक देखिएको छ । मिडिया हाउसमा यतिबेला पत्रकारका लागि कानुन, नियमावली र मापदण्ड कुनै चिजले काम गरेको अबस्था छैन । तुलनात्मकरूपमा हेर्दा छापा सञ्चारमाध्यम र टेलिभिजनको भन्दा अनलाइनहरूको अवस्था केही सुविधायुक्त र सहज देखिन्छ ।

यस्तो अवस्थामा पत्रकार महासंघले रोजीरोटी खोसिएका पत्रकारको भविष्य अन्धकार भएकाले विकल्पमा तत्काल कदम उठाउनुपर्ने अबस्था विद्यमान छ । पत्रकारको बिचल्ली टुलुटुलु हेरेर बस्ने अवस्था छैन । मिडिया हाउसका सञ्चालकलाई खबरदारीका लागि सामूहिकरूपमा तत्काल दबाब बढाइनुपर्छ ।

बलजफ्ती विस्थापनमा परेका पत्रकारको हकमा कानुनी उपचार खोज्नुपर्ने अबस्था छ भने साना र स्वरोजगारमूलक मिडियाका वास्तविक समस्या र कठिनाई बुझेर सोहीअनुरूप वैज्ञानिक र व्यवहारिक समाधानका लागि महासंघले सहजीकरण गर्नुपर्ने अबस्था छ । यसका लागि सञ्चारसंस्थालाई समस्याग्रस्त, ठिकठिकै र सामान्यरूपमा चलेका गरी चार वर्गमा बाँडेर समस्याको समाधान खोजी गर्नु श्रेयस्कर हुन्छ ।

तत्कालका लागि विस्थापित एवम् बेरोजगारी भई अति जटील अबस्थामा गुज्रेका वास्तविक श्रमजिवी पत्रकारको पहिचान गरी अन्तरिम राहतको व्यवस्था गर्नुपर्ने अवस्था देखिएको छ । अहिलेको अवस्थामा श्रमजीवी पत्रकारको अधिकारको रक्षाका लागि मिडिया मालिकलाई दबावका लागि महासंघको दबाबले मात्र नपुग्ने अबस्था भएकाले सूचना विभाग, प्रेस काउन्सिल र न्यूनतम पारिश्रमिक निर्धारण समितिमार्फत एकीकृत शक्ति लगाउनुपर्ने अवस्था छ ।

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*



# जसलाई विपत्तिमा ढोका थुनेर बस्न छुट छैन



**कृष्ण गिरी**
krishnagiri123@gmail.com



**सङ्कटको घडी या कुनैपनि प्रतिकूल अवस्था जतिबेला समाजको सक्रियतामा अवरोध आउँछ, समाजले मिडियाको भूमिका, सक्रियताको बढी नै आवश्यकता महशुस गर्ने गर्छ, यसपालि पनि त्यस्तै भयो ।**

जब नोबल कोरोना भाइरस (कोभिड-१९)ले महामारीको रूप लियो, विश्वभर मानिसका घरका ढोका थुनिए, मूलगेटमा ताला लागे । मान्छे आफैले आफैलाई बन्दी बनायो । स्वतन्त्र विचरणका लागि ठूलाठूला आन्दोलन गर्ने मानिस एकपटक स्वयम्ले आफैलाई थुनेर राख्यो । कारण हो, आफ्नो ज्यान सबैलाई प्यारो हुने रहेछ । धेरै नेपालीले एउटा चल्तीको उखान बारम्बार सम्भे, अनिकालमा बीउ जोगाउनू, हुलमुलमा जीउ जोगाउनू ।

तर यही महाविपत्तिको घडीमा केही पेशाकर्मीलाई त्यसरी जीउ जोगाउन आफूलाई बन्दी बनाएर राख्ने छुट थिएन । उनीहरू थिए, सञ्चारकर्मी, स्वास्थ्यकर्मी र सुरक्षाकर्मी ।

आम मानिसहरू फेरि एकपटक सूचनाको भोक, प्यास मेटाउन आफूलाई सबैभन्दा व्यस्त राखिरहे । अथवा यसो भनौं, मानिसले इतिहासमै यो समय सूचनाको खोजीमा आफूलाई सबैभन्दा बढी व्यस्त राख्यो । र, पत्रकार र मिडियाहरू मानिसहरूको सूचनाको भोक मेटाउन निरन्तर कार्यक्षेत्रमा जुटिरहे, अझै पनि जुटिरहेका छन् । सम्भवतः संसारले स्वतन्त्र पत्रकारिताको महत्वलाई फेरि एकपटक राम्रैसँग अनुभूत गर्ने मौका पनि पायो ।

पत्रकार अन्धकारको दियो जस्तै हुन्, आफू जलेर पनि अरूलाई उज्यालो छर्ने । कोभिड-१९को महामारी र लकडाउनको असहज परिस्थितिका बीच मिडियाको भूमिका अन्धकारको दियो जस्तै बन्यो । सङ्कटको घडी या कुनैपनि प्रतिकूल अवस्था जतिबेला समाजको सक्रियतामा अवरोध आउँछ, समाजले मिडियाको भूमिका, सक्रियताको बढी नै आवश्यकता महशुस गर्ने गर्छ, यसपालि पनि त्यस्तै भयो ।

कुनै पनि बिपत्ति या राजनीतिक सङ्कट

गहिरिँदा त्यसको सबैभन्दा बढी मार पर्ने क्षेत्र पत्रकारिता पनि हो । आर्थिक सङ्कट, स्वास्थ्य सुरक्षाका आवश्यक सामग्रीको अभावमा कार्यक्षेत्रमा खटिँदा भौतिकरूपमा आफूलाई सुरक्षित राख्नुपर्ने चुनौती, सहजरूपमा सूचना प्राप्त गर्न भइरहेको कठिनाई तथा कतिपय अवस्थामा कार्यक्षेत्रमा खेप्नुपरेका भौतिक आक्रमण र दुर्व्यवहार यो सङ्कटमा पनि पत्रकारका लागि थप चुनौती बनिरहे ।

नागरिकलाई सूचना प्रवाहका लागि कार्यक्षेत्रमा खटिएका पत्रकार कोभिड-१९ बाट सङ्क्रमित समेत भए । नेपालमा पत्रकारिता क्षेत्रमा त्यस्तो कुनै दुर्घटना नभए पनि विश्व परिवेशमा हेर्ने हो भने कार्यक्षेत्रमा खटिँदा सङ्क्रमित भएका पत्रकारले ज्यानसमेत गुमाएका छन् । यी र यस्ता दर्जनौँ चुनौतीलाई पन्छाउँदै यस्तो सङ्कटको घडीमा पनि नेपाली पत्रकार र मिडियाले आफ्नो कर्तव्यबाट कत्ति पनि विचलित नभई सीमित स्रोत साधनका बाबजुद निरन्तर सत्य, तथ्य सूचना प्रवाहका लागि जुटिरहनु नागरिकको सूचनाको हकको सम्मानका लागि गरिएको संघर्ष हो भनेर बुझ्नुपर्दछ । हामीले यसो गर्‍यौँ भन्नुभन्दा पनि यो त समाज, राष्ट्रले मूल्याङ्कन गर्ने विषय हो ।

कोभिड-१९ को महामारीले निम्त्याएको सङ्कटले सबै क्षेत्रलाई आहत तुल्याएको छ । मानवीय सङ्कटका अलवा यसबाट आर्थिक सङ्कट गहिरिएको छ र यो सबैभन्दा ठूलो समस्याको रूपमा आएको छ । सामान्यतः माग बढेसँगै कुनै पनि वस्तु तथा सेवाको आपूर्ति बढ्ने र त्यसबाट आम्दानी बढ्ने अर्थशास्त्रको नियम यहाँनेर मिडियाको हकमा लागू भएन, अपवादको रूपमा रह्यो । हाम्रा मिडियाको मुख्य आम्दानीको स्रोत विज्ञापन हो र अहिले विज्ञापनमा भारी कटौती छ । फाट्टफुट्ट बाहेक विज्ञापन छैनन् । परिणामतः मिडिया अर्थतन्त्रमा ठूलो धक्का लागेको छ, अडियन्स बढे पनि मिडियाको आम्दानीमा निकै सङ्कुचन आएको छ । जसले गर्दा पत्रकारको आफ्नो दैनन्दिनीमा समस्या आइसकेको छ । हामीकहाँ साना लगानीका स्वरोजगारमूलक मिडियाको बाहुल्यता भएकाले पनि अहिलेको अवस्थामा पत्रकारलाई आर्थिक सङ्कटको मार बढी परेको हो ।

यो सङ्क्रामक रोगको महामारीको सङ्कटबाट मानव जातिले ठूलो शिक्षा प्राप्त गरेको छ । समाजकै एउटा अङ्ग भएकोले यसले पत्रकार र मिडिया क्षेत्रलाई थप धेरै कुरा सिकाएको छ । असहज परिस्थितिका बीच पनि हामी आफूलाई सुरक्षित राख्दै नागरिकको सूचनाको अधिकारका लागि क्रियाशील हुन अभ्यस्त भएका छौँ, थप खारिने मौका पाएका छौँ । पत्रकारिताले प्रविधिको थप उपयोग गरेर सूचना, समाचार सम्प्रेषण गर्न अग्रसर भएको छ । सूचनामा नागरिकको पहुँच बढेकोले नागरिक आफैमा फ्याक्ट चेकर (तथ्य परीक्षक) बन्नसकेका छन् । जसले गर्दा अब सतही होइन खोजी पत्रकारिताको आकार बढाउँदै लैजान प्रेरितसमेत गरेको छ । यसले पनि पत्रकारितालाई थप परिष्कृत बन्न मद्दत पुगेको छ ।

हामीले अहिले कोभिड- १९को महामारी तथा यसले मिडिया अर्थतन्त्रमा पारेको सङ्कटको विश्लेषण गरिरहँदा अब यो सङ्कटबाट हामी कसरी उभिएर हिँड्ने भन्ने विषय महत्वपूर्ण हुन्छ । विश्वको अर्थतन्त्र तङ्ग्रिन नसकुञ्जेल पत्रकार र मिडियाका लागि आर्थिक हिसाबले अबका दिन झनै कष्टकर बन्ने निश्चित छ । अब पत्रकार र मिडियाले भोग्नुपरिरहेको यो आर्थिक सङ्कटबाट कसरी पार पाउँदै सूचनाको अधिकारसहित नागरिकका अन्य अधिकारका लागि कसरी क्रियाशील हुने भन्ने विषयमा हाम्रो ध्यान केन्द्रीत हुनुपर्छ । ताकि आर्थिक सङ्कटको हुरीले पत्रकारिताको दियो निभ्न नपरोस् । यसका लागि सरकारसहित नागरिक समाजको भूमिकासमेत महत्वपूर्ण हुन्छ ।

नेपालमा मिडिया क्षेत्रमा पत्रकार, कर्मचारी र कामदार गरी झण्डै एक लाख मानिसले रोजगारी पाइरहेका छन् । नागरिकको सूचनाको अधिकारको रक्षासँगै यति ठूलो सङ्ख्यामा रोजगारीसमेत सिर्जना गरिरहेको मिडिया क्षेत्रलाई धराशायी हुन नदिन र पत्रकारहरूलाई पेशाबाट विस्थापित हुन नदिन यस्तो सङ्कटको समयमा तीन तहकै सरकारको भूमिका महत्वपूर्ण हुन्छ । यसका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारले विभिन्न सहयोग, सहुलियतका तात्कालिक र दीर्घकालीन योजना ल्याउनु आवश्यक छ । यो तीनै तहका सरकारको दायित्वभित्र पर्ने विषय हो ।

अर्कोतर्फ अब मिडियाहरू पनि 'मर्ज' गरेर सञ्चालन गर्नेतर्फ लाग्नुपर्छ । यसो गर्दा लागत घट्ने र मिडियाले दिने विषयवस्तुलाई अब्बल बनाउन सकिन्छ । जस्तो कि, बैंक तथा बित्तीय संस्था मर्ज गरेर झनै बलिया हुने गरेका छन् । मिडिया मर्ज गर्दैमा पत्रकार, कर्मचारीले रोजगारी गुमाउनु पर्दैन । राम्रो योजना बनाएर सञ्चालन गर्न सकियो भने श्रम अधिकार झनै सुनिश्चित हुन्छ । मिडिया मर्जका लागि प्रोत्साहित गर्नेगरी सरकारले नयाँ नीति बनाउन सक्छ र मिडिया सञ्चालकहरूले पनि अब यतातर्फ छलफल गर्न ढिला गर्नुहुँदैन ।

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

**समाचार संकलन गर्दा भौतिक दूरी कायम गरौं, कोरोना संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।**

कोरोना विजेताको अनुभव

# कोरोनाबाट नआत्तिऔं, मैले जितेर फर्कें



**श्याम बन्जारा**
banjara.shyam71@gmail.com



**जब आफ्नो घरपरिवारका श्रीमती एवं दुबै छोरा, परिवारसँग जोडिएका आफन्त एवं झण्डै १३० जनाभन्दा बढी सञ्चारकर्मीहरू आफ्नो रेडियो र पत्रिकामा कार्यरत २३ जना पत्रकार तथा कर्मचारीको कोरोना परीक्षणको रिपोर्टको नेगेटिभ आयो । त्यसपछि ९५ प्रतिशत तनावमुक्त हुनु स्वाभाविक थियो ।**

गत बैशाख महिनाको ३० गते मेरो जीवनमा कहिल्यै नमेटिने आगो सल्किएझैं कोभिड १९ को भाइरस पोजिटिभ भएको रिपोर्ट आयो । शुरूमा साँच्चिकै नै यसको संक्रमण भएलगत्तै अब मानिस बाँच्दैन भन्ने खालको हल्ला बजारमा खुबै चल्यो तर बिस्तारै यो मानिस मरिहाल्ने भाइरस होइन र यसलाई उच्च मनोबलका साथ जित्न सकिन्छ भन्ने संकल्प गर्‍यो भने जित्न सकिन्छ भन्ने उदाहरण मध्येका एक म बनेको छु । संक्रमणलगत्तै म आफैंले बारम्बार नारायणी अस्पतालमा स्थापना गरिएको कोभिड अस्पतालको आइसोलेशनमा जानको लागि त्यहाँका मेडिकल सुपरिटेन्डेण्टलाई फोन गरेर अबिलम्ब अस्पतालसम्म जाने ब्यबस्था गर्न आग्रह गरे तर पनि ब्यबस्थापकीय समस्याका कारण २ बजे आएको कोरोना पोजिटिभको रिपोर्टपछि आफू कार्यरत कार्यालयमा नै बेलुका ९ बजेसम्म बसेपछि बल्ल अस्पतालले एम्बुलेन्स पठायो र त्यहाँ पुगियो ।

अस्पताल पुगेपछि सामाजिक सञ्जाल र अन्य समाचारमा पढेर आइसोलेशनको मापदण्डका बारेमा त पूर्वज्ञान थियो नै तर त्यहाँ पुग्दा त्यस्तो केही नदेख्दा घरभन्दा उपयुक्त कुनै पनि हालतमा अस्पताल हुनै सक्दैन भन्ने निर्क्यौलमा पुगियो । तर विद्यमान विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्डअनुरूप घरमा नै सुरक्षित बस्ने अवस्था नै थिएन । बाध्यताबस बस्यौं र कोरोना संक्रमणको उपचारमा खटिने चिकित्सक कुनबेला आउलान् र यसबाट चाँडोभन्दा चाँडो घर जान सक्नेगरी सतर्कता अपनाउन सकिन्छ भनेर चिकित्सकीय परामर्श कुरेर बसेको बस्यै हुनुपर्‍यो । आफू आउने दिनसम्म पनि आइसोलेसन रूमभित्र डाक्टरको अनुहार हेर्न पाइएन तर आफू भने आफ्नै सतर्कता, विश्व स्वास्थ्य संगठनले बारम्बार जारी गरेको निर्देशन, खानपान, पर्याप्त मात्रामा तातोपानी, अदुवा, बेसार र दालचिनी मिलाएर उमालेको पानी पिउने गरियो । १४ दिनको अन्तरालमा दुईपटकसम्म कोरोना परीक्षणको रिपोर्ट नेगेटिभ आएपछि आफूले कोरोना जितेर जेठ १२ गते घर फर्कंदा हर्षको सीमा नै रहेन । हिम्मत र बलियो आत्मबल बनायो भने कोरोनालाई पनि जित्न सकिन्छ भन्ने आत्मविश्वास बढ्यो ।

कोरोना भाइरसका कारण अहिले पूरै विश्व नै आक्रान्त बनेको बेला नेपालजस्तो अति कम बिकसित मुलुकको लागि यसको नियन्त्रण झन बढी चुनौतीपूर्ण हुनु अस्वाभाविक होइन । तर पनि अन्य विकसित मुलुकको तुलनामा यहाँ स्वास्थ्य सेवा छैन तथापि घरेलु उपचारजस्तै तातोपानी, अदुवा र बेसार पानी, कागती जस्ता रोग प्रतिरोधात्मक क्षमता बिस्तार गर्ने तातो र झोलिलो पदार्थको पर्याप्त सेवन गरेको खण्डमा यसलाई हराउन सकिन्छ भन्ने आत्मविश्वास भने बढ्यो । कुनै पनि लक्षण नदेखिएका संक्रमितहरूलाई अस्पतालभन्दा सुरक्षित मापदण्डका साथ घरमै बस्ने ब्यवस्था गर्न सकिएको खण्डमा यसबाट झन चाँडै विजय प्राप्त गर्न सकिन्छ भन्ने तथ्य बिस्तारै विकास हुन थालेको छ ।

कुनै प्रकारको लक्षणबिना नै पोजेटिभ रिपोर्ट आएपछि आफू आश्चर्यमा पर्नु त स्वभाबिक नै हो तर पनि त्यसपछि समाजले संक्रमितको घरपरिवारलाई हेर्ने दृष्टिकोणमा भने परिवर्तन ल्याउन आवश्यक रहेको महसुस भयो । कोरोना भाइरस, जोकोहीलाई पनि लाग्नसक्छ र यसले धनी–गरिब र भूगोल हेरेर संक्रमण गर्दैन भन्ने कुरालाई आत्मसात गरेर संक्रमित व्यक्तिको घरपरिवारलाई र स्वयं आफूलाई गर्ने छिछि र दूरदूरको ब्यबहार गर्नु उचित होइन । यो कुरामा स्पष्ट भइयो भने संक्रमणप्रति जागरणको बिस्तार हुनुका साथै नियन्त्रणका उपाय अवलम्बनमा सहजता आउने कुरालाई नकार्न सकिन्न । बीरगञ्ज भारतसँगको खुला सीमा भएको हुनाले त्यसको कारण दैनिकरूपमा हजारौंको संख्यामा आवतजावत हुने कुरालाई आत्मसात गरी यसको प्रभावकारीरूपमा नियन्त्रणको उपाय अवलम्बन गर्न समेत जरूरी भएको छ । अझ यसको संक्रमण देखा परेपछि आफ्नै पेशाकर्मी साथीहरूले समेत गर्ने ब्यबहार र अनेक खालका आक्षेपका कारण त झन कति मानसिक तनाव सिर्जना भयो होला ? त्यसको अनुमान लगाउन समेत सकिन्न ।

आफैं कोरोना संक्रमित भएर आइसोलेसनमा बसेपछि घरपरिवारको कोरोना परीक्षण, नियमितरूपमा सम्पर्कमा रहेकाहरूको परीक्षण, आफूद्वारा सञ्चालित रेडियो, पत्रिका र अनलाइनमा कार्यरत सञ्चारकर्मी एवं कर्मचारीहरूको टेष्टिङपछि सबैको रिपोर्ट नआउञ्जेलसम्मको अवस्थाको बारेमा त कल्पना समेत गर्न सकिन्न । अझ सञ्चारकर्मीलाई स्थानीय प्रहरीले गरेको अभद्र ब्यबहारको कारण उत्पन्न परिस्थितिले त सबै सञ्चारकर्मीहरू आन्दोलित भएका बेला उनीहरूको समेत रिपोर्ट के आउने हो भन्ने चिन्ता भई नै रह्यो । तर आत्मबल बढाएर अगाडि बढ्नुको विकल्प पनि थिएन । जब आफ्नो घरपरिवारका श्रीमती एवं दुबै छोरा, परिवारसँग जोडिएका आफन्त एवं झण्डै १३० जनाभन्दा बढी सञ्चारकर्मीहरू आफ्नो रेडियो र पत्रिकामा कार्यरत २३ जना पत्रकार तथा कर्मचारीको कोरोना परीक्षणको रिपोर्टको नेगेटिभ आयो । त्यसपछि ९५ प्रतिशत तनावमुक्त हुनु स्वाभाविक थियो । 'सबै पत्रकारहरूलाई कोरोना संक्रमण गरायो । पूरै पर्सा जिल्लामा संक्रमणको कारण भनेको नै पत्रकार महासंघका अध्यक्ष श्याम बन्जारा बन्यो र यसलाई जतिसुकै ठूलो सजाय दिएपनि कमै हुन्छ' भन्ने खालका अभिव्यक्ति दिनेहरूको मुखमा समेत बुझो लाग्यो । आफ्नो कारण कोही पनि संक्रमित बन्लान् र जिन्दगीमा नै नमेटिने कलंकको टीका लाग्ला कि भन्ने मनको भय पनि दूर भयो । भयमुक्त भएपछि आफ्नो आत्मबल झन बढ्न थाल्यो र अब भने यो संक्रमण केही होइन, सतर्कता अपनाउन सकेको खण्डमा स्वतः नै जित्न सकिन्छ र सामान्य जीवनमा फर्कन सकिन्छ भन्ने आत्मबिश्वास बढ्ेर गयो । हाल नियमित काममा फर्कने अवसर समेत जुट्यो ।

संक्रमण कसैले चाहेर ल्याउने कुरा होइन । यो जोकोहीलाई पनि हुनसक्छ भन्ने कुरालाई आत्मसात गरेर यसबाट जोगिनको लागि भौतिक दूरी बढाउँदै हातमा पञ्जा, मुखमा मास्क, नियमितरूपमा साबुनपानीले हात धुने र बारम्बार सेनिटाइजरको प्रयोग गर्ने, अति आवश्यक कामबाहेक घरबाट बाहिर नै ननिस्कने बानीलाई दिनचर्या जस्तै बनाउन सकेको खण्डमा कोरोना संक्रमणबाट बच्न सकिन्छ । र, जोकोहीले यसबाट बिजय प्राप्त गर्न सक्छ भन्ने कुरालाई कडाइका साथ पालना गर्न समेत जरूरी भएको छ । यसो गरेको खण्डमा आफू पनि सुरक्षित रहन सकिने र घरपरिवारको अतिरिक्त सिंगो समाजलाई समेत संक्रमणबाट जोगाउन सकिने भएकोले यसलाई कडाइका साथ पालना गर्न सकिन्छ । मलाई कुनै पनि प्रकारको रोगको संक्रमण हुनै सक्दैन भन्ने गैरजिम्मेवारीपन देखाउनु हुँदैन । यसले अन्ततः आफैलाई हराउने अवस्था समेत सिर्जना हुने भएकोले आम तहबाट भने हदैसम्मको नियम पालना गरी अघि बढ्नुको विकल्प छैन । स्वास्थ्यकर्मीको अपर्याप्तता, अहिलेसम्म यसको नियन्त्रणका लागि विश्वासिलो औषधि उत्पादन हुन नसकेको र उपचारमा समेत दक्षताको अभाव महसुस भइरहेको बेला आफैं सतर्क हुनुको विकल्प छैन ।

फ्रन्टलाइनमा पलपलको खबर दिइरहने सञ्चारकर्मीहरूको लागि त यो संक्रमणबाट आफू बच्ने र सिंगो समाजलाई पनि बचाउनुपर्ने चुनौती छन् । यसलाई पालना गरेर भाइरसको संक्रमण नियन्त्रणका लागि विश्व स्वास्थ्य संगठनले बारम्बार जारी गरेका जनचेतनामूलक सूचना जनस्तरसम्म लैजाने र त्यसबाट सिंगो मानव अस्तित्वलाई जोगाउने दायित्व समेत यतिबेला सञ्चारकर्मीहरूको काँधमा आइपरेको छ । अरूको मुख ताकेर नियन्त्रणको उपायको बारेमा आरोप–प्रत्यारोप गर्नु आवश्यक छैन । कोही पनि असुरक्षित हुनसक्छ । यसको लागि जो जो जुन ठाउँमा बसेर पेशा र ब्यबसाय गरिरहेका छन्, उनीहरूले नियन्त्रणको साझा दायित्व सम्झेर भूमिका निर्वाह गर्न सकियो भने नेपालले चाँडै कोरोनामुक्त भएको अनुभूति गर्न पाउने छ । अन्यथा भोलि कोरोना संक्रमणको कारण सामाजिक रूपमा विकास भएको नकारात्मक दृष्टिकोण, घरपरिवारलाई समाजले गर्ने ब्यबहार, पसलहरूमा समेत दैनिक उपभोगको लागि आवश्यक समाग्री किन्न जाँदा नदिने सामाजिक सोचको शिकार तपाई हामी जोकोही पनि बन्नसक्ने हुनाले त्यसबाट बचौं र बचाऔं ।

*(लेखक नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष हुनुहुन्छ ।)*

कोरोना विजेताको अनुभव

# अकल्पनीय एउटा अनुभव, जो अरूका लागि पनि काम लाग्नसक्छ




**राकेश नेपाली**
rakeshudayapur@gmail.com




**पछि आफैले कुचो र स्यानिटाइज मागेर कोठा सफा गरेँ । कसैले सरसफाई नगरेकाले शौचालय पनि फोहोर देखिन्थ्यो । अरूलाइ भन्नुभन्दा आफैले शुरू गर्नु सही ठानेर ट्वाइलेट र बाथरूम सफा गर्न लागेँ ।**

जेठ २ गते बेलुका ७ जति बजेको हुँदो हो । मोबाइलमा म काम गर्ने टेलिभिजनका प्रदेश एक ब्युरो प्रमुखको फोन आयो । रिसिभ गरेँ ।

'हेलो, राकेशजी कहाँ हुनुहुन्छ ?' (अत्तालिएको आवाज थियो)

'म अफिसमै छु सर, किन र ?' एक्कासी यसरी हडबढाएको आवाज आएपछि उत्तर र प्रश्न एकैचोटी गरेँ मैले ।

उताबाट आवाज आयो, 'तपाईं जहाँ हुनुहुन्छ त्यहीं बस्नुस् । तपाईंको साथमा कोही छ भने टाढा बस्न भन्नुस् ।'

यति जवाफ सुन्न नपाउँदै मनमा ढ्याङ्ग्रो बज्न सुरू भइसकेको थियो । त्यही पनि संयमित हुँदै सोधें, 'खासमा के भएको हो र ?'

उताबाट जवाफ आयो, 'धरानमा परीक्षण भएको तपाईंको स्वावको रिपोर्ट कोरोना पोजेटिभ आएको छ ।'

यति सुनिसक्न नपाउँदै मेरा खुट्टाहरू लगलग काम्न थाले । एक्कासी धड्कन बढेजस्तो भयो । रिंगटा लागेजस्तो भयो । थचक्क भुइँमा बसेँ । कतिबेला फोन काटियो पत्तो भएन ।

शुरूमा त विश्वास नै लागेन । लगत्तै अन्य पत्रकार साथीहरूले पनि फोन गर्नुभयो र नअत्तालिन आग्रह गर्नुभयो । अप्रत्याशित खबरले दिमागमा एउटा हलचल नै ल्याइदियो । ओंठहरू सुक्न थाले । अनि आउने दिनहरूको आँकलनले मनलाई थप त्रसित बनाउन थाल्यो ।

दुई दिनअघि मात्रै कोरोना प्रभावित भुल्के क्षेत्रको रिपोर्टिङमा खटिएका उदयपुरका २७ जना पत्रकारको (पिसिआर) नमूना स्वाव संकलन गरिएको थियो । जसमा मेरो मात्रै रिपोर्ट पोजेटिभ आएको खबर थियो ।

मसङ्गै एउटै भान्सामा खाना खाने र एउटै अफिसमा काम गर्ने सहकर्मीको भने नेगेटिभ रिपोर्ट आएको थियो ।

त्यो बेलुका २ सयभन्दा बढीको फोन आयो

होला तर मुस्किलले १५/२० जनाको मात्रै फोन रिसिभ गर्न सकें । शरीर काँपिरहेको थियो । साथीहरूले चिउरा र फुरनदानाको प्याकेट ल्याएर बाहिर राखिदिएर जानुभयो तर केही खान मन लागेन ।

लकडाउन शुरू भएदेखि नै अफिसको क्वाटरमा बस्थें म । त्यो रात यत्तिकै भोकै सुतें । रातभर निन्द्रा लाग्न सकेन । मनमा अनेक कुराहरू खेलिरहेका थिए । ननिदाएरै बिहान भएछ ।

बिहान ६ बजेदेखि नै मोबाइलमा शुभचिन्तकहरूको फोन आउन सुरू भयो फेरि । तनावका कारण केहीको फोन मात्रै रिसिभ भए । लगभग बिहान ८.३० बजे अफिसको गेट अगाडि एम्बुलेन्स आइपुग्यो । झोलामा आफूलाई चाहिने कपडा र केही थान मास्क, स्यानिटाइजर, ग्लोब्स लगायतका सामग्री प्याक गरेँ ।

बाहिर गाइघाट बजार र म बस्ने टोलका २ सयभन्दा बढी मानिस भेला भएका थिए । सबैले मलाई नियालिरहेका थिए । एम्बुलेन्समा चढ्नुअघि केही पत्रकार साथीहरु मलाई बिदाई गर्न आउनु भयो । मैले टाढैबाट बिदाइका हातहरू हल्लाएँ र एम्बुलेन्समा चढेँ ।

एम्बुलेन्स अघि बढ्यो, मन गह्रौं बनाएर गाइघाटबाट बाहिरिएँ म । यात्राका क्रममा धेरै शुभचिन्तक र अग्रजहरूले फोन गर्नुभयो तर कसैको रिसिभ गर्नसक्ने अवस्थामा थिइन म । लगभग ४ घण्टापछि बिराटनगरस्थित कोशी कोरोना अस्पतालको गेट अगाडि एम्बुलेन्स रोकियो ।

त्यहाँ पुगेपछि कल गर्न भनेर अस्पतालका एक कर्मचारीको फोन नम्बर दिइएको थियो । कल गरेँ । 'नमस्कार, म राकेश नेपाली बोल्दैछु । उदयपुरबाट आएको कोरोना संक्रमित पत्रकार ।'

मेरो आवाज सुनेर छक्क पर्दै ती कर्मचारीले जवाफ फर्काए, 'तपाईलाई यहाँ ल्याउने कुनै सल्लाह नै भएको छैन, कसरी आउनुभयो ।'

ती कर्मचारीको जवाफ सुनेर म तीनछक परेँ ।

'म आफै आएको हैन । जिल्लाको संयन्त्रले मलाई यहाँ पठाएको हो । तपाईंहरूसँग कसरी समन्वय भएन ?' पीडा र आक्रोशको भावमा बोलेँ म । उताबाट आशलाग्दो जवाफ नपाएपछि पत्रकार महासंघ प्रदेशका अध्यक्ष बिक्रम लुइँटेललाई सम्पर्क गरेँ ।

नभन्दै बस्ने वातावरण मिलाइयो । शुरूमा बस्ने कोठाको फोहोर देखेर साह्रै दिक्क लाग्यो । अस्पताल व्यवस्थापन समितिलाई फोन गरेर अर्को कोठा व्यवस्थापन गर्न नत्र यसैलाई सफा गरिदिन आग्रह गरेँ । अस्पतालमा कोठाको अभाव रहेकोले त्यसैमा बस्न आग्रह गर्नुभयो उहाँहरूले ।

फोनमै अस्पतालको समस्याका बारेमा पनि बेलिबिस्तार लगाउनुभयो उहाँले । मन दह्रो बनाएर सुनेँ । उहाँको कुराले छट्पटी बढ्न थाल्यो । वरिपरिको फोहोरले झनै दिक्क बनाउँथ्यो । शुरूका दिनहरूमा खाना समेत मीठो लागेनन् । शौचालयहरू फोहोर थिए । भित्रको वातावरणले उकुसमुकुस बनाइरहेको थियो ।

त्यस्तो अवस्थामा आत्मबल बलियो बनाएर बस्नुको विकल्प थिएन । पछि आफैले कुचो र स्यानिटाइजर मागेर कोठा सफा गरेँ । कसैले सरसफाई नगरेकाले शौचालय पनि फोहोर देखिन्थ्यो । अरूलाई भन्नुभन्दा आफैले शुरू गर्नु सही ठानेर ट्वाइलेट र बाथरूम सफा गर्न लागेँ ।

बिस्तारै यहाँको वातावरणमा घुलमिल हुन थालेछु । म मात्रै होइन, म जस्तै अरू पनि छन् यहाँ भन्ने महसुस हुन थाल्यो । सबै संक्रमितहरूसँग पारिवारिक वातावरण शुरू भयो । स्वास्थ्यकर्मीहरूसँग पनि राम्रो सम्बन्ध स्थापित हुन थाल्यो ।

त्यसपछि त आफ्नै घर जस्तै लाग्न थाल्यो । खासै स्वास्थ्य समस्याहरू पनि देखा परेनन् । दैनिकी सहज बन्न थाल्यो । कोरोनाको डर हटाउन र आत्मबल बलियो बनाउन लागिपरेँ ।

आफै लागि परेर ट्वाइलेट, बाथरूम, प्यासेज र वरिपरि सरसफाईमा लाग्न थालेँ । बिहान समयमै उठ्ने, पानी प्रशस्त पिउने, व्यायाम गर्ने, रचनात्मक काममा ध्यान दिने, हास्यव्यंग्य भिडियो र चलचित्रहरू हेर्ने, भौतिक दूरी कायम गरेर अन्य संक्रमित साथीहरूसङ्ग रमाइलो कुराकानी गर्ने लगायतका काम नियमित गर्न थालेँ । यसो गरेपछि कोरोनाको डर कम हुन्थ्यो । आत्मबल बलियो हुन्थ्यो अनि शारीरिकरूपमा पनि तन्दुरूस्त भएको महसुस हुन्थ्यो ।

आफूमात्रै हैन अरूलाई पनि यस्तै क्रियाकलापमा व्यस्त बनाउन प्रेरित गरेँ । बिहान, दिउँसो र बेलुकाको समयमा कोठाबाहिर निस्किएर शारीरिक अभ्यास गर्ने र नाच्ने, गाउने काम नियमित गर्थ्यौं हामी । यसो गर्दा सबैको मुहारमा चमक आउँथ्यो । खुशी देखिन्थे । त्यो बेला लाग्थ्यो हामी कसैलाई कोरोना छैन ।

साथीहरूले फोन गरेर सोध्ने गर्थे, 'के छ तपाईंको खबर ? बोल्न सक्नुहुन्छ ? भेन्टिलेटरमा राखेको छ हो ? सास फेर्न गाह्रो भएको होला है ?'

म उत्तर दिन्थेँ, 'मलाई केही भएको छैन । अब चाँडै घर फर्किन्छु । कोरोना लागेको छ भनेर चिन्तै छैन ।

चिन्ता यतिमात्रै थियो । मलाई कोरोना देखिए पनि मबाट अरू कसैलाई संक्रमण नहोस् । मसङ्ग सम्पर्कमा आएका सबैको नेगेटिभ रिपोर्ट आओस् ।

भित्र बस्दा एकाध व्यक्तिहरूलाई सामान्य रूघाखोकी र ज्वरोको औषधि दिनुबाहेक अन्य कसैलाई कुनै समस्या देखिएन र उपचार पनि गर्न परेन । संक्रमित भएपनि कुनै स्वास्थ्य समस्या नदेखिएका हामी आफ्नै घरमा 'होम क्वारेन्टाइन' मा बस्दा पनि हुने हो । तर आफ्नो परिवार र छरछिमेकमा आफूदेखि कोरोनाको त्रास हटाउन टाढा भएर अस्पतालमा बसेका मात्र थियौं ।

अस्पतालमा बिना उपचार १९ दिनसम्म आइसोलेसनमा बसेँ म । अस्पतालमा रहेको १४ दिनपछि मसहित ३१ जना संक्रमित साथीहरूको स्वाव परीक्षण भयो । स्वाब संकलन भएपछिको ४ दिन रिपोर्टको व्यग्र प्रतीक्षामा बिते । रिपोर्ट पोजेटिभ देखिएमा अस्पतालमै रहनुपर्ने थियो ।

अस्पताल भर्ना भएको १९ दिनपछि अर्थात जेठ २२ गते बिहान १० बजेको हुँदो हो, डाक्टर डिएन प्रसाद चौधरीको फोनको घण्टी मोबाइलमा बज्यो । रिसिभ गरेँ ।

'हेलो, राकेशजी ! खुशीको कुरा सुनाउन फोन गरेँ ।' फोन उठाउनुबित्तिकै उहाँको आवाज सुनियो ।

'के कुरा हो र सर ?' एक्कासी मनमा कौतुहलता र उत्सुकता बढ्यो ।

एकै शब्दमा उहाँले सुनाउनुभयो, "तपाईंको रिपोर्ट नेगेटिभ आयो । २ बजे डिस्चार्ज गर्ने तयारी गर्दैछौं । तयार हुनुस है ।"

त्यो शब्द सुनिसक्न नपाउँदै बेडमा ढल्किएर आराम गरिरहेको म जुरूक्क उठेँ । दुई थोपा तरक्क खुशीको आँसु झर्‍यो । खुशीले बुरूक्क उफ्रिएँ । 'आई विन कोरोना, थ्याङ्स गड' अनयासै मुखबाट चर्को आवाज निस्कियो । कोठा बाहिर निस्किएँ । र, अरू साथीहरूलाई आफ्नो रिपोर्ट नेगेटिभ आएको र डिस्चार्ज हुने खबर सुनाएँ । मसहित अन्य २७ जना साथीहरूको पनि रिपोर्ट नेगेटिभ आएको रहेछ । उनीहरू पनि खुशीले नाच्दै थिए ।

डिस्चार्ज हुने खबर पाएलगत्तै घरमा फोनमा गरेर जानकारी गराएँ । अनि फेसबुकमा स्टाटस राखेँ "कोरोनाले माफी दियो ।" त्यसपछि लगातार साथीभाइ र अग्रजहरूको बधाईका फोनहरू आउन थाले । डिस्चार्ज हुने खुशीले बिहानको खाना खान ध्यान पनि गएन । म मात्रै हैन अन्यले पनि खान भ्याएनछन् । घर फर्किन पाउने भएपछि ब्यागमा आफ्ना कपडा र सामानहरू प्याक गर्न थालेँ । कोठालाई सरसफाई गरेर चिटिक्क बनाइदिएँ । आफूले प्रयोग गरेका कपडा र सामानहरू सबै बाहिर तोकिएको ठाउँमा राखिदिएँ । डिस्चार्ज हुने खुशीले सबै रमाइरहेका थिए ।

दिउँसो ४ बजेतिर हामी बस्ने भवनको गेट खुल्यो । मसहित डिस्चार्ज हुनेहरु सबै बाहिर निस्कियौं । हामीलाई बिदाइ गर्न प्रदेश नम्बर १ सरकारका सामाजिक बिकासमन्त्री जीवन घिमिरे आइसक्नु भएको रहेछ । भौतिक दूरी कायम गरेर लाइन लाग्न भनियो । पत्रकार भएको नाताले म भने फोटो र भिडियो खिच्न लागिपरेँ ।

मन्त्रीज्यूले फूलका गुच्छा दिंदै भन्नुभयो, 'तपाईंहरूलाई बधाई छ, कोरोना जित्नुभयो ।' 'निको भएर फर्किए पनि समाजमा कोरोना त्रास उस्तै छ । तपाईंहरू अझै १४ दिन होम क्वारेन्टाइनमा बस्नुहोला', मन्त्रीज्यूले अनुरोध गर्नुभयो । अस्पतालले सबैको हातमा डिस्चार्ज पेपर थमायो ।

हामीलाई घर पुराउन एम्बुलेन्स तयारी अवस्थामा थियो । मसहित भुल्केका ३ जना र सप्तरीका १ जना गरी ५ जना एम्बुलेन्समा चढ्यौं । एम्बुलेन्सले राति ९ बजे उदयपुरको सदरमुकाम गाइघाटस्थित मेरो कोठामा ल्याइदियो । मेरो स्वागतका लागि नेपाल पत्रकार महासंघ, उदयपुरका अध्यक्ष भरत खड्का त्यहाँ आइसक्नु भएको रहेछ । केही समय दुःखसुःखको कुराकानीपछि आफ्नो घर निस्किनुभयो उहाँ ।

कोरोनालाई पूर्णरूपमा पराजित गरेर फर्किए पनि छरछिमेकमा मदेखिको त्रास बाँकी नै रहेछ । म बस्ने घरमा अरू कोही थिएनन् । मलाई संक्रमण देखिनेबित्तिकै त्यो घर खालि गरिएको थियो । अझै १ महिना घर खालि नै राख्ने घरबेटी र छरछिमेकीहरूको योजना रहेछ । त्यही घरमा कार्यालय थियो मेरो ।

त्यो घर छाड्नुपर्ने भएपछि उदयपुरको ताप्ली गाउँपालिका– ५ रूपाटारमा रहेको मेरो स्थायी घर जाने निर्णय लिएँ मैले । र, त्यसको २ दिनपछि एम्बुलेन्समार्फत आफ्नै घर आएँ म । र, थप १४ दिन होम क्वारेन्टाइनमा बिताएँ ।

मसङ्ग सम्पर्कमा आएका सबैको रिपोर्ट नेगेटिभ आयो । मसङ्गै बस्ने र एउटै किचेनको प्रयोग गर्ने, एउटै अफिसमा काम गर्ने सहकर्मीको रिपोर्ट पनि नेगेटिभ आइसकेको थियो । छरछिमेकमा बिस्तारै कोरोनाको त्रास हट्दै गएको महसुस गरे मैले पनि ।

म उदयपुरमा रहेर काठमाडौंमा रहेको प्राइम टाइम्स टेलिभिजनमा काम गर्दै आएको छु । साथै स्थानीय दैनिक पत्रिका र अनलाइनहरूमा पनि कार्यरत छु । कोरोना भाइरसको संक्रमण फैलिन नदिन सरकारले लगाएको लकडाउनलाई प्रभावकारी बनाउन प्रहरी प्रशासनसङ्गै लागि परेको थिएँ ।

जिल्ला अस्पतालको अवस्था, जिल्लामा कोरोना रोकथामका लागि भएगरेका प्रयास र लकडाउनको अवस्थाका बिषयमा नियमित रिपोर्टिङ गरिरहेको थिएँ । सहकर्मी विजय कार्की र म चैत्र महिनाको तातो घाममा बजार र गाउँबस्तीमा लकडाउनको अवस्थाका बिषयमा अग्रभागमा रहेर निरन्तर रिपोर्टिङ गरिरहेका थियौं । नागरिकस्तरबाट लकडाउनको व्यापक उल्लंघन भइरहेको थियो ।

एक लिटर दूध लिनका लागि बिना पास कार लिएर बजार निस्किनेहरू पनि रिपोर्टिङका क्रममा फेला परे । उक्त घटनाको भिडियो सामग्री सार्वजनिक गरेपछि सम्बन्धित व्यक्ति र जिल्लाका नाम कहलिएका नेता तथा व्यापारीहरूले फोन गरेर भिडियो हटाउन दबाब दिए । तर मलाई रत्तिभर डर लागेन र बिचलित भएन । किनकि कोरोना भाइरस नियन्त्रणका लागि सरकारले लगाएको लकडाउनको पक्षमा हामी थियौं । नागरिकहरूलाई कोरोना भाइरसबाट बचाउने जिम्मा हाम्रो पनि हो भन्ने दायित्वबोध थियो ।

लकडाउन पालना गराउन प्रहरीहरू लाठी र सिठ्ठी लिएर बजार निस्किन्थे, हामी अघिपछि क्यामेरा लिएर तातो घाममा दौडिन्थ्यौं । भोक र प्यासले व्याकुल भइन्थ्यो, शरीर कमजोर हुन्थ्यो । चाउचाउ खाएर ड्युटी गरिरहेका सुरक्षाकर्मीको तस्बिर खिच्दा हामी आफ्नो भोक र प्यास बिर्सिन्थौं ।

लकडाउनबाट बढी प्रभावित भएका ज्याला मजदूरीहरूको समस्या बुझ्न उनीहरूको घरमै पुगेर रिपोर्टिङ गरिरहेका थियौं । अति बिपन्न र सरोकारवालाहरूको नजर नपुगेका बस्तीहरूमा राहत वितरणका लागि सम्बन्धित पक्षलाई झक्झक्याउन हाम्रा क्यामेरा र रेकर्डरहरू पुगेका थिए ।

त्यहीबीचमा बैशाख ५ गते अप्रिय घटना सुन्नुपर्‍यो, उदयपुरको त्रियुगा नगरपालिका– ३ भुल्केमा रहेको नुरी मस्जिदमा बसिरहेका १२ जना भारतीयमा कोरोना संक्रमण पुष्टि ।

त्यसपछि मेरो ध्यान पनि उतै तानियो । त्यो बेला देशबासीहरूलाई भुल्केको अवस्था, जनजीवन, घटनास्थलको जानकारी र त्यहाँको थप बिषयवस्तुका बारेमा जानकारी दिनु मैले आफ्नो कर्तव्य सम्झिएँ ।

भुल्केवासीको अवस्था बुझ्न संक्रमण पुष्टि भएको पर्सिपल्ट अर्थात बैशाख ७ गते त्यस ठाउँमा रिपोर्टिङ गर्न पुगेँ । त्यो दिन काठमाडौंस्थित छाउनी अस्पतालबाट आएका डा. प्राची रायमाझीको टोलीले त्यस क्षेत्रका २५० जना मुस्लिम समुदायका मानिसहरूको स्वाव संकलन गर्यो । त्यसबाट थप ८ जनामा कोरोना संक्रमण पुष्टि भयो ।

विभिन्न चरणमा गरिएको परीक्षणमा भुल्के क्षेत्रमा कोरोना संक्रमितहरूको संख्या बढ्दै गइरहेको थियो । यस्तो विषम परिस्थितिमा रिपोर्टिङ गर्दा हरसम्भवले सतर्कता अपनाएर फिल्डमा खटिएको थिएँ म । मास्क, स्यानिटाइजर, ग्लोब्स र भौतिक दूरीलाई कहिल्यै बिर्सिएको थिइन मैले ।

कोरोनाको त्रास हटाउन र लकडाउनका कारण अस्पताल जान नपाएका भुल्केबासीका लागि प्रदेश सरकारको सहयोगमा बैशाख १२ गते गरिएको स्वास्थ्य शिविरको रिपोर्टिङ गर्नका लागि पनि म त्यहाँ पुगेको थिएँ ।

बैशाख १३ गते भुल्के क्षेत्रको बासिन्दाहरूको अवस्था बुझ्न मुख्यमन्त्री शेरधन राईसहित, कानुन मन्त्री हिक्मत कार्की र सामाजिक विकासमन्त्री जीवन घिमिरेसहितको टोली भुल्के क्षेत्र पुग्यो । त्यसको रिपोर्टिङका लागि पनि म भुल्के पुगें ।

कोरोनाको त्रासले स्थानीय पसलहरूमा भुल्केबासीको पैसा नचलेपछि उनीहरूले खाद्यान्न लगायत अत्यावश्यक सामग्रीहरू किन्न पाइरहेका थिएनन् । उनीहरूको यस्तो समस्या सुनेपछि सरोकारवालाको ध्यानाकर्षण गराउन बैशाख २२ गते फेरि रिपोर्टिङका लागि त्यस क्षेत्रमा पुगें म ।

त्यसपछिका दिनहरूमा लकडाउनका कारण आफ्नो कृषि उपजमा क्षति बेहोरेका किसानहरूको अवस्था बुझ्न नगरपालिकाको बिसनपुर, पोर्ताहा, मोतिगडा, बगाहा, भान्टाबारी, गैरून, राजाबास, साउने, निपाने लगायतका क्षेत्रमा रिपोर्टिङका लागि पुगें । त्यहाँ पुग्दा हामीले भौतिक दूरीको ख्याल गरेका थियौं ।

बैशाखको २०/२५ गतेतिर २/३ चोटी त्रियुगा नगरपालिका– १० मा रहेको मामाघरमा पनि पुगेको थिएँ ।

योसङ्गै जिल्लामा भइरहेका औपचारिक कार्यक्रमहरूमा पनि मेरो बाक्लै उपस्थिति थियो । बैशाख १६ गते नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिलको टोली उदयपुरका पत्रकारहरूको अवस्था बुझ्न सदरमुकाम गाइघाट आइपुगेको थियो । त्यहाँ पनि म थिएँ ।

उदयपुर घर भएकै कारण बिरामी निकाल्ने बिराटनगरस्थित नोबेल अस्पताललाई कारबाही गर्न माग गर्दै जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेश सांसद, त्रियुगा नगरपालिका र पत्रकार महासंघ, उदयपुरले बैशाख २१ गते नगरपालिकाको हलमा कार्यक्रम गरेका थिए, त्यहाँ पनि म थिए ।

बैशाख ३० गते कोरोना प्रभावित क्षेत्र, भुल्केका नागरिकहरूको रोग प्रतिरोधात्मक क्षमता बढाउने होमियोप्याथिक औषधि वितरणका लागि आएको बिराटनगरको टोलीले त्रियुगा नगरपालिकामा कार्यक्रम आयोजना गरेको थियो । त्यो कार्यक्रममा पनि म सहभागी थिएँ । सोही दिन जिल्ला समन्वय समिति उदयपुरका प्रमुख खड्ग परियारको अन्तर्वार्ता लिन उहाँको कार्यलय पुगेको थिएँ ।

यस्तै बैशाख ३१ गते पत्रकार महासंघ प्रदेशको टोलीसङ्ग अन्तरक्रिया कार्यक्रम, जिल्ला समन्वय समितिले आयोजना गरेको पत्रकार सम्मेलन हुँदै जिल्ला स्वास्थ्य कार्यालयमा कोरोनाको पिसिआर स्वाब टेस्टका लागि अन्य २६ जना पत्रकारसहित पुगेको थिएँ । त्यही दिन मेरो कार्यालयमा दलित अधिकार सञ्जाल, उदयपुरका अध्यक्ष दिलीप रसाइली र दलित महिला सञ्जाल उदयपुरकी अध्यक्ष पाण्डु परियारसङ्ग अन्तरवार्ता लिएको थिएँ ।

जेठ १ गते प्रेस सङ्गठन नेपाल, उदयपुरले आयोजना गरेको स्वास्थ्य सामग्री वितरण कार्यक्रममा रिपोर्टिङका लागि निजामती कर्मचारी संगठनको सभाहलमा पुगेको थिएँ । त्यस्तै जेठ २ गते लकडाउनका बेला त्रियुगा नगरपालिकाले गरेको कामहरूको विवरण सार्वजनिकीकरण कार्यक्रममा रिपोर्टिङका लागि नगरपालिकाको सभाहल पुगेको थिएँ । त्यही दिन बेलुका पिसिआर टेस्टका लागि नमूना स्वाब संकलन गरेका उदयपुरका २७ जना पत्रकार हरूको नतिजा आयो । जसमा मेरो पोजेटिभ देखियो ।

संक्रमण पुष्टि भइसकेपछि म कोशी कोरोना अस्पतालमा उपचार गरी १९ दिनपछि घर फर्किएँ । र पुनः उही जोश, जाँगर र हिम्मतका साथ आफ्नो काममा फर्किएको छु । कोरोनासङ्ग त मलाई कुनै चिन्ता छैन तर कोरोना संक्रमित भएपछि समाजले मप्रति हेर्ने दृष्टिकोण र गर्ने व्यबहार पहिलाभन्दा फरक नहोस् । म आफैले भाइरस उत्पत्ति गरेको पनि त होइन । आफूलाई जतिसक्दो सुरक्षित बनाउने प्रयास गरेर रिपोर्टिङ गर्दागर्दै अरूबाटै संक्रमित हुन पुगे ।

अरूलाई सचेत गराउँदा गराउँदै आफै संक्रमित भइन्छ भन्ने कहिल्यै लागेन । सधैं आफू सुरक्षित छु जस्तो लाग्थ्यो । तर त्यस्तो भएन । त्यसैले हामीलाई देखेर समाजले नाक नखुम्च्याओस् । छिछी र दूरदूर नगरोस् ।

अन्तमा,

म अस्पतालमा उपचार गराइरहँदा हौसला प्रदान गर्नुहुने, मेरो चासो र चिन्ता लिनुहुने र अस्पतालको बसाई सहज बनाउन सहयोग गर्नुहुने प्रदेश तथा संघीय सरकारका मन्त्री र सांसदहरू, नागरिक समाजका अगुवा, नेपाल पत्रकार महासंघ केन्द्र, प्रदेश तथा जिल्ला शाखाका सबै पदाधिकारीहरू, अग्रज तथा सहकर्मी पत्रकार साथीहरू, मेरो स्वास्थ्यका लागि खटिनुहुने स्वास्थ्यकर्मीहरूलाई नमन भन्न चाहन्छु ।

सधै, सबै सुरक्षित रहनुहोला ।

*(लेखक उदयपुरबाट पत्रकारिता गर्नुहुन्छ ।)*

लकडाउनको तितो अनुभव

# सुनिएनन् आवाजहरू



**विकास कार्की**
karki2006@gmail.com



**आफ्नो पेशाप्रति पूर्णरूपमा जिम्मेवार हुँदै सबैखाले नैतिक मूल्य/मान्यतामा अडिग हुने पेशाकर्मी जटिल अवस्थामा कतिसम्म निरीह हुन्छ, राज्य, आफू कार्यरत संस्थालगायतका निकायले कसरी बेवास्था गर्छन् र कति एक्लो पनाको अनुभव हुन्छ भन्ने शिक्षा पनि यस अवधिमा प्राप्त भयो ।**

कोरोना भाइरसको महामारीले पूरा विश्वलाई आतंकित पारेको आधा वर्ष नाघिसक्यो । चीनको वुहानबाट सिर्जित त्रासले पूर्वी एसिया र युरोप हुँदै अहिले दक्षिण अमेरिका र मध्यपूर्वसँगै दक्षिण एशियालाई केन्द्रविन्दु बनाएको छ । पछिल्लो समय कोरोना भाइरस महामारीको प्रभाव सबैभन्दा बढी रहेको क्षेत्रमध्ये नेपाल पनि एक बन्दै गएको छ ।

त्यसो त वर्ष २०१९ को अन्त्यमा चीनमा शुरू भएर पूर्वी एसिया र युरोपका केही देशतिर यसको प्रभाव फैलँदादेखि नै नेपाल संकटमा पुगिसकेको थियो । विकसित र सबैखाले सुविधासम्पन्न देशहरूले कोरोना भाइरससँग आत्मसमर्पण गरेर दशौं हजार नागरिकलाई गुमाइरहँदा नेपालजस्तो स्वास्थ्य सुविधाका दृष्टिले अत्यन्तै कमजोर देश बढी चिन्तित थियो । अझ सरकारमाथि खासै विश्वास नभएका कारण नेपाली नागरिक कोरोना त्रासले झनै बढी पीडित थिए ।

सामाजिक सुरक्षाको कुरा राजनीतिक नारामा सीमित भएको र आमनागरिकको स्वास्थ्यमाथि पहुँच सहज र सर्वसुलभ हुनुपर्ने विषय स्वैर कल्पनाको विषय भएको देशमा नागरिक कोरोना कहरबाट त्रसित हुनु स्वभाविक थियो । सामान्य अवस्थामा समेत अप्ठेरो पर्दा नपाउने सरकार महामारीको जटिल परिस्थितिमा जनतासँग नहुने पक्का थियो । त्यसैले कोरोनाबाट पनि सक्दा आफै जोगिने, नसक्दा आफैले उपचार वा त्यसको प्रभाव भोग्नुपर्ने बाध्यताका कारण मनोवैज्ञानिक त्रासबाट नेपाली समाज शुरूदेखि नै गुज्रियो ।

भाग्य मान्नुपर्छ । अहिलेसम्म नेपालले अपेक्षा गरेभन्दा निकै कम संक्रमण र क्षति भोगेको छ । शारीरिकरूपमा यसको प्रभाव नेपालीमा धेरै कम देखिएको छ । तर दोहोरो अंकमा संक्रमित हुँदा नै भयावह रूप लिएको यससँगको त्रास भने दिनदिनै अझ बढ्दो छ । स्वास्थ्य सामग्री र स्वास्थ्य सेवाको अभाव रहेको हाम्रो जस्तो देशको हकमा यो भनेको

धेरै भयावह अवस्था हो । तर संक्रमितको संख्या यति धेरै भइसक्दा पनि अग्रपंक्तिमा खटिएकामध्ये केही पत्रकारवाहेक फोटो पत्रकारहरू संक्रमणबाट हालसम्म जोगिनुलाई भाग्यले ठूलो साथ दिएको मान्नु पर्छ ।

राज्यबाट धेरै आशा गर्न नसक्ने अवस्थामा कोरोनाबाट जोगिने एउटै उपाय भनेको घरमा बसेर सामाजिक दूरी कायम गर्नु हो । अन्य पेशामा काम गर्नेलाई तुलनात्मकरूमपा सावधानीको त्यो उपाय सम्भव होला । तर फिल्डमै खटिएर फोटो ल्याउनुपर्ने दायित्व बोक्ने हामी फोटो पत्रकारका लागि भने त्यो असम्भव उपाय हो ।

एउटा फोटो पत्रकार भएका नाताले देशमात्र नभई पूरा विश्व मानव सभ्यता नै अप्ठेरोमा रहेका बेला हरेक घटना वा गतिविधिका तस्बीर कैद गरेर आम नागरिकमाफ पुऱ्याउनु हाम्रो दायित्व हो । संक्रमण सबभन्दा बढी फैलिन सक्ने क्वारेन्टिन, आइसोलेसन सेन्टर, अस्पताल, विमानस्थल वा यस्ता सबैखाले ठाउँमै भौतिक उपस्थिति जनाएर फोटो खिच्नुपर्ने भएकाले हामी सबभन्दा बढी जोखिममा थियौं, छौं ।

जोखिम जति भए पनि एउटा पत्रकारले त्यसबाट भाग्न मिल्दैन । हामी पनि भागेनौं । तर, तुलनात्मकरूपमा जोखिम मोलेर पनि आफ्नो काम गर्नैपर्ने हामीजस्ता पेशाकर्मीका लागि राज्य र पेशागत संगठनले खास ध्यान नदिंदा निरीह बन्नुपऱ्यो । त्यतिमात्र होइन, आफू कार्यरत सञ्चारगृहले पनि फोटो पत्रकारका लागि एउटा सामान्य मास्क, स्यानिटाइजर, पिपिईजस्ता अत्यावश्यक सामग्री उपलब्ध गराएनन् । जसका कारण कालोबजारी फस्टाएर १० रूपैयाँको मास्कका लागि सय रूपैयाँमा किनेर आफूलाई जोगाउने प्रयास फोटो पत्रकारले गर्नुपऱ्यो । जुन नेपाली पत्रकारिताको तीतो यथार्थका रूपमा इतिहासमा दर्ज भएको छ ।

राज्यले महामारी फैलिन नदिन लकडाउनको शस्त्र प्रयोग गर्दा पर्याप्तमात्रामा जिम्मेवारी पुऱ्याउन सकेन । जसले गर्दा आज कमाएर आजै खानुपर्ने धेरैको पेटमाथि प्रहार भयो । कतिपय सञ्चारगृहमा मासिकरूपमा तलब समेत नपाइरहेका पत्रकार दैनिक ज्यालादारी मजदूरभन्दा पीडित जिन्दगी बिताइरहेका थिए । लकडाउनले मालिकहरूलाई बहाना दिंदा पत्रकारको तलब एकतर्फीरूपमा कटौती भयो । समयमा तलब नपाउने पुरानो रोग झन गम्भीर हुँदा तलब थाप्ने प्रतिक्षा अझै लम्बियो । जसका कारण फोटो पत्रकारहरूको दैनिक जीवनमै यसको नकारात्मक प्रभाव थपिएको थियो । त्यस्तो बेला फोटो खिच्नैपर्ने पेशागत जिम्मेवारी पूरा गर्न फोटो पत्रकारले पेट काटेर सुरक्षाका सामग्री खरिद गर्नुपरेको निम्छरो अनुभव पनि हामीले यस अवधिमा गऱ्यौं ।

आफ्नो पेशाप्रति पूर्णरूपमा जिम्मेवार हुँदै सबैखाले नैतिक मूल्य/मान्यतामा अडिग हुने पेशाकर्मी जटिल अवस्थामा कतिसम्म निरीह हुन्छ, राज्य, आफू कार्यरत संस्थालगायतका निकायले कसरी बेवास्ता गर्छन् र कति एक्लोपनाको अनुभव हुन्छ भन्ने शिक्षा पनि यस अवधिमा प्राप्त भयो ।

संक्रमणबाट सुरक्षित रहन नयाँ मानिस भेट्न नहुने, भीडभाडमा जानु नहुनेलगायतका प्रोटोकल विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले सार्वजनिक गरेको छ । तर हामी फोटो पत्रकारका लागि यो व्यवहारमा लागु हुनसक्ने कुरा भएन । यस्तो अवस्थामा मनोवैज्ञानिकरूपमा प्रत्येक दिन घरबाट निस्किएपछि आफैले पनि भाइरस बोकेको छु कि भन्ने त्रास मनमा रहन्थ्यो । त्यही त्रासका बीच घर पुगेपछि परिवारसँगै बस्नुको विकल्प हुँदैनथ्यो । त्यसैले प्रत्येक दिन आफूमार्फत परिवारमा भाइरस सार्छु कि भन्ने भय भइरह्यो । यस्तो मनोवैज्ञानिक त्रासबाट जोगिनका लागि पनि आफू काम गर्ने संस्था वा पेशागत संगठनले हामीजस्ता अग्रभागमा रहेर काम गर्ने फोटो पत्रकारलाई सुरक्षित क्वारेन्टिनको व्यवस्था गरेको भए मानसिक त्रास कम हुनसक्थ्यो ।

आफनै सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने सिद्धान्तलाई समेत बेवास्ता गर्दै नेपाली फोटो पत्रकारहरूले सञ्चारकर्मको उदाहरणीय नमुना पेश गरिरहेका छन् ।

फोटो पत्रकार क्लबको अध्यक्ष भएको नाताले मसामु आम फोटो पत्रकारको सुरक्षा र समस्यामा ध्यान दिनु पर्ने अर्को जिम्मेवारी पनि थियो । फोटो पत्रकारका यस्ता समस्या र गुनसाहरू देखेपछि फोटो पत्रकार क्लबले सबै प्रकाशकहरूलाई आफनो संस्थामा कार्यरत फोटो पत्रकारको स्वास्थ्य सुरक्षा र समयमा पारश्रमिक दिन सार्वजानिक अपिल पनि गरेको थियो । जसको सुनुवाई खासै भएन ।

फोटो पत्रकारहरूको स्वास्थ्य सुरक्षाको चासो लिदै क्लबले विभिन्न व्यक्ति तथा संस्थाहरूसँग सहायोगस्वरूप एन ९५ मास्क, स्यानिटाइजर र सर्जिकल मास्क सबै फोटो पत्रकारहरूलाई उपलब्ध गराएको थियो भने आफ्ना सबै सदस्य र उसको परिवारको कोभिड बिमा पनि गराएको छ ।

सम्रगमा नेपाली सञ्चारगृहहरूले यस्तो अवस्थामा आफू र आफ्ना कर्मचारी कसरी बचाउनेतर्फ सोच्नुपर्नेमा नाफाघाटामात्रै हेरेको देखियो । यस्तो विषम परिस्थितिमा न्यूनतम सुरक्षाका भरमा काम गर्दै आइरहेका सञ्चारकर्मीलाई आधारभूत सुरक्षाका साम्रगी उपलब्ध गराई थप हौसला प्रदान गर्नुपर्नेमा सुरक्षाको साम्रगी त कता हो कता उल्टै समयमा तलब नदिने, दिए पनि धेरै प्रतिशत कटौती गर्ने जस्ता कामले कठिन अवस्थामा पेशाप्रति नै वितृष्णा जगाउने जस्ता अवस्था सिर्जना गराइयो । समग्रमा पत्रकारिता भनेको समाज र राज्यप्रतिको दायित्व हुनुपर्ने थियो । तर कोरोना भाइरसको महामारीपछि नेपालमा भने पत्रकारिता पनि अन्य व्यापारजस्तै नाफाखोर व्यवसायमात्र हो भन्ने तीतोसत्य स्थापित भएको छ ।

*(लेखक फोटो पत्रकार क्लबका अध्यक्ष हुनुहुन्छ ।)*

# मजदुरका नाममा...



**बिनु सुवेदी**
binusubedi@gmail.com



**साँच्चै भनेको, मैले जनताको लाचारी र निरीहपन अनि सत्ताको निर्ममता र अहंकार १४ वर्षको पत्रकारिताको अनुभवमा यसपालि देखें, यसपालि भोगें ।**

उनीहरूकै नियतमाथि प्रश्न उठाउँदा शासकलाई खुब पिर पर्छ भन्ने अनुभूति पत्रकारिताका अघिल्ला बर्षहरूमा पनि भएको थियो । तर विपन्नवर्ग र मजदुरका कुरा गर्दा शासकको टाउको सबैभन्दा भारी हुन्छ भन्ने महसुस यसपालि भयो ।

कोभिड-१९ को खास असर नेपालमा परिसकेको थिएन । तर खतराका घण्टीहरू बजिरहेका थिए । त्यसैले सरकारले २०७६ को चैत ११ गतेदेखि देशमा लकडाउनको घोषणा गऱ्यो । सरकारको घोषणासँगै हामी पनि ११ गतेदेखि नै घरघरबाट काम गर्ने भयौं । दिनभरि फिल्डतिर चहारेर, स्रोतहरू भेटेर साँझपखमात्रै अफिस पुगेर समाचार लेख्ने निरन्तरता एक्कासी रोकियो । कोरोनाभन्दा अघि सुरू भएको लकडाउनको कहरले यसरी गिजोल्यो कि हामी कामका लागि कार्यालयमात्रै होइन रिपोर्टिङका लागि फिल्डतिर पनि नजाने भयौं । त्यसले कताकता एकदमै अप्ठ्यारोजस्तो हुन थाल्यो । समाचारका स्रोतहरू फोनमा खुलेर कुरा गर्न नमान्ने, लकडाउनका कारण यत्रतत्र हिंडिरहन नसकिने । यो विरोधाभासका बीचबाट पत्रकारिता आफैमा चुनौतीपूर्ण र अनौठो आभाससहित चलिरहेको थियो । सम्भवतः पत्रकारिताको निकै लामो कालपछि होला, सम्पादकहरू आफ्ना रिपोर्टरलाई सकेसम्म घरमै बसेर फोनमार्फत् रिपोर्टिङ गर्न सुझाइरहेका थिए । मेरो आफ्नै चैत र बैशाख महिनाको मात्रै अनुभवका कुरा गर्ने हो भने पनि स्कुटरमा हिड्नभन्दा धेरै पैसा त मोबाइल रिचार्ज गर्न खर्च भइरहेको थियो । त्यसमाथि फोनमा सम्वाद गर्नेहरूको अनुकूलता बुझिदिनुपर्‍यो, उनीहरूको सम्वादको शैलीले नै पनि कहिलेकाहीँ कुन कुरा भन्न खोजिरहेका छन्, स्पष्ट हुन निक्कै कठिन हुन्थ्यो । तैपनि पत्रकारिताले एउटा अभ्यास गर्न भने सिकायो । कोठामै बसेर समाचार लेख्ने बानी बस्दै गयो । सरकार तथा पार्टीका काम र निर्णयबारे यसरी समाचार लेख्न केही हदसम्म सम्भव भएतापनि लकडाउनका रोजीरोटी खोसिएका मजदुर, विपन्नवर्ग र गरिखानेहरूलाई के बितिरहेको छ ? त्यो लेख्न फोनबाट सम्भव हुने कुरै थिएन ।

त्यसैले लकडाउनका कारण घरमै बसेको एक सातापछि मैले बाहिर निस्किने र मजदुरहरूका बारेमा रिपोर्टिङ गर्ने निधो गरें । बाहिर कोरोनाको त्यतिविधि त्रास त थिएन र मनोवैज्ञानिकरूपमा

मानिसहरू एकदमै डराइरहेका थिए । त्यसैले मेरै सम्पादक र कोअर्डिनेटरले पनि फिल्डमै गएर रिपोर्टिङ गर्दा सबैभन्दा पहिले आफ्नो सुरक्षाका बारेमा सोच्न सुझाइरहनुहुन्थ्यो । पहिले आफू रहेपछि पत्रकारिता हुँदै गर्छ भन्ने सुझाव सहकर्मीहरूले पनि दिइरहेका हुन्थे । यिनै सुझावहरूकै कारण हो, म आफूलाई समाचारका पात्रहरूसँग भौतिक दूरी राखेर कुरा गर्न अभ्यस्त भएको । जब मजदुरहरूका छाप्रो र डेरातिर जान सुरू गरें, स्थिति साँच्चै भयावह देखियो । दिनभरि काम गरेर बिहानबेलुका छाक टार्नुपर्नेहरू सातादिनसम्म कामविहीन हुनुपरेपछि दिनभरि घरमा बसेर अनिश्चित भविष्यको चित्र कोरिरहेका भेटिन्थे । काठमाडौं बाहिर घर हुनेहरूले उपत्यका छोड्न पाए हुन्थ्यो भन्ने याचना गरिरहेका हुन्थे भने जाने अर्को कुनै ठाउँ नहुनेहरूले सकेसम्म काम नभएपनि राहतको ब्यवस्था गरिदिन सरकारसँग आग्रह गरिरहेका थिए । यता सरकार भर्खरै मजदुरहरू कति छन् भनेर तथ्यांक खोज्दै थियो । मजदुरहरूको अभावले राज्यको ढिलासुस्तीलाई पर्खिन सक्ने अवस्थै थिएन ।

यस्तोमा उनीहरूको वास्तविकता बाहिर ल्याउनु एक सामान्य नागरिककै पनि त दायित्व हुन्थ्यो । त्यसैले मजदुरका, दुःखका र भोकका कुराहरू समाचारको मुख्य विषय बन्न थाले । अर्कातिर सरकारको अर्कमण्यताका खैखबरी गर्नु छँदै थियो । स्वास्थ्य सामग्री खरिदमा ओम्नीको भूमिका त्यसले निम्त्याएको बहस, अस्पतालमा स्वास्थ्यकर्मीहरूलाई पिपिई समेत नभएर भइरहेको अभाव, भुइँमान्छेहरू खाद्यान्न समेत नपाएर छटपटाइरहेको दृश्य । एक औषत आँखाका लागि कुनै दृश्य राम्रा छँदैथिएनन् । पत्रकारका लागि हुने कुरै भएन । तर यी तीनै खाले खबर सत्तालाई मन पर्ने कुरै भएन । त्यसैले सामाजिक सञ्जालमा आक्रमण तीब्र हुन थाल्यो । यही देशको नागरिक, कुनै न कुनै नेताको मतदाता भोकसँग युद्ध गरिरहेको छ भन्ने खबरले सत्ताको मुटु दुख्नुपर्ने आम बुझाई हुन आउँछ । मैले पनि त्यही बुझिरहेकी थिएँ । तर प्रहारकर्ताहरू जनता सुखसयलमा बाँचिरहेका छन् । हामीले झुटो प्रचार गरिरहेका छौं भैं गरेर तथानाम भन्थे । धम्कीपूर्ण मेसेज र फोनहरूको ओइरो नै हुन्थ्यो । कसैकसैले त निर्देशनात्मक शैलीमै पनि भने, खाली मजदुरको पीडाको मात्रै खबर नलेख । पीडितका कुरा ल्याउन सक्नेले उनीहरूलाई उद्धार गर्न किन नसकेको भन्ने प्रश्नले म धेरैपटक खङ्रङ्ग परेको छु ।

मैमाथि लगाउने आक्षेपको त के हिसाब गर्नु र? निमुखा र मजदुरमाथिको ब्यवहारले भने मन भारी हुन्थ्यो । अभावले दैलो ढकढक्याउँदा अरू कुनै उपाय नभेटेर पिलपिल गरिरहेका विपन्नबारेको सरकारी बुझाई देखेर अवाक हुन्थें म । अझ सामाजिक सञ्चालमा सक्रिय सरकार पक्षधरहरूको आक्रमणले म, म आफू भन्दा पनि उनै मजदुरहरूको पीडा सम्झिएर कहालिन्थे । सत्ताले मान्छेलाई यतिसम्म कठोर बनाउँछ भन्ने कुराको अनुभव मैले यसपालि आफैले रिपोर्टिङ गर्दा महसुसर गरें ।

काठमाडौंमा उपाय नभएपछि चैतको तेस्रो सातादेखि मजदुरी गरेर जीवन धानिरहेकाहरू आफ्नै थाँतथलोतर्फ जान थाले । सयौं किलोमिटर लामो यात्रा पैदलै नाप्दा र राजमार्गमा उनीहरूको लस्कर देख्दा लाग्थ्यो, यी ठूलो उपलब्धिका लागि युद्ध गर्न हिंडिरहेका लडाकुहरू हुन् । तर कुनै उपाय नभएर भोकैप्यासै हिंडिरहेकाहरूको खुट्टाका फोराले कसैका विरूद्ध विद्रोह गरिरहेका थिएनन् । हामीले उनीहरूको पदचापका पीडालाई पनि पछ्याउने कोशिस गर्‍यौं र समाचारको बिषय बनायौं । लागेको थियो त्यो देखेपछि कोही न कोहीको मन अवश्य पग्लनेछ, सोच्नुपर्नेहरूले केही न केही सोच्नेछन् । तर परिस्थिति ठीक उल्टो भयो । हामीलाई देशका कार्यकारी प्रमुख, प्रधानमन्त्री केपी शर्मा ओलीज्यूबाटै रहस्यमयी काम गरेको आक्षेप आयो । देशको सिडियो र प्रहरीले थाहा नपाएको कुरा पत्रकारले कसरी थाहा पाए र राजमार्गमा पुगे ?भन्ने प्रश्न प्रधानमन्त्री स्वयम्ले नै गर्नुभयो । प्रधानमन्त्रीबाटै यति कुरा आएपछि त्यस तलका अरूले आक्रमण नगर्ने कुरै थिएन ।

जहिले पनि पीडितको पक्ष लिन मन लाग्नु शायद पत्रकारिताको मर्मभित्रकै कुरा हो । मजदुर र विपन्न वर्गको आवाज उठाउन मन लाग्नु पेशाको धर्मले निर्धारण गरेको कुरा हो । तर दुःखीहरूको कहानीलाई षडयन्त्र देख्ने सत्ता हाम्रो दुर्भाग्य हो । यो दम्भ मैले काठमाडौंमा मात्रै होइन, केन्द्रमा मात्रै होइन प्रदेश र स्थानीय सरकारमा पनि देखें । प्रदेश २ का विभिन्न जिल्लाहरूमा कोरोना कहर र लकडाउनले पारेको असरबारे रिपोर्टिङ गर्दा भुइँमान्छेको कुरा र जनप्रतिनिधिको कुरा आकाशपातालले फरक हुन्थ्यो । जनता साँच्चै दुःखमा छन् भन्ने कुरा स्वीकार्न सत्तालाई हम्मेहम्मे नै पर्दो रहेछ भन्ने महसुस मैले यसपालि राम्रोसँग गर्न पाएँ । तर सबैभन्दा पिँधमा रहेका यी मान्छेहरूसँग भेट हुँदा र कुरा गर्दा उनीहरूको कुरा सुन्नुबाहेक अरू गर्न सकिएन । जहिले नजिकै बसेर सान्त्वना दिउँ भन्ने लाग्दालाग्दै पनि भौतिक दूरी कायम गर्नुपर्छ भन्ने कुराले झस्काइरहन्थ्यो । त्यसैले नागरिकको आँखाबाट बगिरहेको आँसु पुछ्न जान पनि सकिँदैनथ्यो । प्रत्येकपटक सम्वाद सकिएपछि उनीहरूको घाउ बल्झाउन परेको दुःखले म आफै हायलकायल हुन्थें, पीडाको बडेमानको भारी मेरै टाउकोमा छ जस्तो हुन्थ्यो ।

छटपटी त मलाई अझ त्यतिखेर हुन्थ्यो किपीडितका समाचार पढेपछि राज्यका जिम्मेवार निकायहरू त्यस्तो पनि हुन्छ र ? भने प्रश्न गर्थे । कसैको उक्साहटमा ती बोलिरहेका हुन् भनेर आक्षेप लगाउँथें । साँच्चै भनेको, मैले जनताको लाचारी र निरीहपन अनि सत्ताको निर्ममता र अहंकार १४ वर्षको पत्रकारिताको अनुभवमा यसपालि देखें, यसपालि भोगें ।

*(लेखक कान्तिपुर दैनिकमा कलम चलाउनु हुनुहुन्छ ।)*

**घरबाहिर निस्कँदा मास्कको अनिवार्य प्रयोग गरौं,**
**कोरोना संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।**

# प्रेस स्वतन्त्रता अवस्थाको अनुगमनसम्बन्धी वार्षिक प्रतिवेदन

## २०७६ बैशाख २१ देखि २०७७ बैशाख २० सम्म

२०७६ सालको अन्त्य विश्वका लागि चुनौतिका रूपमा देखापऱ्यो । कोरोना भाइरसको विश्वव्यापी संक्रमणले मानवजातिले नसोचेको चुनौति लिएर आयो जसको प्रभाव समाजका सबै पक्षहरूमा देखियो । समाज, अर्थतन्त्र, अन्तर्राष्ट्रिय सम्बन्धहरूमा यसको कस्तो असर परेको छ र अझै कस्तो असर पर्नसक्छ भन्ने कुरा महामारीको अन्त्यपछि थप स्पष्ट हुँदै जाने छ ।

अरू क्षेत्रजस्तै पत्रकारिता र सञ्चार क्षेत्र पनि यो महामारीबाट अछुतो रहेन । सञ्चारमाध्यमहरूको प्रकाशन, प्रसारण तथा त्यहाँ रोजगारीका अवस्थाहरूमा यसको प्रत्यक्ष असर देखियो । अनेकौं पत्रपत्रिका बन्द भए भने विश्वभरि नै विज्ञापनमा कमी आएको सर्वेक्षणहरूले देखाएका छन् । कोरोना महामारीको अवस्थालाई बहाना बनाई कतिपय सरकारहरूले यसलाई लोकतन्त्र र मानवअधिकारको आधारभूत मान्यताहरूमाथि आक्रमण गर्ने अवसरको रूपमा लिएको देखिएको छ । त्यसमा पनि अभिव्यक्ति स्वतन्त्रतालाई अंकुश लगाउने र प्रेस स्वतन्त्रतामाथि आक्रमण गर्ने काम विभिन्न देशका सरकारहरूबाट भएका छन् ।

मिडिया सञ्चालकहरूले पनि यस्तो बेला पत्रकारको सेवा सुविधा कटौती गर्ने, तलब घटाउने, बेतलबी बिदामा पठाउने वा कामबाट निश्कासन गर्ने समेत गरेको पाइएको छ । नेपालमा पनि कतिपय सञ्चारगृहले कोरोना संक्रमण र लकडाउनलाई आधार बनाई पत्रकार कटौती गर्ने, तलब रोक्ने, बेतलबी बिदा लिन दबाव दिने जस्ता गतिविधि देखा पर्न थालेपछि नेपाल पत्रकार महासंघ दवावमा उत्रिन बाध्य भयो । कतिपय मुलुकमा जस्तो गम्भीर परिस्थिति नभए पनि नेपालमा समेत सञ्चार क्षेत्र र विशेषगरी पत्रकार हरूले कोरोना महामारीको प्रत्यक्ष प्रभावको अनुभूति गर्नुपरेको छ । काठमाडौं बाहिरबाट प्रकाशित हुने अधिकांश पत्रपत्रिकाको प्रकाशन बन्द भएको छ भने जति प्रकाशित भइरहेका छन्, तिनीहरू पनि मुस्किल अवस्थामा मात्र प्रकाशित हुन सकेका छन् । महामारीको बेलामा आम मानिसलाई सही सूचना दिने आवश्यक सञ्चारमाध्यमहरू बन्द हुन नदिन सञ्चार क्षेत्रका लागि विशेष प्याकेज घोषण गर्न महासंघले नेपाल सरकार तथा प्रदेश सरकारहरूलाई बारम्बार आव्हान गरेको छ तर अझैसम्म ठोस उपलब्धि देखिएको छैन ।

एकातिर आफ्नो पेशागत सुरक्षाको जोखिम छ भने अर्कोतिर यस्तो महामारीको अवस्थामा आफू सुरक्षित रही पाठक, स्रोता, दर्शकलाई सही सूचना सम्प्रेषण गर्दा व्यहोर्नुपरेका समस्याहरू सञ्चारकर्मीहरूले सामना गर्नुपरेको अर्को चुनौती रह्यो । यस्तो महामारी र विपद्को अवस्थामा स्वास्थ्यकर्मी, सुरक्षाकर्मीसँगै सञ्चारकर्मीहरूले पनि अग्रभागमा रही काम गर्नुपर्ने दायित्व निर्वाह गरिरहेका छन् । तर यो महामारीले नेपाली सञ्चार क्षेत्र यस्तो अवस्थामा सुरक्षित पत्रकारिताका लागि पूर्वतयारीको अवस्थामा नरहेको देखियो । पत्रकारहरूलाई आवश्यक पर्ने सामान्य सुरक्षाका साधनहरूसमेत सञ्चारगृहहरूले उपलब्ध गराउन नसक्नु, महामारी र विपद्का समयमा रिपोर्टिङका लागि आफ्ना पत्रकारहरूको क्षमता बढाउन नसक्नु र विपद् पत्रकारिताका तालिममार्फत्सीप दिन नसक्नु नेपाली सञ्चारगृहहरूमा विगतदेखिकै समस्या हुन्, जुन यो बेला पनि देखियो । नेपाल पत्रकार महासंघले महामारीको जोखिम बढ्दै गएपछि सबै पत्रकारहरूका लागि महामारीको बेला कसरी सुरक्षित रही सही सूचना सम्प्रेषण गर्ने भनी निर्देशिका तयार गरी वितरण गरेको छ । यसैगरी महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले पनि कोरोना सत्रमणका सम्वन्धमा पत्रकार र सञ्चारमाध्यमका लागि निर्देशिका जारी गरेको छ ।

वर्षको अन्त्यतिर देखिएको महामारीको समस्याबाहेक पनि यस वर्ष नेपाली सञ्चार क्षेत्रले विभिन्न चुनौतीहरूको सामना गर्नुपऱ्यो । अघिल्ला वर्षहरूदेखि नै देखिएको प्रेस स्वतन्त्रताप्रति सरकारको उदासीनता यस वर्ष झनै टड्कारोरूपमा देखापऱ्यो । वर्षको सुरूमा नै वैशाख २६ गते सरकारले राष्ट्रियसभा सचिवालयमा दर्ता गरेको नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयक स्वतन्त्र प्रेसलाई नियन्त्रण गर्ने अवधारणाबाट प्रेरित भएर आएको भन्नेमा सञ्चार क्षेत्र देखिए । काउन्सिलको स्वायत्तता र स्वतन्त्रतालाई ध्वस्त पार्दै पूर्णरूपमा सरकार नियन्त्रित काउन्सिल बनाउन खोजेको उक्त विधेयकले पत्रकार हरूमाथि जरिवाना र कारवाहीका कडा प्रावधानहरूलाई अघि सारी स्वतन्त्र र निष्पक्ष पत्रकारिता गर्न असहज हुने स्थिति जन्माएको थियो । महासंघको कडा विरोधपछि उक्त विधेयकमा केही संशोधन गरिएको भएपनि अझै

पनि त्यसमा अनेकौं सुधार गर्नुपर्ने खाँचो छ ।

यसका साथै यसै वर्ष प्रतिनिधिसभाको सम्बन्धित समितिबाट पारित भएको सूचना प्रविधि विधेयकमा पनि अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गर्ने धेरै प्रावधानहरू रहेका छन् । उक्त विधेयकमा रहेका कतिपय प्रावधानहरूले विशेषगरी अनलाइन पत्रकारिता गर्न निकै अप्ठ्यारो पर्ने अवस्था सिर्जना गरेको छ । विज्ञापनसम्बधी व्यवस्था गर्न बनेको ऐनमा पनि प्रकाशित विज्ञापनका लागि सम्पादकीय नेतृत्वलाई समेत जिम्मेवार ठहऱ्याउने प्रावधानहरू राखी सम्पादकीय स्वतन्त्रतामाथि नै आघात पुऱ्याउने काम भएको थियो, जुन महासंघको दवावपछि सुधार गर्न सम्भव भएको छ । अघिल्लो वर्षदेखि लागु भएको मुलुकी अपराध तथा देवानी संहितामा रहेका प्रेस स्वतन्त्रता विरूद्धका प्रावधानहरू सच्चाउने प्रतिवद्धता भए पनि प्रतिबद्धताअनुरूप अझै सच्चाइएको छैन । त्यसपछि लगातार आएका यी विधेयकहरूले प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रताप्रतिको सरकारको प्रतिबद्धता व्यवहारमा देखिन सकेको छैन ।

रिपोर्टर विदआउट बोर्डर (आरएसएफ) ले प्रकाशित गरेको प्रेस स्वतन्त्रता इन्डेक्स २०२० मा नेपालको स्थान गत वर्षको तुलनामा ६ स्थान खस्किएर १८० राष्ट्रहरूमध्ये ११२ औं स्थानमा रहेको छ । आरएसएफले पनि सञ्चारसम्बन्धीप्रस्तावित कानूनहरू र सरकारका प्रतिनिधिहरूले प्रेसका बारेमा गर्ने टिप्पणीहरूलाई नै आधार मानी यस वर्ष नेपालको स्थान खस्किएको जनाएको छ ।

नीतिगत र कानूनी बन्देजहरू बाहेक पनि यस वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरू धेरै भए । सरकारी पक्षबाट उल्लंघनका घटनाहरूमा यस वर्ष पनि पत्रकार गिरफ्तारीका घटनाहरू धेरै भए । अनलाइन माध्यमबाट पत्रकारिता गर्दा विद्युतीय कारोबार ऐनअन्तर्गत पत्रकार गिरफ्तार हुने घटनाहरू यस वर्ष पनि निरन्तर रहे । महासंघको लगातार खबरदारीका बावजुद पनि पत्रकार हरूलाई यस ऐनअन्तर्गत कारवाही गर्ने क्रम रोकिन सकेको छैन । अर्कोतिर प्रतिनिधिसभामा विचाराधीन अवस्थामा रहेको सूचना प्रविधि विधेयकमा रहेका प्रावधानहरू विद्युतीय कारोबार ऐनका भन्दा पनि कडा रहेका छन् जसका कारण भविष्यमा अनलाइन पत्रकारिताका लागि थप चुनौती हुने सम्भावना टड्कारो छ ।

वि.सं. २०५६ देखि नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हननका घटनाहरूको निरन्तर अनुगमन तथा अभिलेखिकरण गर्दै आइरहेको छ । यसका लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई खडा गरी निरन्तर अनुगमन गर्ने र घटनाको प्रकृति अनुसारको पहलकदमी लिने गरेको छ । महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनाहरूलाई त्यहाँ रेकर्ड गर्ने गरेको छ जुन डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ । उक्त डाटाबेसमा महासंघमा जानकारी हुन आएका सम्पूर्ण घटनाहरूलाई रेकर्ड गरी ती घटनाले प्रेस स्वतन्त्रतामाथि आँच पुऱ्याउन सक्ने खालका हुन् वा पत्रकारमाथि भए पनि प्रेस स्वतन्त्रतासँग असम्बन्धित वा अन्य कुनै अवस्थामा भएका हुन् भनी समीक्षा गरी छुट्टाछुट्टै रेकर्ड गर्ने व्यवस्था गरिएको छ ।

यसका साथै महासंघले वि.सं. २०७१ मा प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार गरेको थियो । त्यस मानदण्डमा प्रेस स्वतन्त्रता हननका घटनाहरूलाई वर्गीकरण गरी व्यवस्थितरूपमा अभिलेखीकरण गर्ने व्यवस्था गरिएको थियो । महासंघले विभिन्न सरोकारवाला पक्षहरूसँगको परामर्श र सहकार्यमा उक्त मानदण्डमा २०७३ मा संशोधन गरी सोहीअनुसार अभिलेखीकरण गर्ने व्यवस्था गरेको छ । पत्रकारले पत्रकारिता बाहेक अन्य कार्य गर्दा हुने आक्रमणलाई अनुगमन प्रणालीमा राखिँदैन । साथै हरेक व्यक्तिका अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित विषयहरू पनि महासंघको प्रेस स्वतन्त्रता अनुगमनमा समेटिएका छैनन् ।

२०७६ सालमा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरू

यस वर्षका घटनाहरूलाई विश्लेषण गर्दा नेपालमा प्रेस स्वतन्त्रताको अवस्था चुनौतिपूर्ण बन्दै गएको देखिन्छ । गत वर्षको तुलनामा पत्रकार तथा सञ्चार गृहमाथि हुने हिंसाका घटना बराबर नै रहेपनि यस वर्ष कानूनीरूपमा प्रेसमाथि नियन्त्रण गर्ने घटनाहरू धेरै भए ।सूचना प्रविधि विधेयक र नेपाल मिडिया काउन्सिल विधेयकमाअभिव्यक्तिस्वतन्त्रता तथा प्रेस स्वतन्त्रताका विश्वव्यापी मान्यता विरूद्धका दफाहरू रहेका छन् । नेपाल पत्रकार महासंघले पटकपटकती विधेयकलाई सच्याउन सरकारको ध्यानाकर्षण गराउँदै आएको छ ।

यस वर्ष सरकारका कामकारबाहीमा हुने गरेका ढिलासुस्ती तथा अनियमितताका समाचारप्रति तीनै तहको सरकारमा रहेका नेतृत्वकर्ताहरूको सहनशीलता घट्दै गएको देखिएकोछ । २०७६ चैत २२ गते काठमाडौं प्रेस अनलाइनमा प्रकाशित समाचार हटाउन प्रधानमन्त्री कार्यालयको सचिवालयबाटै दबाब दिनु र हटाउन नमानेपछि अनलाइनको सेवाप्रदायक कम्पनीलाई दवाव दिएर उक्त समाचार हटाइएको घटनाले स्वतन्त्र पत्रकारिताप्रति सरकार र निजी कम्पनीको व्यवहार प्रष्ट पारेको छ । यतिमात्रै नभई पत्रकार महासंघबाट जारी भएको विज्ञप्तिमा आपत्ति जनाउँदै प्रधानमन्त्रीको सचिवालयबाट महासंघका महासचिवलाई नै धम्की आउनुले थप चुनौतीको महसुस हुनपुगेको छ ।यसैगरी अनलाइन सञ्चारमाध्यममा समाचार लेखेकै आधारमा पत्रकारलाई विद्युतीय कारोबार ऐनअन्तर्गतका कसुरमा

पक्राउ गर्ने क्रम बढ्नुले नेपाली पत्रकारितामा नयाँ चुनौती थपिएको छ । जीतेन्द्र महर्जन, ओम हमाल, खेम थपलिया लगायतका पत्रकारलाई अदालतले रिहा गर्न आदेश दिएपछि पनि प्रहरीले अदालतको गेटबाटै बारम्बार पक्राउ गरेका घटनाहरूले सरकार प्रेस स्वतन्त्रता र पत्रकारको अधिकारप्रति गम्भीरनरहेको देखाएकोछ ।

२०७६ सालमा प्रेस स्वतन्त्रता हननका ६० वटा घटना भएका छन् जसमा९४ पत्रकार तथा ३ सञ्चारसंस्था गरी ९७पीडित बनेका थिए । नेपाल पत्रकार महासंघ, सञ्चारअनुगमन इकाईमा अभिलेख भएका यी घटनाहरूमा यो एक बर्षको अवधिमा पत्रकार हत्या तथा बेपत्ताका घटना भएका छैनन् भने पत्रकार गिरफ्तारका ८ वटा घटना भएका छन् । त्यस्तै स्वतन्त्र पत्रकारितामा अवरोध तथा कब्जाका ३ वटा घटना भएका छन् । पत्रकारमाथि आक्रमणका १३ वटा घटना भएका छन् भने दुर्व्यवहार तथा धम्कीका ३२ वटा घटना भएका छन् । पत्रकार पेशाबाट विस्थापनको १ र पेशागत असुरक्षाका ३ वटा घटना भएका छन् ।


गत बर्ष पनि प्रेस स्वतन्त्रता हननका ६० वटा घटना भएका थिए । यी ६० घटनामा ७७ जना पत्रकार र ५ सञ्चारसंस्था पीडित भएका थिए । तर यस वर्ष पीडित हुने पत्रकार र सञ्चारगृहको संख्या गत वर्षभन्दा १७बढी छन् ।

गत वर्षको तुलनामा यस वर्ष राज्यबाट भएका प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा पत्रकारहरूलाई गिरफ्तार गर्ने घटनाहरू कम देखिए पनि यसको संख्या अझै ठूलै छ । गत वर्ष जस्तै यस वर्ष पनि वर्षैभरि पत्रकारहरूलाई लेखेको वा समाचार सम्प्रेषण गरेकै आधारमा गिरफ्तार गर्ने घटनाहरू भए । मुख्यरूपमा आफैले लेखेको वा अन्य कसैले लेखेको विषयवस्तुलाई अनलाइनमार्फत् शेयर गरेका कारण विद्युतीय कारोबार ऐनअन्तर्गत पत्रकारहरूलाई गिरफ्तार गर्ने घटनाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचनमा पार्ने काम धेरै भए । यसका साथै राजनीतिक आस्थाका कारण पत्रकार हरूलाई गिरफ्तार गर्ने र अदालतको आदेशबाट रिहा भइसकेपछि पनि तुरून्तै पुनः गिरफ्तार गर्ने काम पनि यस वर्ष भयो । नेपाल पत्रकार महासंघको पहलमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेर ४ जना पत्रकारहरूलाई रिहा गराउनु परेको थियो ।

सरकारी तथा अन्य पक्षबाट पत्रकारहरूलाई समाचार सम्प्रेषण गरेकै कारण आउने धम्की र हुने दुर्व्यवहारका घटना यस वर्ष सबैभन्दा बढी देखिए ।

यस वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका सबैभन्दा धेरै घटनाहरू बागमती प्रदेशमा भए भने सबैभन्दा कम प्रदेश नं. ५ मा । महासंघ प्रेस स्वतन्त्रता अनुगमन इकाइको रेकर्डका अनुसार बागमती प्रदेशमा २५ वटा यस्ता घटना भएका थिए भने प्रदेश नं. ५ मा २ घटना भएका थिए । त्यसैगरी प्रदेश नं. १ मा १०, प्रदेश नं २ मा ४, गण्डकी प्रदेशमा ३, कर्णाली प्रदेशमा ८ रसुदूरपश्चिम प्रदेशमा ८ वटा घटना भए ।


यस वर्ष सातै प्रदेशमा घटेका प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको प्रकृतिका आधारमा विश्लेषण तलको चित्रमा प्रस्तुत गरिएको छ ।



यस अवधिमा ८८ पुरूष पत्रकार, ५ महिला पत्रकार र ४ वटा सञ्चारसंस्था प्रेस स्वतन्त्रता उल्लंघनका घटनाबाट प्रताडित भए । यसरी हेर्दा विभिन्न कारणहरूले पुरूष पत्रकारहरू नै यस्ता घटनाहरूमा बढी परेको पाइएको छ भने अर्कोतिर पत्रकार महिलाहरू पीडित भएका घटनाहरूका बारेमा यथेष्ट जानकारी नआएको वा बताउन नचाहेको पनि हुनसक्छ ।

घटनाको प्रकृतिका आधारमा हेर्दा यस वर्ष सबैभन्दा बढी पत्रकारहरूमाथि दुर्व्यवहार वा धम्कीका घटनाहरू रेकर्ड भएका छन् । त्यसैगरी पत्रकार वा सञ्चारसंस्थामाथि आक्रमणका घटना तथा पत्रकार गिरफ्तारीका घटनाहरू पनि यस वर्ष धेरै देखिए । घटना प्रकृतिका आधारमा विश्लेषण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

प्रेस स्वतन्त्रता हनन्का घटनाका प्रकृति




२०७६ बैशाख १ देखि २०७७ बैशाख २० सम्ममा भएका प्रेस स्वतन्त्रता हनन्का घटनाहरूको विवरण

नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालयको प्रेस स्वतन्त्रता अनुगमन इकाईले वि.सं २०७६ बैशाख १ देखि २०७७ बैशाख २० सम्ममा अभिलेख गरेका प्रेस स्वतन्त्रता हनन्का घटनाहरू ।

१. २०७७ बैशाख १९ गते राहत वितरणको क्रममा विवाद भएपछि वडा कार्यालयमा ताला लगाइएको फोटो खिच्दा कैलालीको केआइसिंह गाउँपालिका वडा नं. ४ वाट पत्रकार लोक कार्कीलाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको । उहाँमाथि दुर्व्यवहार समेत भएको ।

२. २०७७ बैशाख १८ गते काठमाडौंमा बाह्रखरी डटकमका पत्रकार केशवराज जोशीलाई प्रहरीले दुर्व्यवहार गरेको छ । बानेश्वरबाट थापाथलीस्थित कार्यालय जाँदै गर्दा बानेश्वर चोकमा भिडियो खिच्दै गर्दाको अवस्थामा प्रहरीले पत्रकार जोशीलाई दुर्व्यवहार गर्नुका साथै पत्रकार परिचयपत्र खोसेर १० मिनेट होल्डमा राखेका थिए ।

३. २०७७ वैशाख १७ गते नेपाल पत्रकार महासंघ चितवन शाखाका सदस्य तथा अनलाइनखबर डटकमका सम्वाददाता सुवास पण्डितलाई लक्ष्यित गरी अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी संघ र अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी संगठनलगायतले विज्ञप्ति निकालेर धम्क्याए। चितवनमा रहेको भरतपुर कोरोना विशेष (अस्थायी) अस्पतालबाट स्वास्थ्य सामग्री बाहिरिएको र खर्च प्रक्रियामा अनियमितता भएको विषयमा समाचार प्रकाशित भएपछि पण्डितलाई यस किसिमले धम्की दिइएको थियो ।

४. २०७७ बैशाख १५ गते दैलेखस्थित नागरिक दैनिकका सम्वाददाता गोविन्द केसीलाई बैशाख १० गते नागरिक दैनिकमा प्रकाशित समाचारको विषयलाई दैलेख नारायण नगरपालिकाका चमेनागृह सञ्चालक छत्र थापाले सार्वजनिक स्थानमा धम्की दिँदै दुर्व्यवहार गरेका थिए । नारायण नगरपालिकाको राहत सामग्री खरिदमा अनियमितता सम्बन्धी समाचार प्रकाशित भएपछि पत्रकार के.सी.लाई धम्की दिइएको थियो ।

५. २०७७ बैशाख १५ गते समाचार संकलनका लागि बिहान कारिब १० बजेतिर चितवनको भरतपुरस्थित चौबीसकोठीमा पुगेका कायाकैरन दैनिकका सम्पादक विनोदबाबु रिजाल र रेडियो त्रिवेणीमा कार्यरत पत्रकार अर्जुन अधिकारीलाई प्रहरीले दुर्व्यवहार गर्दै पक्राउ गरेका थियो । पत्रकारद्वयले परिचयपत्र देखाउँदा देखाउँदै प्रहरीले दुर्व्यवहार गर्दै भरतपुरको कभर्ड हलमा रहेको क्वारेन्टाइनमा लगेर खिचिएको फोटो र भिडियो मेटाउनुका साथै पत्रकारका सवारी साधनर सञ्चार साधनसमेत नियन्त्रणमा लिएका थिए ।

६. २०७७ बैशाख ५ गते इमेज च्यानलको कार्यकक्षमै पत्रकार तथा समाचारवाचिका ग्रिष्मा राजभण्डारीमाथि आक्रमण भएको छ । कार्यविभाजनको सिलसिलामा भण्डारीमाथि सोही च्यानलमा कार्यरत पत्रकार

सुसन रामदासले आक्रमण गरेको पत्रकार भण्डारीले जानकारी दिनुभयो । कुटपिटबाट उहाँको टाउकोमा गहिरो चोट लागेकाले टिचिङ अस्पतालमा उपचार गरिएको थियो । आक्रमण गर्ने पत्रकार सुसन रामदासलाई प्रहरीले पक्राउ गरेको छ ।

७. २०७७ बैशाख ३ गते नागरिक दैनिकका पत्रकार दिलीप पौडेललाई नागरिक दैनिकमा प्रकाशित समाचारको विषयलाई लिएर कीर्तिपुर निवासी महेशराज महर्जनसहितका व्यक्तिले सामाजिक सञ्जाल र फोनबाट धम्की दिएका थिए । बैशाख २ गते नागरिक दैनिकमा प्रकाशित 'कोरोनाको बहाना बनाएर ९ महिनाको गर्भवती डेरा निकाला' शीर्षक समाचारलाई लिएर निज महर्जनसहितका व्यक्तिले सामाजिक सञ्जालमार्फत अनेक किसिमका गालीगलौजको शब्द प्रयोग गर्ने तथा फोनबाट धम्क्याएको पीडित पत्रकार पौडेलले जानकारी गराउनु भएको हो ।

८. २०७६ चैत २० गते प्रधानमन्त्रीको सचिवालयबाट काठमाडौं प्रेस अनलाइनमा प्रकाशित समाचार हटाउन दबाब दिनुका साथै हटाउन नमानेपछि अनलाइनको सेवा प्रदायक कम्पनीलाई दबाब दिएर उक्त समाचार हटाइएको छ । स्वास्थ्य सामग्री खरिदमा भएको अनियमिततासम्बन्धी समाचार प्रकाशित भएपछिसमाचार हटाउन दबाब दिएको तथा हटाउन नमानेपछि सेवा प्रदायक संस्थालाई दवाब दिएर उक्त समाचार हटाउनुका साथै केही समय कुनै पनि समाचार पोष्ट गर्न नमिल्ने गरी अनलाइन अवरूद्ध पारिएको काठमाडौं प्रेसले पत्रकार महासंघलाई लिखित जानकारी गराएको थियो ।

९. २०७६ चैत २० गते काठमाडौं प्रेस अनलाइनमा प्रकाशित समाचार हटाइएको सम्बन्धमा प्रेस विज्ञप्तिजारी गरेको विषयलाई लिएर पत्रकार महासंघका महासचिव रमेश विष्टलाई प्रधानमन्त्री सचिवालयबाटै धम्की दिइएको थियो ।

१०. २०७६ साल चैत १६ गते अन्नपुर्ण पोष्ट दैनिकमा लकडाउनमा सांसद एम्बुलेन्समा आएपछि भन्ने शीर्षकमा समाचार प्रकाशित भएपछि अन्नपूर्णपोष्ट दैनिक कालिकोटका सम्वाददाता विष्णुप्रसाद न्यौपानेलाइ सामाजिक सञ्जालमार्फत नन्दकेश अधिकारी तथा खगेन्द्र चौलागाई लगायतका व्यक्तिहरूले धम्की दिनुका साथै दुर्व्यवहार गरेका थिए ।

११. २०७६ चैत ३० गते धनगढी एफएमबाट प्रसारित तातो बहस कार्यक्रममा वडा कार्यालयले वितरण गरेको राहतको विषयमा वडाध्यक्ष मुडभरी र कार्यक्रम सञ्चालक नवराज घानुकबीच कार्यक्रममै चर्काचर्की भएको थियो । सोही विषयलाई लिएर कार्यक्रम सकिएलगत्तै रेडियो परिसरमा अध्यक्ष मुडभर ीसहितका व्यक्तिहरू जथाभावी प्रवेश गरी दुर्व्यवहार गर्नुका साथै आक्रमणको प्रयास गरेका थिए ।

१२. २०७६ चैत्र २७ गते नागरिक दैनिकका कर्णाली प्रदेश प्रमुख नगेन्द्र उपाध्यायलाई समाचारको विषयमा प्रतिक्रिया लिन खोज्दा कर्णाली प्रदेशसभा सदस्य दानसिंह परियारले गालीगलौज गर्दै धम्क्याएका छन् ।

१३. २०७६ चैत २४ गते सुर्खेतस्थित जागरण एफएमका समाचारवाचक नन्द कठायतलाई रेडियोको कार्यालय जाँदै गर्दा प्रहरीले हातपात गर्नुका साथै दुर्व्यवहार गरेका छन् ।

१४. २०७६ चैत्र १६ गते जिल्ला प्रशासन कार्यालय धनकुटाको जिल्ला दैवी प्रकोप उद्धार कोषमा स्व. सूर्यबहादुर थापा फाउण्डेसनको संयोजनमा विभिन्न स्वास्थ्य सामग्रीहरू हस्तान्तरण गर्ने कार्यक्रमको समाचार संकलनका लागि जिल्ला प्रशासन कार्यालय धनकुटा पुगेका हिमालय टाइम्स दैनिकका सम्वाददाता खगेन्द्रप्रसाद घिमिरे र हिमालयन टेलिभिजनका सम्वाददाता कविराज घिमिरेलाई स्थानीय प्रशासकको आदेशमा जिल्ला प्रशासन परिसरबाट अपमानजनक ढंगबाट बाहिर निकालिएको छ । त्यस्तै, द धनकुटा हेराल्ड दैनिकका सम्पादक नगेन्द्र राई, अन्नपूर्ण पोष्ट दैनिकका सम्वाददाता हरिबहादुर लम्जेल, रेडियो भेडेटारका स्टेशन प्रमुख पूर्णकुमार चौधरी, थाहासञ्चार धनकुटा सम्वाददाता ईश्वर थापालगायतलाई सुरक्षाकर्मीहरूले माथिको आदेश भन्दै समाचार संकलनमा रोक लगाउँदै जिल्ला प्रशासन परिसर बाहिरै रोकेका थिए भने खिचिएको तस्वीर मेटाउन लगाएका थिए ।

१५. २०७६ चैत २३ गते नेपाल पत्रकार महासंघ खोटाङ शाखाका सचिव उत्तम चौलागाईलाई प्रकाशित समाचारको विषयलाई लिएर नेपाली कांग्रेस खोटाङका सभापतिनरेशकुमार श्रेष्ठले धम्की दिएका छन् । प्रभावन्यूज डटकममा क्वारेन्टाइनमा मानिस राख्न कांग्रेस सभापतिको अवरोध' शीर्षकमा समाचार प्रकाशित भएपछि सभापति श्रेष्ठले सचिव चौलागाईलाई पैसामा बिकेर समाचार लखेको,भेटघाटमा राम्रै चिनजान हुन्छ' भन्ने जस्ता शब्द प्रयोग गरी धम्क्याएका थिए ।

१६. २०७६ चैत १३ गते इटहरीबाट प्रसारण हुने ऐरिना टेलिभिजनको कार्यक्रमका लागि विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) का सम्बन्धमा प्रत्यक्ष कुराकानी गर्न खोज्दा इटहरीका मेयर द्वारिकलाल चौधरीले टेलिभिजनमा कार्यरत सञ्चारकर्मी राजन कट्वालमाथि अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेका थिए ।

१७. २०७६ चैत ३ गते दैलेख सदरमुकामस्थित नारायण नगरपालिकामा भारतीय प्रहरी पोशाकसहित नेपाली बजारमा निर्बाध हिडडुल गरिरहेको विषयमा समाचार संकलनका लागि जिल्ला प्रशासन कार्यालय जाने क्रममा इमेज टेलिभिजन दैलेखका जिल्ला सम्वाददाता भीमबहादुर सिजापतिमाथि जिल्ला प्रहरी कार्यालय दैलेखमा कार्यरत प्रहरी जवान एसपी चौधरीले दुर्व्यवहार गरेका थिए ।

१८. २०७६ चैत ४ गते माउण्टेन टेलिभिजन कर्णाली ब्युरो सुर्खेतमा कार्यरत पत्रकार महेश रोकायामाथि सोही दिन साँझ वीरेन्द्रनगर नगरपालिका १२ का अर्जुन विक र केदार शाही लगायतको टोलीले आक्रमण गरी घाइते बनाएको थियो । अफिसको काम सकेर घर फर्कदै गरेका पत्रकार रोकायालाई आक्रमण गरेका थिए ।

१९. मिति २०७६ फागुन २६ गतेका दिन जनकपुरधामबाट प्रसारित जनकपुर टेलिभिजनका सञ्चालक समिति सदस्य प्रमोद अग्रवाललाई रूफटप रेस्टुरेण्टका सञ्चालक व्यवसायी धर्मेन्द्र साहले हातपात एवं दुर्व्यवहार गरेको थिए । सामान्य विषयमा भनाभन हुँदा सञ्चार उद्यमी अग्रवाललाई रेस्टुरेण्ट सञ्चालक साहले हातपात गरेका थिए ।

२०. २०७६ फागुन १३ गते नेपाल भाषाको पत्रिका न्हुगु

जोजोलोपाका प्रधानसम्पादक तथा रेडियो मिर्मिरेका कार्यक्रम सञ्चालक जितेन्द्र महर्जनलाई प्रहरीले गिरफ्तार गरेको थियो । उनलाई कीर्तिपुरको नयाँबजारमा रहेको सिसापसलबाट गिरफ्तारगरेको थियो ।

२१. २०७६ फागुन १४ गते हाम्राकुरा डटकमका प्रधानसम्पादक अजयबाबु शिवाकोटीले पत्रकारिता गरेकै कारण आफू असुरक्षित भएको भनी महासंघमा जानकारी गराउनु भएको छ । खोजी पत्रकारितामा क्रियाशील शिवाकोटीले पछिल्लो समय सूचना तथा सञ्चार प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटा सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरणमा घुस मागेको अडियो हाम्राकुरा डटकममा प्रकाशन/प्रसारण गरेका थिए । उक्त समाचार प्रकाशन भएपश्चात आफ्नो निवास र कार्यालय वरपर केही अपरिचित व्यक्तिहरूले शंकास्पद गतिविधि बढाएकोले आफू असुरक्षित भएको भनी जानकारी गराउनु भएको थियो ।

२२. २०७६ फागुन ५ गते रासस बाजुरा जिल्ला प्रतिनिधि प्रेम रौलेमाथि रेडियो पौरखीका विषयमा छलफलमा बोलाई नेपाल तरूण दलका सचिव तथा रेडियो पौरखी सञ्चालक समितिका सचिव हिरेन्द्रबहादुर रोकायाले आक्रमण गरेका थिए । आक्रमणबाट पत्रकार रौले सामान्य घाइते भएका थिए ।

२३. २०७६ फागुन ४ गते नागरिक रैबार डटकम र रासस बाजुरा जिल्ला प्रतिनिधि प्रेमबहादुर विकले प्रदेश सांसद लालबहादुर थापाको नाम किटान गरी सामाजिक सञ्जालमा लेखेको विषयमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले बिना सूचना केही समय नियन्त्रणमा लिएर छोडेको थियो ।

२४. २०७६ फागुन ६ गतेको काठमाण्डु पोष्टमा 'चाइनाज सेक्रेसी ह्याज मेड कोरोनाभाइरस क्राइसिस मच वर्स' शीर्षकमा एशियान्युज नेटवर्कको आर्टिकल छापेको विषयलाई लिएर नाटोका लागि अमेरिकाका पूर्व राजदूत रहेका इभो ड्याल्डरको उक्त लेखमा चिनियाँ युआनमा भएको माओत्से तुङको तस्बीरमा मास्क लगाइएको थियो । सोही विषयलाई लिएर सोही दिन साँझ विज्ञप्ति निकाल्दै चिनियाँ दूतावासले काठमाण्डु पोष्टका सम्पादक अनुप काफ्लेले पहिलादेखि नै कुत्सित मनसायका साथ समाचारहरु छापिरहेको भन्दै धम्कीपूर्ण भाषामा विज्ञप्तिमार्फत आरोप लगाएको थियो ।

२५. २०७६ पुस २२ गते समाचार संकलनका क्रममा जनकपुर उप-महानगरपालिकाका मेयर लालकिशोर साहले आफ्ना सहयोगी तथा नगरप्रहरी प्रयोग गरी नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष अनिल मिश्र, उज्यालो अनलाइन डटकमका पत्रकार सुवास कर्ण, देशसञ्चार डटकमका पत्रकार राजा झालाई आफ्नो सहयोगी तथा नगरप्रहरी प्रयोग गरी कुटपिट गर्नुका साथै कान्तिपुर टिभीका पत्रकार अमरकान्त ठाकुरलाई अपशब्द बोल्दै दुर्व्यवहार गरेका थिए ।

२६. २०७६ पुस ११ गते नयाँ पत्रिका र नेपाल टेलिभिजन हुम्लाका समाचारदाता नरजंग तामाङमाथि रिपोर्टिङका क्रममा आउँदै गर्दा हातपात प्रयास गर्दै दुर्व्यवहार भएको छ । हुम्लाको खार्पुनाथ गाउँपालिकाको कार्यालय नजिक सोही गाउँपालिकामा रहेको प्रभु बैंकका कर्मचारी रामजंग शाही र स्थानीय जगदीश हमालले समाचारको विषयलाई लिएर तामाङमाथि दुर्व्यवहार गरेका हुन् ।

२७. २०७६ पुस ६ गते नेपाल पत्रकार महासंघ बाँके शाखाका कार्यसमिति सदस्य संगीन शर्मालाई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का ५ नम्बर प्रदेश समिति सदस्य पुजन विश्वकर्माले गुण्डा लगाएर कुटपिट गरी घाइते बनाएका छन् । पुस ६ गते बाँकेको कोहलपुरस्थित युगयान दैनिकको कार्यालय अगाडि बोलाएर विश्वकर्माले पत्रकार शर्मालाई गुण्डा लगाई कुटपिट गराएका थिए ।

२८. २०७६ पुस १ गते रसुवाबाट सञ्चालित कालिका एफएम, नयाँ पत्रिका दैनिककी जिल्ला सम्वाददाता अनु आचार्यलाई मंसिर २९ गते कालिका एफएम तथा पुस १ गते नयाँ पत्रिका दैनिकमा प्रसारित/प्रकाशित समाचारको विषयलाई लिएर पटकपटक फोन तथा फेसबुकबाट धम्की दिइएको थियो ।

२९. २०७६ मंसिर २६ गते धरान- १२ स्थित सल्लेरी बचत तथा ऋण सहकारी संस्थामा बचत गर्नेहरू ठगिएको विषयमा गरिएको पत्रकार सम्मेलनमा ढिलो पुगेको भन्दै नेपाल पत्रकार महासंघ सुनसरी शाखा उपाध्यक्ष सन्तोष काफ्लेलाई एक समूहले आक्रमण गरेको छ । आक्रमणबाट काफ्लेको नाक भाँचिएको छ भने दाँया आँखामा गम्भीर चोट लागेको सिटी स्क्यानपछिको रिपोर्टमा जनाइएको छ । काफ्ले न्यूज २४ टेलिभिजनका प्रदेश १ का संयोजक हुन् ।

३०. २०७६ मंसिर २४ गते नागरिक दैनिकमा कार्यरत पत्रकार सुमन चापागाईलाई बिहान दशरथ रंगशाला परिसरमा प्रहरीले बिना पास आफ्ना आफन्तलाई रंगशालाभित्र प्रवेश गराउँदै गरेको तथा आधिकारिक पास लिएर समाचार संकलन गर्ने पत्रकार र खेल हेर्न जाने दर्शकलाई दुर्व्यवहार गर्दै गरेको तस्वीर खिच्ने क्रममा प्रहरी नायव उपरीक्षक सन्तोषसिंह राठौरको नेतृत्वमा रहेको प्रहरी टोलीले पत्रकार चापागाईमाथि लाठी प्रहार गरेका थिए । लाठी प्रहारबाट पत्रकार चापागाईको कानबाट रगत बगी त्रिपुरेश्वरस्थित ब्लुक्रस अस्पतालमा उपचार गरिएको थियो ।

३१. २०७६ मंसिर १८ गते नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सभासद् सन्तोष बराइली र नेपाल समाचारपत्र दैनिकका सिराहा सम्वाददाता शुभेन्दर दासलाई समाचार संकलनका क्रममा नेपाल भारत सीमास्थित जनकपुरधाम-जटही छोटी भन्सार कार्यालयमा कार्यारत नायव सुब्बा नवीनकुमार पाण्डेले दुर्व्यवहार गरेका थिए । सेवाग्राहीसँग भन्सार कार्यालयका कर्मचारीले खुल्लमखुल्ला पैसा असुली गरिरहेको दृश्य क्यामेरामा कैद गरिरहेको अवस्थामा पत्रकार बराइली र दासलाई नायव सुब्बा पाण्डेले एक्कासी क्यामेरा खोसेर दुर्व्यवहार गरेका थिए ।

३२. २०७६ मंसिर २१ गते नेपाल पत्रकार महासंघ कास्की शाखाका सदस्य तथा न्यूज २४ टेलिभिजनका पोखरा सम्वाददाता राजेन्द्रप्रसाद अधिकारीलाई समाचार लेखेको विषयमा कास्कीका प्रहरी प्रमुख एसपी दानबहादुर कार्कीले मानसिक तथा शारीरिक यातना दिने अभिप्रायले सादा पोशाकका प्रहरी खटाई निगरानी गरेको थियो । पोखराको विभिन्न ठाउँमा प्रहरीले चलाएको'जुवा अप्रेसन' को विषय न्यूज २४ टेलिभिजनमा समाचार प्रसारण गरेको भन्दै

प्रहरी प्रमुख एसपी कार्कीले पत्रकार अधिकारीको घर तथा कार्यालयमा सादा पोशाकका प्रहरी खटाएर मानसिक तथा शारीरिक यातना दिनुका साथै पत्रकार अधिकारीलाई पोखराबाट विस्थापित हुन बाध्य बनाएका थिए । पत्रकार अधिकारी केही समय नेपाल पत्रकार महासंघको संरक्षणमा बस्नुभएको थियो ।

३३. मिति २०७६ मंसिर १४ गते चितवनमा भएको उपनिर्वाचनको क्रममा समाचार संकलनमा चितवनस्थित कालिका मिडियाका समाचारप्रमुख राजु सापकोटा, पत्रकारद्वय महेन्द्रराज श्रेष्ठ र कृष्ण सुनुवारको क्यामेरामा कैद गरिएको सामग्री डिलिट गर्न लगाउँदै नेकपाका कार्यकर्ताले दुर्व्यवहार गर्दै क्यामेरामा कैद गरिएको सामग्री मेटाइदिएका थिए ।

३४. २०७६ असोज १६ गते रेडियो नेपाल सुर्खेतमा कार्यरत पत्रकार मुकुन्द भण्डारीलाई अपरिचित समूहले काठमाडौंको नयाँ बानेश्वरमा धम्की दिएको थियो । बाटोमा हिडिरहेको अवस्थामा अपरिचित व्यक्तिहरूले उनीमाथि ज्यान मार्ने धम्की दिएका थिए ।

३५. २०७६ असोज १७ गते हाम्राकुरा डटकमका सम्पादक एवं नेपाल पत्रकार महासंघका सदस्य अजयबावु शिवाकोटीलाई समाचारकै विषयमा अज्ञात व्यक्तिबाट पटकपटक धम्की दिइएको थियो । सभामुख कृष्णबहादुर महरासम्बन्धी एक महिलाको आरोप सम्बन्धी भिडियो प्रसारण गरेका शिवाकोटीलाई बारम्बार धम्की आएको जानकारी गराएका थिए ।

३६. २०७६ कार्तिक २३ गते योहो टेलिभिजनका समाचार प्रमुख शिव लम्सालललाई टेलिभिजनमा प्रसारित समाचारको विषयलाई लिएर ब्लुक्रस अस्पतालका सदस्य सचिव रजत श्रेष्ठले भौतिक कारबाहीको धम्की दिएकाथिए ।

३७. २०७६ साउन १ गते रेडियो नेपाल सुदूरपश्चिम प्रसारण केन्द्र दिपायलमा कार्यरत पत्रकारहरू सुनिता रावल, प्रकाश बम र चक्र कुँवरलाई बिना कारण रेडियो प्रशासनले निष्कासन गरेको छ ।

३८. २०७६ कार्तिक २ गते नेपाल पत्रकार महासंघ अछाम शाखाका सहसचिव तथा कान्तिपुर दैनिकको सम्वाददाता मेनका ढुंगानालाई समाचारको विषयलाई लिएर स्थानीय बम धामीले अपशब्द प्रयोग गर्दै सार्वजनिकरूपमा गालीबेइज्जती गरेकाथिए । स्थानीय दुई विद्यालयको भवन निर्माणका लागि चौरपाटी गाउँपालिकाले खोलेको टेण्डरका कागजात च्यातिएको विषयमा कान्तिपुर दैनिकमा समाचार प्रकाशित भएपछि कागजात च्यात्ने निज धामीले पत्रकार ढुंगानालाई सामाजिक सञ्जालमार्फत अपशब्द प्रयोग गर्दै गालीबेइज्जती गरेका थिए ।

३९. २०७६ असोज १० गते नेपाल पत्रकार महासंघ बाँके शाखाका संस्थापक अध्यक्ष लियाकत अलीमाथि अज्ञात समूहले आक्रमण गरी घाइते बनाएको तथा लुटपाट गरेको छ । महासंघ बाँके शाखाका अनुसार असोज १० गते साँझ घर जाने क्रममा बाटोमा अलीमाथि अज्ञात समूहले पछाडिबाट आक्रमण गर्नुका साथै उहाँको साथमा रहेको मोबाइल समेत लुटपाट गरेका थिए ।

४०. २०७६ भदौ २६ गते आर्थिक दैनिकका सम्पादक प्रल्हाद रिजाललाई गोरखाका वेदप्रसाद काप्रीले ज्यान मार्ने धम्की दिएकाथिए । भदौ २५ गते काठमाडौंको गैरीधारामा हिँडिरहेको अवस्थामा सम्पादक रिजाललाई बाटो छेकेर 'कुनै न कुनै रूपमा ज्यान लिने' भनी निज काप्रीले धम्क्याएका थिए ।

४१. २०७६ भदौं ३० गते रेडियो नेपालको प्रदेश प्रसारण केन्द्र दिपायलबाट निष्कासन गरिएका तीनजना पत्रकारलाई पुनर्वहालीको माग राखेर नेपाल पत्रकार महासंघले पटकपटक माग गरेपनि सुनवाई नभएपछि महासंघका कार्यवाहक अध्यक्ष विपुल पोखेलको नेतृत्वमा रेडियो नेपालको व्यवस्थापन पक्षसँग उक्त विषयमा वार्ता गरिएको थियो । वार्ताबाट समाधान दिनेतर्फ गम्भीर नभई वार्तालगत्तै रेडियो परिसरबाट निस्कदै गरेका महासंघका सचिव र केन्द्रीय सदस्यसहित ९ जना पत्रकारलाई प्रहरीले पक्राउ गरेको थियो । सिंहदरबार स्थित रेडियो नेपालको कार्यालयबाट निस्कदै गर्दा प्रहरीले हस्तक्षेप गरी रेडियो परिसरबाटै महासंघका सचिव रामप्रसाद दाहाल, केन्द्रीय सदस्यहरू यम विरही, जन्मदेव जैसी, मीन बमसहित पत्रकारहरू अजयबाबु शिवाकोटी, दिलीप पौडेल, महासंघ डोटी शाखाका अध्यक्ष योगेन्द्र बलायर र निष्कासित पत्रकारहरू प्रकाशबहादुर बम र चक्र कुँवरलाई पक्राउ गरेको थियो ।

४२. २०७६ भदौ ६ गते नेपाल पत्रकार महासंघ कास्की शाखा सदस्य तथा जनसञ्चार डटकमका सम्पादक ओम हमाललाई प्रहरीले पक्राउ गरेको थियो । महासंघ कास्की शाखाका अनुसार भदौं ६ गते विहान पोखराको शिशुबाट प्रहरीले पत्रकार हमाललाई पक्राउ गरेको हो ।

४३. २०७६ साउन २५ गते लेखक तथा साहित्यकार खेम थपलियालाई बागबजारस्थित जलजला मासिकको कार्यालयवाट प्रहरीले पक्राउ गरेको थियो ।

४४. मिति २०७६ साउन १७ गते सञ्चारखबर अनलाइनका सम्पादक एवं युट्युब च्यानल युथ अरोमाका सञ्चालक प्रकाशचन्द्र दाहालमाथि सांघातिक आक्रमण भएको छ । बागबजारस्थित अनलाइनको कार्यालयमा रहेका पत्रकार दाहालमाथि ४, ५ जनाको समूहमा आएका व्यक्तिले 'यही हो' भन्दै हेलमेटलगायतले कुटपिट गरेका थिए । कुटपिटबाट घाइते भएका पत्रकार दाहालको प्रदर्शनीमार्गस्थित मोडेल अस्पतालमा उपचार गरिएको थियो ।

४५. २०७६ साउन १० गते तनहुँ शुक्लागण्डकी नागरपालिका उपप्रमुख सविता रसाइलीले नगरपालिकाको सभाकक्षमा ढुङ्गा गिट्टीका बारेमा पत्रकार सम्मेलन गर्ने भन्दै पत्रकारमाथि अभद्र तरिकाले उत्रिनुका साथै पत्रकारलाई लाञ्छना लगाउदै दुर्व्यवहार गरेकी थिइन् ।

४६. २०७६ साउन ३ गते हाम्रोसवाल डटकमका सम्पादक अमृत बास्तोलालाई उक्त अनलाइनमा प्रकाशित समाचारको विषयलाई लिएर प्राथमिक स्वास्थ्य केन्द्र, संक्रान्ति तेह्रथुममा कार्यरत डाक्टर सन्तोषप्रसाद साहले साउन ३ गते फोनमार्फत् उक्त समाचार हटाउन दवाव दिदै धम्की दिएका थिए ।

४७. २०७६ साल साउन १ गते मकवानपुर शाखा सदस्य तथा तुखबर डटकममा कार्यरत पत्रकार बलराम पुडासैनीलाई समाचार लेखेकै कारण मकवानपुरगढीका स्ल्याब ढलान निर्माण उपभोक्ता समितिका अध्यक्ष रामप्रसाद घिमिरेले ज्यान मार्ने धम्की दिएका थिए ।

४८. २०७६ असार २१ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा कार्यरत प्रहरी हवल्दार सलामसिंह लामा र प्रहरी जवान विकाससिह स्याङतानले राति करिब ९ बजे नेपाल पत्रकार महासंघ सिन्धुलीका अध्यक्ष राजन कार्की र पूर्व अध्यक्ष मीनकुमार दाहाललाई ज्यान मार्ने उद्देश्यसहित कुटपिट गरेका हुन् । आक्रमणबाट गम्भीर घाइते भई बेहोस भएका कार्कीलाइ काठमाडौंको अन्नपूर्ण न्यूरो अस्पतालमा उपचार गरिएको थियो ।

४९. २०७६ असार १७ गते पाँचथरबाट प्रकाशित फिदिम टुडे दैनिकमा प्रकाशित समाचारलाई लिएर पाँचथर उद्योग वाणिज्य संघका अध्यक्ष र पूर्वअध्यक्षले सामाजिक सञ्जालमार्फत नकारात्मक टिप्पणी र प्रतिक्रिया दिएका थिए । उनीहरूले उक्त दैनिकको २०७६ असार १२ गतेको अंकमा प्रकाशित 'स्वार्थ समूहको चंगुलमा स्थानीय सरकार' शीर्षक समाचारलाई लिएर नकारात्मक टिप्पणी र प्रतिक्रिया व्यक्त गरेका थिए ।

५०. २०७६ असार १८ गते समाचार संकलनका क्रममा देउती एचडी टेलिभिजनका पत्रकारहरूलाई सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थामा अध्यक्ष कुलमणि देवकोटासहित कार्यालयका कर्मचारीहरूले दुर्व्यवहार गरेका थिए । समाचार संकलनका क्रममा सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्था पुगेका पत्रकारहरू बुद्धि सिंह ठकुरी, नवराज रोकाय र क्यामरापर्सन भीम परियारलाई हातपातसहित दुर्व्यवहार गरिएको थियो ।

५१. २०७६ असार २१ गते गोरखापत्र दैनिकमा कार्यरत पत्रकार शान्ति लामामाथि समाचार संकलनका क्रममा काठमाडौंको कीर्तिपुर नगरपालिका वडा नं. ५ स्थित भत्केपाटी जाखामा दुर्व्यवहार गरिएको थियो । लामा सार्वजनिक जग्गा अतिक्रमण गरी घर बनाइएको सूचनाका आधारमा स्थलगत रिपोर्टिङका लागि त्यहाँ पुग्दा केही व्यक्तिहरूले दुर्व्यवहार गरेका थिए ।

५२. २०७६ असार ५ गते समाचार संकलनका क्रममा सल्लेरी खवर डटकमका सम्पादक दिनेश बस्नेतमाथि शैलेस श्रेष्ठ, सन्जय लामासहितका समूहले सांघातिक आक्रमण गरेका थिए । आक्रमणबाट पत्रकार बस्नेतको टाउकोलगायत शरीरका विभिन्न भागमा चोटपटक लागेको थियो ।

५३. २०७६ जेठ २९ गते दिउँसो ४:३० बजे धुनषास्थित जिल्ला हुलाक कार्यालयमा धर्ना र तालाबन्दीमा रहेका पत्रकारमाथि प्रहरीले हस्तक्षेप गरी महासंघ प्रदेश नम्बर २ का सचिव आरएन विश्वास, महासंघ सप्तरी शाखाका उपाध्यक्ष श्यामसुन्दर यादव, महासंघका प्रदेश सभासदद्वय वैद्यनाथ यादव, नवीनकुमार गुप्ता, सप्तरी शाखाका कार्यसमिति सदस्य भूषणकुमार सिंह र विन्दु यादवलगायत सदस्यहरू धर्मपाल राउत, गोपाल गुप्ता र परिस कर्णसहित ९ जना पत्रकारलाई पक्राउ गरेको थियो ।

५४. २०७६ जेठ २१ गते राति महासंघ धनकुटा शाखाका सदस्य दिलबहादुर (आशीष) राईलाई ४/५ जनाको अज्ञात समूहले धरानस्थित डिवीआर अनलाइन टेलिभिनको कार्यालयमा काम गरिरहेको अवस्थामा कुटपिट गर्दा पत्रकार राईको टाउकोमा गम्भीर चोट लागेको थियो । पत्रकार राईको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरिएको थियो ।

५५. २०७६ जेठ २१ गते सुनसरीको इटहरी उपमहानगरपालिकाका प्रमुख द्वारिकलाल चौधरीले आफ्नो विरूद्ध समाचार लेखेको भन्दै प्रदेश पोर्टलडटकमका पत्रकार विराट अनुपम (गौतम) सहित समग्र पत्रकारिता क्षेत्रलाई धम्की दिनुका साथै गालीगलौज गरेका थिए ।

५६. २०७६ जेठ ८ गते इटहरी उपमहानगरपालिकाका मेयर द्वारिकलाल चौधरीद्धारा समाचार संकलन गर्ने क्रममा पत्रकारमाथि दुर्व्यवहार गरेका थिए । मेयर द्वारिकद्धारा कर्मचारी कुटिएको खबर प्राप्त हुनासाथ समाचार संकलनको लागि प्रतिक्रिया लिन पुगेका पत्रकारद्धय विकल रेग्मी र कृष्णबहाव भट्टराईलाई गालीगलौज गर्दै हप्काएका थिए ।

५७. २०७६ जेठ ६ गते दिउँसो करिब ३ बजेतिर नेपाल पत्रकार महासंघ कालिकोटका सदस्य एवं हाम्रो कर्णाली खबर दैनिकका कार्यकारी सम्पादक र थाहा खबर कालिकोट सम्वाददाता मीनबहादुर रावललाई नराहिनाथ गाउँपालिकाको गाडी दुरूपयोग बारेको समाचार प्रकाशन गरेको भन्दै सोही गाँउपालिका अध्यक्ष धीरबहादुर विष्टका छोरा विशाल विष्टले ज्यान मार्ने धम्की दिएका थिए ।

५८. २०७६ बैशाख ३० गते एभिन्यूज टेलिभिजनमा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग पत्रकार सुशील पाण्डेद्वारा लिइएको अन्तर्वार्तालाई लिएर पत्रकार पाण्डेलाई विष्णुजंग बस्नेत नामका व्यक्तिले ९८५१००५१८० नम्बरको मोबाइलबाट फोन गरी ज्यान मार्ने धम्की दिएका थिए भने सोही विषयलाई लिएर समाजवादी पार्टी नेपालका कार्यकर्ताहरूले एभिन्यूज टेलिभिजनको वीरगञ्ज कार्यालयमा आक्रमण र तोडफोड गरेका थिए ।

५९. २०७६ बैशाख २२ गते नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयमा मिडिया काउन्सिल विधेयक दर्ता, उक्त विधेयकमा पत्रकार आचारसंहिता उल्लंघन गर्दा पत्रकारलाई १० लाखसम्म जरिवाना र क्षतिपूर्ति तिराउने लगायत प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने प्रावधान । उक्त विधेयकविरूद्ध महासंघद्वारा देशव्यापी आन्दोलनका कार्यक्रम सार्वजनिक ।

६०. २०७६ बैशाख २२ गते, धनगढीस्थित दिनेश एफएमका सम्वाददाता जनक विष्टमाथि त्रिनगर माध्यमिक विद्यालयले सटर भाडामा लगाएको बारेमा समाचार संकलनका क्रममा व्यापारी तेजेन्द्र थापाले पत्रकार विष्टलाई गालीगलौज गर्दै आक्रमण गरेका थिए । आक्रमणका कारण पत्रकार विष्टलाई सामान्य चोट लागेको थियो ।

# 'महिला पत्रकार साँस्कृतिक महोत्सव २०७६' सम्पन्न

काठमाडौं । ११०औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर नेपाल पत्रकार महासंघ, केन्द्रीय महिला समितिले 'महिला पत्रकार साँस्कृतिक महोत्सव २०७६' आयोजना गरेको छ । कार्यक्रममा वरिष्ठ महिला पत्रकार, महासंघका प्रदेश समितिका महिला उपाध्यक्ष, महिला फोटो पत्रकार तथा सगरमाथाको सफल आरोहण गर्ने महिला पत्रकारहरुलाई सम्मान गरेको छ । कार्यक्रममा गीत, गजल तथा नृत्यतर्फ उत्कृष्ट हुने पत्रकारहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले सम्मानित पत्रकारहरुलाई बधाई दिँदै पत्रकारिता क्षेत्रमा महिला पत्रकारको संख्या कम रहेको भएतापनि पेशाप्रतिको आकर्षण बढ्दै गएको बताउनुभयो । मन्त्री भट्टराईले थप कार्ययोजनाका साथ अघि बढ्नु पर्ने बताउँदै महिला पत्रकारहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा आवश्यक सहयोगका लागि सहकार्य गर्न सरकार तयार रहेको बताउनुभयो ।

राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशि श्रेष्ठले महिला पत्रकारको समस्या समग्र महिलाहरुको समस्या रहेको भन्दै त्यसको समाधानका लागि पत्रकारहरुलाई रचनात्मक ढंगले सुझाव दिन आग्रह गर्नुभयो । उहाँले नीति निर्माण गर्ने ठाउँमा महिला प्रतिनिधित्व अझै कम रहेको भन्दै सबैले आ-आफ्नो स्थानबाट दवाव सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा जनगायक जेवी टुहुरे, जीवन शर्मा र आधुनिक गायक थानेश्वर गौतमले गीत प्रस्तुत गनुभएको थियो ।

कार्यक्रममा बरिष्ठ महिला पत्रकारहरु निर्मला आचार्य, सुषमा गौतम, किरणप्रभा तुलाधर, रीता गुरुङ, सरस्वती शर्मा, रोशना तुलाधर, बेन्जु सरोज, सम्झना कर्माचार्य, मञ्जु मिश्र, रचना श्रेष्ठ, रमिता लामा, उषा लोहनी, संगीता लामा, बिनिता चौधरी, यशोदा तिम्सिना, मन्टेश्वरी राजभण्डारी, राधा बुढाथोकी, पुनम पौडेल,.गंगा बराल, निर्मला शर्मा, बबिता बस्नेत, हरिकला अधिकारी, सुचित्रा श्रेष्ठ, रश्मिला प्रजापति, नम्रता शर्मा, कुसुम बज्राचार्य, संगीता बर्मा, शुभेच्छा विन्दु, डम्मर आचार्य, मन गहिरे, मीना तिवारी, बाला अधिकारी, अस्मिता भण्डारी, कोमल वलीलाई सम्मान गरिएको थियो ।

त्यस्तै सम्मानित हुने फोटो पत्रकारहरुमा उषा तितिक्षु, सुनिता डंगोल, उमा विष्ट, बिजु महर्जन, लक्ष्मी श्रेष्ठ, रेजिना मल्ल, ममता कोइराला, कविता थापा, बर्षा शाह, प्रतिक्षा काफ्ले, रेखा शाक्य, पूर्णिमा श्रेष्ठ, प्रेरणा लक्ष्मी शाक्य, निशा भण्डारी, चन्द्रकला क्षेत्री रहनुभएको छ ।

यस्तै, यशोदा अधिकारी,उषा लोहनी, ज्योति अधिकारी, निरु गौतम, लक्ष्मी पौडेल, सम्झना पौडेल, सरिता चलाउने, मिमन बुढाथोकी, आस्था केसी लगायतले गजल तथा कविता प्रस्तुत गर्नुभएको थियो । कविता तथा गजलतर्फ प्रथम आस्था केसी, द्वितीय यशोदा अधिकारी र तृतीय सम्झना पौडेल हुनुभएको थियो । नृत्यतर्फ प्रथम सृष्टि काफ्ले, द्वितीय सतिदेवी सुवेदी र तृतीय कविता अधिकारी हुनुभएको थियो ।









# कोरोना COVID-19 का बारेमा समाचार सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने कुराहरू

## पत्रकार र सञ्चारमाध्यमका लागि नेपाल पत्रकार महासंघद्वारा जारी जरूरी सूचना

**पत्रकार कोरोना संक्रमणविरूद्ध अग्रपंक्तिका योद्धा हुन्, सुरक्षित रही सही सूचना सम्प्रेषण गरौं ।**

**कोरोना COVID-19 का बारेमा समाचार सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने कुराहरू ।**

» COVID-19 भन्नाले CO = Corona, Vi = Virus, D = Disease र 19 भन्नाले २०१९ मा उत्पन्न भाइरस हो । यसको नामाकरण गर्दा नै कसैमाथि लाञ्छना नलाग्ने गरी गरिएको हो । त्यसैले यस भाइरसलाई कुनै देश, क्षेत्र वा समुदायसँग मात्र जोडेर लेख्ने, बोल्ने, देखाउने नगरौं ।

» आममानिसले बुझ्ने सजिलो भाषामा कोरोना संक्रमणसम्बन्धी सत्य तथ्य सूचना सम्प्रेषण गर्दा उनीहरूको बुझाई सुध्रिने र त्रास कम हुने वातावरण बन्छ । आधा अधुरो जानकारीले त्रास र संक्रमितप्रति विभेद बढाउने काम मात्र गर्छ । त्यसैले आधिकारिक स्रोत र विषयविज्ञहरूबाट मात्र सूचना लिऔं । सामाजिक सञ्जालमार्फत् पनि यस्ता सूचना प्रवाहित गरौं । हामीले दिने सही सूचनाले धेरैतिरबाट आउने गलत सूचनाको प्रतिकार हुन सक्छ ।

» कोरोना भाइरसका बारेमा प्रसस्त चर्चा गरौं, सूचना लिउँ र दिउँ । कोरोना भाइरस लागेका वा लागेको हुन सक्ने पर्याप्त सम्भावना भएका मानिसहरूका बारेमा लेखौं । तर, कसैलाई पनि कोरोना भाइरसको शंका भएकै आधारमा शंकास्पद कोरोना संक्रमित जस्ता शब्द प्रयोग नगरौं । संक्रमितको व्यक्तिगत गोपनियतामा असर पुग्ने गरी समाचार सम्प्रेषण नगरौं ।

» कसैलाई कोरोना लागेको छ वा कोरोनाको सम्पर्कमा आएका छन् भन्ने स्पष्ट आधार र प्रमाण छ भने लेखौं । तर, कसैलाई पनि उसका कारणले कोरोना सर्न सक्ने वा उसले कोरोना फैलाउन सक्ने भन्ने जस्ता लाञ्छना नलगाऔं । कसैलाई अपराधिकरण गर्ने वा लाञ्छना लगाउने भाषाले त्यो व्यक्ति वा समुदायले आफूले गल्ती गरेको वा आफू अपराधी भएको महसुस गर्न सक्छ । हामीले लाञ्छना लगाउँदा कसैलाई थप मानसिक पीडामा पारिरहेका हुनसक्छौं भन्ने कुराको ख्याल गरौं ।

» वैज्ञानिक तथ्य र तथ्याङ्कका आधारमा मात्र कोरोना भाइरसका बारेमा लेख्ने गरौं । कुनै पनि अनाधिकृत सूचना वा हल्लाहरूलाई सञ्चार माध्यममा स्थान नदिऔं र आफ्ना व्यक्तिगत सामाजिक सञ्जालहरूमा पनि शेयर नगरौं । सरकार तथा अन्य आधिकारिक स्वास्थ्य निकायहरूले दिएका सुझावहरूलाई पालना गरौं र आधिकारिक सूचना मात्रै सम्प्रेषण गरौं ।

» कोरोना भाइरस रोकथाम तथा उपचारका बारेमा सकारात्मक समाचारहरूलाई प्राथमिकता दिऔं । साना साना कदमहरूले मात्रै पनि हामी आफू र सबैलाई सुरक्षित राख्न सक्छौं । सकारात्मक समाचारहरूले मानिसको मनोबल बढाउन सक्छ । नकारात्मक सन्देश तथा त्रास फैलाउन सक्ने सूचनाहरू सम्प्रेषण नगरौं ।

» संक्रमणको महामारी (Epidemic) भन्दा सूचनाको महामारी (Infodemic) चाँडो फैलन्छ । यसले मानिसहरूमा त्रासको वातावरण सृजना गर्छ भने संक्रमित र बढी संक्रमण देखिएका क्षेत्रका मानिसहरूप्रति भेदभावको अवस्था पनि सृजना हुनसक्छ । संक्रमणमा परेका व्यक्ति वा बढी प्रभावित समुदाय वा क्षेत्रलाई हामी सबैको सहयोगको खाँचो छ । सबैभन्दा जोखिममा रहेका समुदाय र व्यक्तिको सुरक्षाका लागि अन्य निकायसँग सहकार्य आवश्यक छ ।

» कोरोना भाइरसको संक्रमणबाट बच्नका लागि गर्नुपर्ने प्रभावकारी रोकथामका उपायहरूका बारेमा सूचना सम्प्रेषण गरौं । साथै, सीघ्र स्वास्थ्य जाँच र उपचारले हुने फाइदाका बारेमा पनि प्रकाशन प्रसारण गरौं ।

» गलत सूचना प्रवाह, बुझाईमा कमजोरी र अतिरञ्जनापूर्ण प्रचारले एकातर्फ विभेद र लाञ्छनाको अवस्था सृजना गरिरहेको हुन्छ भने अर्कातिर संक्रमण रोकथामका लागि हुने कामहरूमा बाधा पुऱ्याइरहेको छ । यस्तो अवस्थामा मानिसहरू आत्तिनु स्वभाविक हो तर गलत प्रचारले त्रासलाई झन् बढी फैलाइरहेको छ । त्यसैले संक्रमणबारे सत्यतथ्य बुझ्ने प्रयास गरौं र अरूलाई पनि बुझाऔं । रोकथामका उपायहरूको प्रचार प्रसार गरौं । साथै चाँडो जाँच र उपचार गर्दा जीवन जोगिने कुरा पनि सबैलाई बताऔं ।

» संक्रमणलाई थप फैलिनबाट रोक्न र बढी संक्रमणमा रहेका समुदाय वा क्षेत्रमाथि हुनसक्ने अस्वाभाविक विभेद कम गर्न संचार क्षेत्रको भूमिका महत्वपूर्ण छ । त्यसैले संक्रमणमा परेका व्यक्ति, समुदाय वा क्षेत्रका बारेमा सकारात्मक सूचना सम्प्रेषण गरौं । उनीहरूका मानवीय पक्ष र विषयहरूलाई समाचारको विषयवस्तु बनाऔं । साथै संक्रमणविरूद्ध अग्रभागमा रहेका (स्वास्थ्यकर्मी, स्वयंसेवी, आदि) प्रति सहयोग पुग्ने र उनीहरूलाई प्रोत्साहन हुने खालका समाचार सम्प्रेषण गरौं ।

» त्रास होइन तथ्यले मात्र संक्रमण रोक्न सहयोग पुग्छ । त्यसैले संक्रमणका बारेमा सत्य तथ्य समाचार मात्र प्रकाशन, प्रसारण गरौं र भ्रामक सामग्रीलाई खण्डन गर्ने खालका सूचना सम्प्रेषण गरौं ।

» शब्द प्रयोगमा ध्यान दिऔं । हामीले समाचार दिने तरिकाले अरूको व्यवहारलाई प्रभाव पारिरहेको हुनसक्छ ।

» कोरोना प्रभावित भई निको भइसकेका व्यक्तिहरू, आफूलाई सुरक्षित राख्दै कोरोना प्रभावितहरूको उपचार र हेरचाहमा संलग्नहरूका समाचार र अनुभूति प्रकाशन प्रसारण गर्दा कोरोना लागि हालेपनि निको हुनसक्छ भन्ने सन्देश जान्छ । कोरोनाको उपचार र रोकथाममा संलग्न स्वास्थ्यकर्मी र अग्रपंक्तिमा काम गर्ने अन्य अहिलेका 'हिरो' हुन् । उनीहरूलाई सम्मान गरौं र उनीहरूका सकारात्मक समाचार सामग्री सम्प्रेषण गरौं ।

» कोरोनाको महामारी फैलिनबाट रोक्न र यस प्रक्रियामा योगदान गरेका नागरिक, नागरिक संस्था, सरकारले गरेका सकारात्मक कार्यहरूलाई मिडियामा उचित स्थान दिने गरौं, यसले अन्य व्यक्ति र निकायलाई पनि यस प्रक्रियामा लाग्न प्रोत्साहन गर्न सकोस् ।

**अन्त्यमा, आफू सुरक्षित रही समाचार सम्प्रेषण गरौं**

- कार्यस्थल (कार्यालय वा फिल्ड) मा जाँदा रोकथामका आधारभूत उपायहरू अपनाऔं ।
- सकेसम्म इमेलमार्फत् रिपोर्ट फाइल गरौं ।
- सञ्चारगृहहरूले सम्भव भएसम्म घरबाटै काम गर्ने वातावरण मिलाऔं
- अत्यावश्यक बाहेकका भेटघाटहरू नगरौं
- समय समयमा साबुन पानीले हात धुने गरौं ।
- अनावश्यक रूपमा हातले आँखा, नाक मुख छुने नगरौ ।
- भेटघाटमा हात मिलाउने अंकमाल गर्ने भन्दा नमस्कार गर्ने गरौं ।
- सकेसम्म भिडभाड हुने स्थानहरूमा नजाऔं ।
- श्रोतहरूसँग सूचना लिंदा सकेसम्म टेलिफोन वा अनलाइन माध्यमको प्रयोग गरौं ।
- सरकार वा आधिकारिक निकाय तथा संस्थाहरूले जारी गर्ने सूचना र जानकारीलाई आधार मानौं ।

(यो सामग्री विश्व स्वास्थ्य संगठनले तयार गरेको "Social Stigma Associated with COVID-19 A guide to preventing and addressing social stigma" मा आधारित रहेर नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयले तयार गरेको हो । यो सामग्री नेपाल पत्रकार महासंघले महासंघका सदस्य तथा सबै संचारकर्मीहरूलाई उपयोगी हुने ठानी जानकारी तथा प्रयोगको लागि वितरण गरिएको छ ।)